## सुनापति गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

## हिलेदेबी, रामेछाप

# दिगो विकास लक्ष्यको स्थानीयकरण योजना



अन्तिम प्रतिवेदन, असार २०८१

# समृद्ध, उद्यमी, सुखी सुनापति:
# कृषि, पर्यटन र शिक्षा हाम्रो सम्पत्ति

## सुनापति गाउँपालिकाको
## दिगो विकास लक्ष्यको
## स्थानीयकरण योजना

## विषय सूची

तालिका सूची ........ ग
चित्र सूची ........ ग
फोटो सूची ........ ग
नक्सा सूची ........ ग

परिच्छेद १ : दिगो विकासको लक्ष्य (SUSTAINABLE DEVELOPMENT GOALS) परिकल्पना ........ १
१.१ परिचय ........ १
१.२ दिगो विकास लक्ष्य (SUSTAINABLE DEVELOPMENT GOALS) ........ १
१.३ दिगो विकास लक्ष्य कार्यान्वयनमा नेपाल सरकारको प्रतिवद्धता ........ ३
१.४ दिगो विकासका लक्ष्य्यहरूको कार्यान्वयनमा स्थानीय तहको भूमिका ........ ४
१.५ स्थानीय तहका लागि संविधानको अनुसूची ८ ले दिएका अधिकारहरूसँग दिगो विकास लक्ष्यहरूको अन्तरसम्बन्ध ........ ५
१.६ दिगो विकास लक्ष्यको स्थानीयकरण ........ ८
१.७ दिगो विकास लक्ष्य्य अनुकूलको स्थानीय आवधिक योजना तर्जुमा ........ ९
१.८ दिगो विकास लक्ष्य्य कार्यान्वयनमा मध्यमकालीन खर्च संरचना, वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा ........ ९
१.९ . उद्देश्य ........ १०
१.१० प्रतिवेदन तयारी विधि तथा प्रक्रिया ........ १०
१. १०.१ मार्गचित्र तयारी बैठक ........ ११
१.१०.२ तर्जुमाका आधारहरु ........ ११
१.१०.३ प्रारम्भिक प्रतिवेदन तथा कार्ययोजना पेश ........ १२
१.१०.४ दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र सम्बन्धी दस्तावेजको मस्यौदा तयारी ........ १२
१.१०.५ मस्यौदा प्रतिवेदन स्तुति तथा सुझाब सङ्कलन ........ १२
१.१०.६ अन्तिम प्रतिवेदन तयारी तथा पेश ........ १२
१.१०.७ योजना तर्जुमाका सीमाहरु ........ १२

परिच्छेद २. विकासको वर्तमान स्थिति र दिगो विकास लक्ष्यको आधार अवस्था ........ १३
२.१ गाउँपालिकाको संक्षिप्त परिचय ........ १३
२.२ राजनीतिक तथा प्रशासनिक संरचना र भौगोलिक अवस्था ........ १३
२.३ गाउँपालिकाको आवधिक योजनाको मार्गचित्र ........ १५
२.३.१ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ........ १५
२.४ समृद्धिका सात मुख्य सम्वाहकहरू ........ १६
२.५ आवधिक योजनाको अवधि (आ.व. २०८१/०८२- २०८५/०८६) कुल लगानी प्रक्षेपण ........ १८
२.६ यथार्थ आय तथा प्रक्षेपण ........ १९
२.७ सहकारी क्षेत्रको स्रोत परिचालन ........ २०
२.८ नीजि क्षेत्रको स्रोत परिचालन ........ २१

परिच्छेद ३ : प्रमुख क्षेत्रको विश्लेषण र दिगो विकास लक्ष्यको स्थानीयकरण ........ २२
३.१ दिगो विकास सान्दर्भिक सूचकहरू ........ २२
३.२ दिगो विकास लक्ष्य कार्यान्वयनका खाकाहरु ........ २२
३.२.१ आर्थिक विकाससँग जोडिएको क्षेत्राधिकार (दिगो विकास लक्ष्यहरु १, २, ८, १०) ........ २३
३.२.२ सामाजिक विकास विकाससँग जोडिएको क्षेत्राधिकार (दिगो विकास लक्ष्यहरु ३, ४, ५, ६) ........ २४

३.२.३ पूर्वाधार विकास विकाससँग जोडिएको क्षेत्राधिकार (दिगो विकास लक्ष्यहरु ७, ९, ११) .............. २४
३.२.४ वन-वातावरण संरक्षण, जलाधार व्यवस्थापन जलवायु परिवर्तन, अनुकुलन विकास विकाससँग जोडिएको क्षेत्राधिकार (दिगो विकास लक्ष्यहरु १२, १३, १४, १५) .......... २५
३.२.५ संस्थागत विकास तथा सुशासन विकाससँग जोडिएको क्षेत्राधिकार (दिगो विकास लक्ष्यहरु १६, १७) .......... २६

परिच्छेद ४ : सुनापति गाउँपालिकामा दिगो विकास लक्ष्यको वर्तमान अवस्थाको विश्लेषण .................... २७
४.१ गरिबीको अवस्था (लक्ष्य १)........ २७
४.२ कृषिको अवस्था (लक्ष्य २)........ २७
४.३ स्वाथ्य तथा पोषण (लक्ष्य ३) ........ २९
४.४ शिक्षाको अवस्था (लक्ष्य ४)........ ३०
४.५ लैङ्गिक समानता (लक्ष्य ५)........ ३२
४.६ खानेपानी तथा सरसफाइ (लक्ष्य ६)........ ३३
४.७ खर्चले धान्न सकिने स्वच्छ उर्जा (लक्ष्य ७) ........ ३४
४.८ उद्योग, मर्यादित श्रम तथा आर्थिक वृद्धि (लक्ष्य ८) ........ ३५
४.९ पूर्वाधार (लक्ष्य ९)........ ३६
४.१०. असमानता न्यूनीकरण (लक्ष्य १०)........ ३७
४.११. सुरक्षित आवास, दिगो सहर र समुदायहरू (लक्ष्य ११) ........ ३८
४.१२. जिम्मेवार उपभोग तथा उत्पादन (लक्ष्य १२)........ ३९
४.१३ जलवायु उत्थानशिलता (लक्ष्य १३)........ ३९
४.१४ वन, जल तथा वातावरण (लक्ष्य १४)........ ४०
४.१५ पारिस्थितिकीय प्रणालीको संरक्षण भूक्षय नियन्त्रण १५)........ ४१
४.१६ सुशासन र सशक्त संस्थाहरू........ ४२
४.१७ दिगो विकास लक्ष्यका लागि साझेदारी (लक्ष्य १७)........ ४२

परिच्छेद ५. दिगो विकास लक्ष्यको स्थानीयकरणको लागि सुनापति गाउँपालिकाको ५ वर्षे कार्ययोजना २०८१/८५-२०८५/८६ ........ ४४

परिच्छेद ६. दिगो विकास लक्ष्य कार्यान्वयन र नीतिगत आधार, अनुगमन तथा मुल्याङ्कन..................... ८२
६.१ कार्यान्वयन गर्ने ........ ८२
६.२ अनुगमन गर्ने ........ ८३
६.३ समन्वय, सहकार्य र साझेदारी ........ ८३
६.३.१ सङ्घीय र स्थानीय सरकारबीच साझेदारी ........ ८३
६.३.२ प्रदेश र स्थानीय सरकारबीच साझेदारी........ ८३
६.३.३ सार्वजनिक, निजी र नागरिक (समुदायहरू) बीच साझेदारी ........ ८४
६.४ दिगो विकास लक्ष्य कार्यान्वयन समिति ........ ८४

## अनुसूची

**अनुसूची १ : माईन्यूट**
**अनुसूची २ : फोटो**

# तालिका सूची


तालिका १ : दिगो विकास लक्ष्यका कार्यसूची अन्तर्गतका १७ वटा लक्ष्यहरु .................................... २
तालिका २ : दिगो विकासका प्रमुख क्षेत्र तथा उपक्षेत्र .................................... ५
तालिका ३ : अनुसूची ८ मा उल्लेखित अधिकारसँग मेल खाने दिगो विकास लक्ष्यहरु .................................... ५
तालिका ४ : पन्ध्रौं योजनामा समाविष्ट दीर्घकालीन राष्ट्रिय लक्ष्य र दिगो विकास लक्ष्य .................................... ६
तालिका ५ : स्थानीय तहको अधिकार तथा दिगो विकास लक्ष्य बीचको सम्बन्ध .................................... ७
तालिका ६ : वडागत जनसङ्ख्या, क्षेत्रफल तथा जनघनत्व .................................... १३
तालिका ७ : सुनापति गाउँपालिकाको भू-उपयोग अवस्था .................................... १४
तालिका ८ : परिमाणात्मक लक्ष्यहरु .................................... १६
तालिका ९ : विषय क्षेत्र अनुसार आवश्यक बजेट सारांश .................................... १९
तालिका १० : सुनापति गाउँपालिकाको अन्तिम ३ आर्थिक वर्षको आयको अवस्था (हजारमा) .................................... २०
तालिका ११ : सुनापति गाउँपालिकाको आगामी ५ वर्षको आयको अनुमानित प्रक्षेपण (हजारमा) .................................... २०


# चित्र सूची


चित्र १ : दिगो विकास लक्ष्यका ५ स्तम्भ .................................... १
चित्र २ : दिगो विकासका लक्ष्यहरु .................................... ७
चित्र ३ : दिगो विकासका लक्ष्यहरु (१७ वटा लक्ष्यहरु) .................................... २३


# फोटो सूची


फोटो १ : सुनापति गाउँपालिकाको कृषि क्षेत्र .................................... २८
फोटो २ : सुनापति गाउँपालिकाको स्वास्थ्य संस्थाहरु .................................... २९
फोटो ३ : सुनापति गाउँपालिकाको शिक्षण संस्थाहरु .................................... ३१
फोटो ४ : आर्थिक वृद्धिका माध्यम .................................... ३५
फोटो ५ : गाउँपालिकामा पूर्वाधारको अवस्था .................................... ३६
फोटो ६ : गाउँपालिकामा आवासको अवस्था .................................... ३८


# नक्सा सूची


नक्सा १ : सुनापति गाउँपालिकाको अवस्थिति नक्सा .................................... १४
नक्सा २ : सुनापति गाउँपालिकाको विद्यमान भू-उपयोग नक्सा .................................... १५

## परिच्छेद १ : दिगो विकासको लक्ष्य (Sustainable Development Goals) परिकल्पना

### १.१ परिचय

शान्ति र समृद्धिका लागि विश्वव्यापी रूपमा सहमति गरिएको विकासको खाका नै दिगो विकासको लक्ष्य हो । यसलाई संयुक्त राष्ट्र सङ्घका सम्पूर्ण सदस्य राष्ट्रको सामूहिक प्रयास र प्रतिवद्धताका आधारमा सन् २०१५ मा घोषणा गरिएको हो। जसले सन् २०३० सम्ममा सबै प्रकारका गरिबीको उन्मूलन गरि मानव समुदाय र पृथ्वीको वहुपक्षीय र दिगो विकास समान, न्यायपूर्ण र सुरक्षित विश्व निर्माण गर्ने परिकल्पना गर्दछ । नेपाल पनि दिगो विकास लक्ष्यहरूको पक्ष राष्ट्र हो । निश्चित समयमा यो लक्ष्य प्राप्तिको लागि नेपालस्थित संयुक्त राष्ट्र सङ्घको कार्यालयले सन् २०३० सम्म दिगो विकास लक्ष्यहरु हासिल गर्नका लागि सरकार, नागरिक समाज, समुदाय र अन्य सरोकारवालासँग मिलेर काम गरिरहेको छ । जम्मा १७ दिगो विकासका लक्ष्य तथा १६९ सहायक लक्ष्यहरु साथ एजेन्डा २०३० तय गरिएको छ । १६९ परिमाणात्मक गन्तव्य र २३२ वटा सूचक रहेका छन् । राष्ट्रिय योजना आयोगले नेपालको वस्तुगत यथार्थतालाई पनि समेट्ने गरि २४७ वटा सूचकहरू थप गरि ४७९ सूचकहरू निर्धारण गरेको छ ।

नेपालको संविधान २०७२ र दिगो विकास लक्ष्य दुबैले 'विकासलाई "मानव केन्द्रित" अवधारणाबाट हेरेका छन्। नेपालका तीनै तहका सरकारहरूको एकल तथा साझा अधिकार सूचीको व्यवस्था गरि सहकारिता, समन्वय र सहअस्तित्वमा आधारित सङ्घीय शासन व्यवस्थाको सिद्धान्त अवलम्बन गरेको छ । सरकारको एकल प्रयासले मात्र दिगो विकास लक्ष्य हासिल गर्न सम्भव छैन । तसर्थ, सबै तहका सरकार जिम्मेवारी निकाय, निजी क्षेत्र, गैरसरकारी क्षेत्र, नागरिक समाज, समुदाय सबैको लक्ष्यमा पुग्न साझेदारी आवश्यक ठानेको छ । स्थानीय क्षेत्रको वातावरणीय संरक्षण, स्थानीय पूर्वाधार विकास, सेवा प्रवाह र विकासको कार्यन्वयन पक्ष स्थानीय तहको कार्यक्षेत्रमा पर्ने भएकोले दिगो विकास लक्ष्य हासिल गर्न यसको स्थानीयकरण गर्ने महत्वपूर्ण अभिभारा समेत स्थानीय तहमा रहन गएको छ ।

### १.२ दिगो विकास लक्ष्य (Sustainable Development Goals)

हाम्रो पृथ्वीले धान्न सक्ने क्षमताको सीमा भित्र रहेर पृथ्वीमा बसोवास गर्ने मानव समुदायको समृद्धिको निम्ति विश्व समुदायले अवलम्बन गरेको विकासको विश्वव्यापी साझा खाका नै दिगो दिगो विकासको लक्ष्य हो । दिगो विकास लक्ष्यका देहायका पाँच वटा स्तम्भ रहेका छन् ।

- **पृथ्वी (Planet)** : भावी पुस्ताका लागि हामी बस्ने पृथ्वीमा रहेको वातावरण, प्राकृतिक साधन र स्रोतहरूलाई विकास र संरक्षण गर्ने ।
- **मानव (People)** : विश्वका हरेक भागबाट सबै प्रकारका गरिवी र भोकमरीको अन्त्य गर्ने, मर्यादा एवम् समानता कायम गर्ने ।




*चित्र १ : दिगो विकास लक्ष्यका ५ स्तम्भ*

- **समृद्धि (Prosperity) :** प्रकृतिसँग सामानजस्यता कायम गरि समृद्ध र समुन्नत मानव जीवनको पक्षमा सुनिश्चितता गर्ने ।
- **शान्ति (Peace) :** शान्तिपूर्ण, न्यायपूर्ण, समन्यायीक र समावेशी समाजको निर्माण गर्ने ।
- **साझेदारी (Partnership) :** सशक्त विश्वव्यापी साझेदारी द्वारा दिगो विकासका लागि उठाएका मुद्दाहरूको कार्यान्वयन गर्ने ।

सन् २०१५ मा संयुक्त राष्ट्र सङ्घका सबै सदस्य राष्ट्रबाट अनुमोदन भई सन् २०३० सम्ममा हासिल गर्ने गरि विश्वव्यापी रुपमा जारी गरिएको दिगो विकास लक्ष्यका कार्यसूची अन्तर्गत १७ वटा लक्ष्यहरु:

*तालिका १ : दिगो विकास लक्ष्यका कार्यसूची अन्तर्गतका १७ वटा लक्ष्यहरु*

| क्र.सं | लक्ष्य |
|---|---|
| १ | सबै क्षेत्रबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने |
| २ | सबै क्षेत्रबाट सबै प्रकारका गरिबी र भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषि प्रवर्द्धन गर्ने, अन्त्य गर्ने |
| ३ | सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने |
| ४ | समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने |
| ५ | लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउने |
| ६ | सबैका लागि स्वच्छ खानेपानी र सरसफाइको उपलब्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने |
| ७ | किफायती, विश्वसनीय, दिगो र आधुनिक ऊर्जामा सबैका लागि पहुँच सुनिश्चित गर्ने |
| ८ | भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनशिल रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने |
| ९ | उत्थानशील पूर्वाधारको निर्माण, समावेशी र दिगो औद्योगीकरणको प्रवर्द्धन र नविन खोजलाई प्रोत्साहन गर्ने |
| १० | मुलुकभित्र तथा मुलुकहरू बीचको असमानता घटाउने |
| ११ | सहर तथा मानव बस्तिहरू समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने |
| १२ | दिगो उपभोग र उत्पादन प्रणाली सुनिश्चित गर्ने |
| १३ | जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्न तत्काल पहल थाल्ने |
| १४ | दिगो विकासका लागि महासागर, समुद्र र समुद्री साधन स्रोतहरूको संरक्षण र दिगो प्रयोग गर्ने |
| १५ | पारिस्थितिकीय प्रणालीको संरक्षण, पुर्नस्थापना र दिगो उपयोगको प्रवर्द्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमीकरण र भूक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने |
| १६ | दिगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, सबैको न्यायमा पहुँच प्रदान गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्था निर्माण गर्ने |
| १७ | दिगो विकासका लागि विश्वव्यापी साझेदारी सशक्त बनाउने र कार्यान्वयनका लागि स्रोत साधन सुदृढ गर्ने |

यसरी पाँचवटा स्तम्भहरूलाई मुख्य सिद्धान्तको रूपमा लिएर "**कसैलाई पनि पछाडी नपार्ने**" अर्थात **Leave No One Behind** भन्ने मुल मन्त्र वा उद्देश्यका साथ संयुक्त राष्ट्र सङ्घले सन २०३० सम्ममा हासिल गर्नका लागि कुल १७ वटा मुख्य लक्ष्यहरू निर्धारण गरेको छ । यी १७ वटा मुख्य लक्ष्यका १६९ वटा सहायक लक्ष्यहरू र २३२ वटा सूचकहरू छन् । दिगो विकास लक्ष्य विकासको कुनै छुट्टै नमूना वा फरक प्रकृतिको अवधारणा होइन । हरेक राष्ट्रले देशको विकास गर्दा माथि उल्लेखित पाँचवटा स्तम्भहरूलाई मुख्य ध्यान दिनुपर्छ र आफ्ना विभिन्न वार्षिक वा आवधिक योजना तथा कार्यक्रमहरूमा दिगो विकासका लक्ष्यहरूलाई समावेश गरेर विकासका कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ भन्ने हो । दिगो विकासका मुख्य लक्ष्यहरूलाई क्रमशः तल प्रस्तुत गरिएको छ ।

राष्ट्रिय योजना आयोगले नेपालको वस्तुगत यथार्थतालाई पनि समेट्ने गरि २४७ वटा सूचकहरू थप गरि ४७९ सूचकहरू निर्धारण गरेको छ । दिगो विकासलाई एक पृथक अवधारणाको रूपमा नलिई यसलाई राष्ट्रको आर्थिक तथा सामाजिक विकास र वातावरण संरक्षणको एकीकृत अवधारणाको रूपमा लिनुपर्ने हुन्छ । दिगो विकास लक्ष्यलाई सम्बन्धित देशको आवधिक तथा वार्षिक योजनामा समाहित गरि कार्यान्वयन गर्ने प्रतिवद्धता विश्वका अन्य राष्ट्रहरूका साथै नेपालले पनि व्यक्त गरेको छ ।

### १.३ दिगो विकास लक्ष्य कार्यान्वयनमा नेपाल सरकारको प्रतिवद्धता

देशको अर्थतन्त्रलाई आत्मनिर्भर तथा दीगो एवम् उन्नतिशील बनाउदै समून्नत नेपालको परिकल्पना साकार पार्न नेपाल सरकारले **समृद्ध नेपाल, सुखी नेपाली** भन्ने लक्ष्य हासिल गर्न वि.सं. २०७५ मा दीर्घकालीन सोच २१०० तय गरेको छ भने यसका आधारमा पन्ध्रौ योजना (२०७६/०७७–२०८०/०८१) ०८१ असार मसान्तबाट सम्पन्न हुने क्रममा छ । त्यसै गरि **सुशासन, सामाजिक न्याय र समृद्धि** को सोच सहितको सोह्रौं योजना (२०८१/०८२–२०८५/०८६) नेपाल सरकारले स्वीकृत गरेको छ । त्यसै गरि कृषि क्षेत्रमा निजी, सरकारी, सहकारी तथा विकास साझेदार मार्फत लगानी अभिवृद्धि गर्न २०८१ देखि २०९१ लाई **कृषि लगानी दशक** घोषणा गरिएको छ ।

दिगो विकास लक्ष्य मुलुककै प्रतिवद्धता हो । यसको कार्यान्वयन गर्नु तीनै तहका सरकारको जिम्मेवारी हो । यसैले तीनै तहका सरकारको सम्पूर्ण प्रयास र संलग्नताबाट मात्र दिगो विकास लक्ष्यको कार्यान्वयन प्रभावकारी हुन्छ । तथापि सङ्घीय प्रणाली नयाँ अभ्यास भएकोले दिगो विकास लक्ष्य अनुकूल हुने गरि स्पष्ट रूपमा स्थानीय विकासको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्ययोजना समेत तय हुन सकेको छैन । दिगो विकास लक्ष्य नेपालको संविधानमा व्यवस्था गरिएका नागरिकका मौलिक हकका साथै देशलाई समुन्नत तथा मध्यम आय भएको मुलुकमा २०३० सम्ममा परिणत गर्ने देशको मार्गचित्र अनुरूप रहेका छन् । दिगो विकास लक्ष्यका विश्वव्यापी २३४ सूचकहरूमा नेपाल सरकारले स्थानीय आवश्यकतालाई मध्यनजर गरि थप २४५ वटा सूचक थप गरेर जम्मा ४७९ सूचकहरू बनाएको छ । संविधानको धारा ५० को दफा (३) मा उल्लेखित निर्देशक सिद्धान्तमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरि आर्थिक असमानताको अन्त्य गर्दै शोषण रहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ भन्ने रहेको छ । त्यस्तै संविधानको धारा ५१ (च) को विकास सम्बन्धी नीतिमा क्षेत्रीय सन्तुलन सहितको समावेशी आर्थिक

विकासका लागि क्षेत्रीय विकासको योजना अन्तर्गत दिगो सामाजिक आर्थिक विकासका रणनीति र कार्यक्रमहरू तर्जुमा गरि समन्वयात्मक तवरले कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरेको छ भने संविधानको धारा (छ) को प्राकृतिक साधन स्रोतको संरक्षण, सम्वर्द्धन र उपयोग सम्बन्धी नीति मा राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, सम्वर्द्धन र वातावरण अनुकूल दिगो रूपमा उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिंदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने भन्ने उल्लेख गरिएको छ ।

दिगो विकासको लक्ष्य २०३० को आधारमा रही कुनै पनि ठाउँको दीर्घकालीन विकासका लक्ष्यहरूलाई निर्धारण गर्न सकिन्छ । यसका लक्ष्यहरू छन् : गरिबीविहीन, भोकमरी शून्य, सुस्वास्थ्य र समृद्धि, गुणस्तर शिक्षा, लैंगिक समानता, स्वच्छ पानी र सरसफाइ, सुहाउँदिलो काम र आर्थिक वृद्धि, उद्योग, नवसोच र पूर्वाधार, असमानता घटाउनु, समुदायहरूको दिगो विकास, जबाफदेही उपभोग र उत्पादन, हावापानी परिवर्तन सम्बन्धी कार्य, दिगो विकासका निम्ति सागरहरू, समुद्रहरू र सामुद्रिक स्रोतहरूको संरक्षण र दिगो उपयोग गर्नु, संरक्षण, पुनप्राप्ति र भूस्थलीय पर्यावरणको दिगो विकास गर्नु, दिगो विकासका लागि शान्ति र समावेशी समाजहरूको विकास गर्नु, सबैका लागि न्यायमा पहुँच उपलब्ध गराउनु, सबै तहमा प्रभावकारी, जबाफदेही र समावेशी संस्थाहरू निर्माण गर्नु, लक्ष्य प्राप्तिका लागि विश्व साझेदारी विस्तार गरिनु आदि पर्दछन् ।

बागमती प्रदेश सरकारले दिगो विकास लक्ष्यको लागि प्रदेशको अवस्था मुल्याङ्कन गरि प्रदेश स्तरीय मार्गचित्र तय गरको छ । बागमती प्रदेशको दोस्रो आवधिक योजनाको (२०८१/०८२-२०८५/०८६) अवधारणा प्रदेश सरकारले स्वीकृत गरेको छ । यस मार्गचित्रले दिगो विकास लक्ष्यको कार्यान्वयनका लागि तीनवटा मुख्य रणनीतिहरू अगाडी सारको छ । पहिलो रणनीति अनुसार योजना तथा बजेट निर्माण प्रणालीमा नियमित रूपमा दिगो विकासका लक्ष्यहरूको समावेश गर्ने, दोस्रो रणनीति अनुसार स्थानीय सरकारका कामहरूमा दिगो विकास लक्ष्यको स्थानीयकरण गर्ने र तेस्रो रणनीतिमा अनुगमन, मुल्याङ्कन तथा नियमित पृष्ठपोषण प्रणालीको विकास गर्ने भन्ने रहेको छ । यस मार्गचित्रले पनि दिगो विकास लक्ष्यको स्थानीयकरणलाई महत्व दिएको देखिन्छ ।

### १.४ दिगो विकासका लक्ष्य्यहरूको कार्यान्वयनमा स्थानीय तहको भूमिका

नेपालको संविधानले स्थानीय तहलाई जनताका दैनिक सरोकारका विषय र सेवासुविधाहरूका विषयमा काम गर्न सबैभन्दा धेरै अधिकारहरू दिएको छ । जनताका दैनिक सरोकार र उनीहरूलाई राज्यले प्रदान गर्नुपर्ने सार्वजनिक सेवा, प्राथमिक तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य, सामाजिक सुरक्षा, रोजगारी, स्थानीय तहका भौतिक तथा अन्य पूर्वाधार विकास, स्थानीय सुरक्षा, स्थानीय तहको सांस्कृतिक विकास, खानेपानी, सरसफाइ, कृषि विकास जस्ता विषयहरू सबै स्थानीय तहको जिम्मेवारी अन्तर्गत पर्छन् । यसैगरि सामाजिक समावेशीकरणसँग जोडिएका महिला, बालबालिका, दलित, जनजाति, आदिवासी, मधेशी, लैङ्गिक अल्पसङ्ख्यक, ज्येष्ठ नागरिक, युवा, अपाङ्गता भएका व्यक्ति सबैका सवालहरूलाई स्थानीय तहमा संबोधन गर्ने जिम्मेवारी पनि स्थानीय तहको नै हो । तसर्थ दिगो विकासका प्रतिफलहरूबाट स्थानीय जनतालाई लाभान्वित गराउने काममा स्थानीय सरकार र सरोकारवाला सबैको भूमिका निकै महत्वपूर्ण रहन्छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहलाई मुख्य रूपमा पाँच वटा विकासका क्षेत्रहरू क्रमश : आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातवरणीय

विकास र संस्थागत विकास एवम् सुशासन गरि पाँच क्षेत्रमा काम गर्ने प्रष्ट जिम्मेवारी र अधिकारहरू प्रदान गरेको छ । स्थानीय तहले स्थानीय तहको विकासका लागि योजनाहरू तर्जुमा यिनै विभिन्न क्षेत्रहरूसँग सम्बन्धित विषयगत समितिहरू निर्माण गरि कामहरू गरिरहेका उदाहरणहरू पनि छन् । दिगो विकास लक्ष्यहरूले पनि यिनै क्षेत्रहरूलाई अलि व्यापक रूपमा समेट्ने भएको हुनाले स्थानीय विकासका योजनाहरूमा विभिन्न विषयगत समितिले गर्ने विकासका कामहरूमा दिगो विकास लक्ष्यलाई राम्रोसँग समेट्न सकिन्छ र समेट्न जरूरी छ ।

## १.५ स्थानीय तहका लागि संविधानको अनुसूची ८ ले दिएका अधिकारहरूसँग दिगो विकास लक्ष्यहरूको अन्तरसम्बन्ध

स्थानीय तहलाई संविधानले दिएका अधिकार र जिम्मेवारीहरू प्रत्यक्ष र परोक्ष रूपमा दिगो विकासका विभिन्न लक्ष्यहरूसँग सम्बन्धित छन् । संविधानले दिएका कुन कुन अधिकारहरू दिगो विकासका कुन-कुन लक्ष्यसँग सम्बन्ध राख्छन् भन्ने कुरा तलको तालिकामा उल्लेख गरिएको छ ।

*तालिका २ : दिगो विकासका प्रमुख क्षेत्र तथा उपक्षेत्र*

| क्र.सं. | प्रमुख क्षेत्र | उपक्षेत्र |
|---|---|---|
| १ | आर्थिक क्षेत्र | (क) कृषि (ख) पशुपन्छी (ग) सिचाइ (घ) उद्योग, वाणिज्य तथा व्यावसाय (ल) पर्यटन तथा संस्कृति (च) भूमि व्यवस्था तथा सहकारी (छ) श्रम तथा रोजगारी (ज) गरिबी निवारण |
| २ | सामाजिक क्षेत्र | (क) स्वास्थ्य तथा पोषण (ख) शिक्षा, भाषा, कला तथा साहित्य (ग) खानेपानी तथा सरसफाइ (घ) महिला, बालबालिका तथा सामाजिक समावेशीकरण (ङ) युवा, तथा खेलकुद तथा नवप्रर्बतन (च) सामाजिक सुरक्षा तथा पञ्जीकरण |
| ३ | पूर्वाधार क्षेत्र | (क) भवन, आवास तथा बस्ती विकास (ख) सडक, पुल तथा यातायात (ग) जलश्रोत, जलविद्युत तथा स्वच्छ उर्जा (घ) सूचना तथा सञ्चार प्रविधि |
| ४ | वन तथा वातावरण क्षेत्र | (क) वन, भूसंरक्षण र जैविक विविधता (ख) वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन (ग) विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन |
| ५ | सुशासन तथा संस्थागत विकास क्षेत्र | (क) निति, कानून, न्याय तथा सुशासन (ख) संगठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह (ग) राजस्व परिचालन (घ) तथ्याङ्क प्रणाली |

*तालिका ३ : अनुसूची ८ मा उल्लेखित अधिकारसँग मेल खाने दिगो विकास लक्ष्यहरु*

| क्र.सं. | प्रमुख क्षेत्र | संविधानको अनुसूची ८ मा उल्लेखित स्थानीय तहका अधिकारहरू | अनुसूची ८ का अधिकारसँग मेल खाने दिगो विकास लक्ष्यहरू |
|---|---|---|---|
| १ | आर्थिक क्षेत्र | १०. स्थानीय बजार, ११. ग्रामीण सडक, कृषि सडक तथा सिंचाई १५. कृषि तथा पशुपालन, १८. कृषि उत्पादन व्यवस्थापन, कृषि प्रसारको व्यवस्थापन सञ्चालन र नियन्त्रण २. सहकारी | १. सबै प्रकारको गरिबीको अन्त्य गर्ने २. भोकमरीको अन्त्य गर्ने १०. मुलुक भित्र असमानता हटाउने ८. मर्यादित काम तथा आर्थिक विकास |
| २ | सामाजिक | ८. आधारभूत र माध्यमिक शिक्षा ९. | ४. सबैका लागि समावेशी तथा |

| | | | |
|---|---|---|---|
| | क्षेत्र | आधारभूत स्वास्थ्य, सरसफाइ, ढल निकास १९. खानेपानी २२. भाषा संस्कृति र ललितकलाको संरक्षण र विकास १६. ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरू १७. बेरोजगारको तथ्याङ्क सङ्कलन | समतामुलक गुणस्तरीय शिक्षा ३. सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवन ६. सबैका लागि स्वच्छ पानी र सरसफाइको उपलब्धता ५. लैङ्गिक समानता हासिल गर्ने । |
| ३ | पूर्वाधार क्षेत्र | ७. स्थानीय स्तरका विकास आयोजना र परियोजनाहरू ११. स्थानीय सडक १४. घरजग्गा धनीपूर्जा वितरण १९. साना जलविद्युत आयोजना, वैकल्पिक उज | ९. उत्थानशील पूर्वाधार, समावेशी र दिगो औद्योगिकीकरण, खोज ११. समावेशी, सुरक्षित, उत्थानशील र दिगो सहर तथा मानव बसोवास ७. धान्न सक्ने तथा स्वच्छ उर्जा |
| ४ | वन तथा वातावरण क्षेत्र | १०. वातावरण संरक्षण र जैविक विविधता २१. जलाधार, सिमसार, वन्यजन्तु, खानी तथा खनिज पदार्थ ९. सरसफाइ (फोहोरमैला व्यवस्थापन) २०. विपद् व्यवस्थापन | १२. दिगो उपभोग र उत्पादन प्रणाली १३. जलवायू परिवर्तन र यसको प्रभाव नियन्त्रण १४. जलजन्तुको संरक्षण १५. स्थलीय जीव जन्तुको संरक्षण |
| ५ | सुशासन तथा संस्थागत विकास क्षेत्र | १२. गाउँसभा, नगरसभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन ४. स्थानीय कर ५. स्थानीय सेवाको व्यवस्थापन ६. स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन १३. स्थानीय अभिलेख व्यवस्थापन ३. एफ.एम. रेडियो सञ्चालन, १. नगर प्रहरी | १६. दिगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने १७. लक्ष्य हासिलका लागि साझेदारी । |

*तालिका ४ : पन्ध्रौं योजनामा समाविष्ट दीर्घकालीन राष्ट्रिय लक्ष्य र दिगो विकास लक्ष्य*

| क्र.सं. | दीर्घकालीन राष्ट्रिय लक्ष्य | | दिगो विकास लक्ष्य |
|---|---|---|---|
| १ | समृद्धि | सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तर आबद्धता | ७, ९, ११ |
| २ | | मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग | ३, ४, ८ |
| ३ | | उच्च र दिगो उत्पादन तथा उत्पादकत्व | २, ७, ८, १२ |
| ४ | | उच्च र समतामूलक राष्ट्रिय आय | १, १० |
| ५ | सुख | परिष्कृत तथा मर्यादित जीवन | १, ३, ४, ६, ८ |
| ६ | | सुरक्षित, सभ्य र न्यायपूर्ण समाज | १, ५, १०, १६ |
| ७ | | स्वस्थ र सन्तुलित पर्यावरणीय पद्धति | १२, १३, १५ |
| ८ | | सुशासन | १६ |
| ९ | | सबल लोकतन्त्र | १६, १७ |
| १० | | राष्ट्रिय एकता, सुरक्षा र सम्मान | १६, १७ |

आयवृद्धि, गुणस्तरीय मानव पुँजी निर्माण र आर्थिक जोखिमको न्यूनीकरण गर्दै वि.सं. २०७९ सम्ममा अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि.सं. २०८७ सम्ममा दिगो विकास लक्ष्य हासिल गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने गरि **"समृद्ध नेपाल, सुखी नेपाली"** को दीर्घकालीन सोच लिएको छ।




*चित्र २ : दिगो विकासका लक्ष्यहरु*

*तालिका ५ : स्थानीय तहको अधिकार तथा दिगो विकास लक्ष्य बीचको सम्बन्ध*

| क्र.सं. | दिगो विकास लक्ष्यका आयाम | स्थानीय तहको संवैधानिक अधिकार तथा कार्यदिशा (अनुसूची-८) | अधिकारको साझा सूची (अनुसूची-९) | दिगो विकासका लक्ष्य |
|---|---|---|---|---|
| १ | आर्थिक क्षेत्र | २. सहकारी, १०. स्थानीय बजार व्यवस्थापन, ११. ग्रामीण सडक, कृषि सडक, सिंचाई १५. कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, १८. कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण | १. सहकारी<br>४. कृषि<br>१०. गरिबी निवारण<br>१३. सुकुम्बासी व्यवस्थापन | लक्ष्य १: गरिबीको अन्त्य लक्ष्य २: शून्य भोकमरी लक्ष्य ८: मर्यादित काम तथा आर्थिक वृद्धि, लक्ष्य १०: असमानतामा कमी |
| २ | सामाजिक क्षेत्र | ८. आधारभूत र माध्यमिक शिक्षा, ९. आधारभूत स्वास्थ्य, सरसफाइ (ढल निकास) व्यवस्था १६. ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन, १७ बेरोजगारको तथ्याङ्क सङ्कलन, १९. खानेपानी, २२. भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास | २. शिक्षा ३. स्वास्थ्य, ५. खानेपानी, १०. सामाजिक सुरक्षा | लक्ष्य ३: राम्रो स्वास्थ्य तथा स्वस्थ जीवन,<br>लक्ष्य ४: गुणस्तरीय शिक्षा, लक्ष्य ५: लैङ्गिक समानता, लक्ष्य ६: स्वच्छ खानेपानी तथा सरसफाइ |
| ३ | पूर्वाधार क्षेत्र | ७. स्थानीयस्तरका विकास आयोजना तथा परियोजनाहरू, ११. स्थानीय सडक, १४. घर जग्गा धनीपूर्जा वितरण, १९. साना जलविद्युत् आयोजना, वैकल्पिक ऊर्जा | ५. विद्युत, सिँचाइ<br>१५. सवारी साधन अनुमति | लक्ष्य ७: धान्न सक्ने तथा स्वच्छ ऊर्जा,<br>लक्ष्य ९: उद्योग, नवीन खोज तथा पूर्वाधार,<br>लक्ष्य ११: दिगो सहर तथा समुदाय |

| | | | | |
|---|---|---|---|---|
| ४ | वन तथा वातावरण क्षेत्र | ९. सरसफाइ (फोहरमैला व्यवस्थापन), १०. वातावरण संरक्षण र जैविक विविधता २०. विपद् व्यवस्थापन, २१. जलाधार, सिमसार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण | ७. वन, जङ्गल, वन्यजन्तु, चराचुरूंगी, जलउपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता ८. खानी तथा खनिज, ९. विपद् व्यवस्थापन | लक्ष्य १२: दिगो उपभोग तथा उत्पादन लक्ष्य १३: जलवायु कार्य लक्ष्य १५: जमिन माथिको जीवन |
| ५ | सुशासन तथा संस्थागत विकास क्षेत्र | १. नगर प्रहरी, ३. एफ.एम (रेडियो) सञ्चालन, ४. स्थानीय कर, सेवाशुल्क दस्तुर, पर्यटन शुल्क, दण्ड जरिवाना, ५. स्थानीय सेवाको व्यवस्थापन, ६. स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन, १२.गाउँ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन, १३. स्थानीय अभिलेख व्यवस्थापन | २. पत्रपत्रिका ६. कर, दस्तुर, दण्ड जरिवाना, रोयल्टी, सेवा शुल्क, ११. व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह दर्ता र तथ्याङ्क १२. पुरातत्व, प्राचीन स्मारक र संग्रहालय | लक्ष्य १६: शान्ति, न्यायपूर्ण तथा सबल संस्था लक्ष्य १७: बहुसरोकार साझेदारी |

दिगो विकासका स्थानीयस्तरका लक्ष्यलाई स्थानीय तहको योजना तर्जुमाका बिभिन्न विषयगत समिति अनुरुप समूहकृत गर्नुपर्ने हुन्छ । स्थानीय तहमा रहेका आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण संरक्षण एवम् संस्थागत विकास र सुशासन समितिहरूका क्रियाशीलताले दिगो विकास लक्ष्यको स्थानीयकरण गर्न योगदान पुर,याउँछ । नेपालको संविधान २०७२ ले स्थानीय तहलाई विकासका यी पाँचै क्षेत्रमा प्रष्ट अधिकार तथा जिम्मेवारी प्रदान गरेको छ ।

### १.६ दिगो विकास लक्ष्यको स्थानीयकरण

दिगो विकास लक्ष्य सङ्घीय चासोको मात्र विषय होइन । दैनिक जनसरोकारका विषय, शान्ति सुरक्षा, सेवा सुविधाहरूमा पहुँच, आधारभूत शिक्षा, आधारभूत स्वास्थ्य, स्थानीय रोजगारी, स्थानीय तहका तथ्याङ्क र सूचनाहरू लगायत धेरै विषयहरू स्थानीय सरकारको जिम्मेवारी अन्तर्गत पर्ने भएको हुनाले उक्त विषयहरूसँग सम्बन्धित दिगो विकास लक्ष्यहरू हासिल गर्न स्थानीय तहको भूमिका नै सबैभन्दा महत्वपूर्ण हुन्छ । स्थानीय निकायका पूर्वाधार विकासका योजनाहरू सबै दिगो विकासको लक्ष्यसँग नै जोडिएका हुन्छन् । दिगो विकासको सन्दर्भमा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको भूमिका अलग-अलग हुन्छ तर स्थानीय पालिकाहरूमा लक्ष्यहरू कार्यान्वयन हुन सकेनन् भने त्यसको प्रत्यक्ष नकारात्मक असर राष्ट्रिय लक्ष्यहरूमा नै पर्छ । तसर्थ दिगो विकासका लक्ष्यहरूलाई हरेक गाउँ तथा नगरपालिकाहरूले आवधिक र वार्षिक योजनाहरूमा समेट्नुपर्छ र स्थानीय तहमा विकासका लक्ष्यहरू तय गर्दा दिगो विकासका राष्ट्रिय लक्ष्यहरूलाई योगदान गर्ने गरि गर्नुपर्छ । दिगो विकासका लक्ष्यहरूलाई स्थानीयकरण गर्नु भनेको यसका लक्ष्यहरू हासिल गर्ने कार्यमा स्थानीय निकायहरू मात्र जिम्मेवारहुनु भन्ने

नभएर यसका लक्ष्यहरू हासिल गर्न स्थानीय र प्रदेश अनि स्थानीय र सङ्घीय सरकार बीचमा दिगो विकास लक्ष्य हासिल गर्न समन्वय र सहकार्य स्थापित गर्नुपनि हो । आम नागरिकको जीवनमा प्रत्यक्ष प्रभाव पार्ने सबै खाले विकासका कामहरू स्थानीय पालिकासँग नै जोडिने हुनाले दिगो विकासका राष्ट्रिय लक्ष्यहरू हासिल गर्न स्थानीय सरकारको सबैभन्दा धेरै भूमिका हुने हुनाले पनि स्थानीय तहमा यसको आन्तरिकीकरण जरूरी छ ।

कसैलाई पनि पछि नछाड्ने **(Leave No One Behind)** दिगो विकासको मुख्य उद्देश्य हो । यो उद्देश्य पूरा गर्नका लागि जनतासँग सरकारले एकदमै नजिक रहेर काम गर्नुपर्छ र सबैका लागि उपयुक्त योजना बनाउन सही सूचना र तथ्याङ्कको जरूरी हुन्छ । यी कामहरूका लागि स्थानीय सरकार भन्दा अर्को कुनै विकल्प हुँदैन । स्थानीय स्रोत साधनको दिगो परिचालन र समावेशी विकास दिगो विकास लक्ष्यको अर्को महत्वपूर्ण पाटो हो । यसका लागि स्थानीय स्तरमा जन परिचालन र सबैको समान सहभागिता जरूरी हुन्छ र यसका लागि स्थानीय सरकार कै भूमिका सबैभन्दा महत्वपूर्ण हुन्छ ।

### १.७ दिगो विकास लक्ष्य्य अनुकूलको स्थानीय आवधिक योजना तर्जुमा

कुनै पनि क्षेत्रको व्यवस्थित विकासको लागि आवधिक योजनाहरु महत्वपूर्ण साधन हुन् । नेपालको संविधानले स्थानीय तहलाई प्राप्त संरचना अनुरूप एक बलियो स्थानीय सरकारको रूपमा स्थापित गरेको छ । संविधानमा नै स्थानीय तहको एकल र साझा अधिकारहरू परिभाषित छन् । जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरि सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न, लोकतन्त्रका लाभहरूको समानुपातिक र न्यायोचित वितरण गरि कानुनी राज्य र दिगो विकासको अवधारणा अनुरूप समाजवाद उन्मुख प्राप्त लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढ गर्ने उद्देश्य स्थानीय सरकार ऐन, २०७४ ले राखेको छ ।

स्थानीय तहको आवधिक योजना तर्जुमा गर्ने क्रममा राष्ट्रिय योजना आयोगले तयार गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ (नमूना)लाई अवलम्बन गर्नुपर्दछ । यस दिग्दर्शनले स्थानीय तहले आवधिक योजना तर्जुमा गर्दा दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गर्नेबारे महत्वपूर्ण जानकारी प्रदान गर्नुका साथै दिगो विकास लक्ष्य र उद्देश्य निर्धारण गर्ने प्रकृया, विषय वस्तु, आधार लगायतका बारेमा जानकारी प्रदान गर्दछ ।

### १.८ दिगो विकास लक्ष्य्य कार्यान्वयनमा मध्यमकालीन खर्च संरचना, वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा

सङ्घीयता कार्यान्वयनको महत्वपूर्ण भुमिकामा रहेका स्थानीय तहहरुको दीर्घकालीन लक्ष्य राष्ट्रिय लक्ष्य अनुसार समृद्ध गाउँपालिका र सुखी गाउँवासी हुनुपर्दछ । राष्ट्रिय पन्ध्रौं योजना र दिगो विकासका लक्ष्य तथा बागमती प्रदेश सरकारको प्रदेश आवधिक योजना र यसले लिएका लक्ष्य तथा गाउँपालिकाको आवधिक योजनाले लिएका लक्ष्यहरु हासिल गर्न वित्त व्यवस्थापनको महत्वपूर्ण भुमिका रहन्छ । स्थानीय तहहरुको समृद्धि भनेको समग्र प्रदेश हुँदै मुलुककै समृद्धि हो त्यसकारण स्थानीय तहहरु कार्यान्वयनका पक्षले प्रथम कर्ता समेत हुन् । स्थानीय तहहरुको आवधिक योजना भनेको दीर्घकालीन सोचलाई चरितार्थ गर्ने किसिमबाट कार्यान्वयन गर्न बनाइएको हुन्छ ।

स्थानीय तहले तीन वर्षको मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा प्रत्येक आर्थिक वर्षमा आ–आफ्नो कार्यक्षेत्र भित्रका विषयहरूमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्नुपर्छ । यस्तो अनुमान आगामी आर्थिक वर्ष पछिको थप दुई वर्षको समेत गर्नुपर्ने हुन्छ ।

सुनापति गाउँपालिकाले आ.व. २०८०/८१ मा दिगो विकासको लक्ष्य स्थानीयकरण योजना तर्जुमा गर्ने नीति बनाएको छ । यसै अनुसार सुनापति गाउँपालिकाको दिगो विकास लक्ष्य स्थानीयकरण योजना तर्जुमा गर्ने उदेश्य निर्धारण गरेको छ ।

## १.९ . उद्देश्य

)क (सुनापति गाउँपालिकामा उपलब्ध प्राथमिक एवम् द्वितीय तथ्याङ्कको माध्ययमबाट पालिकास्तरीय दिगो विकास लक्ष्यको वर्तमान अवस्था पत्ता लगाउने ।

)ख (दिगो विकासका लक्ष्यहरु : १) गरिवीको अन्त्य २) शून्य भोकमरी ३) आरोग्यता तथा कल्याण ४) गुणस्तरीय शिक्षा ५) लैंगिक समानता ६) सफा पानी र सरसफाइ ७) खर्चले धान्न सक्ने स्वच्छ ऊर्जा ८) मर्यादित काम तथा आर्थिक वृद्धि ९) उद्योग, नवीन खोज र पूर्वाधार १०) न्यून असमानता ११) दिगो सहर र समुदायहरू १२) जिम्मेवारपूर्ण उपभोग तथा उत्पादन १३) जलवायु सम्बन्धी कारबाही १४) जमिन माथिको जीवन १५) शान्ति, न्याय र सशक्त संस्थाहरू १६) यी लक्ष्यका लागि साझेदारी तथा स्थानीय विकासका ५ क्षेत्रहरु (स्थानीयकरणका क्षेत्रहरुसँग तुलनात्मक) सूचक आदिको बारेमा छलफल गरि दिगो विकास लक्ष्यहरु अनुसारका सूचकहरूमा पर्ने मुख्य क्षेत्र र उपक्षेत्रगत क्रियाकलापहरू (योजना, कार्यक्रम, आयोजना र क्रियाकलाप) का सम्बन्धमा साझा बुझाइ कायम गर्ने ।

(ग) दिगो विकास लक्ष्य अनुसार कार्यक्रममा विनियोजन भएको बजेट तथा खर्चको अभिलेख तथा दस्तावेजीकरण गर्ने ।

सुनापति गाउँपालिका (घ)को Sub-national Treasury Regulatory Application–SuTRA प्रणालीमा दिगो विकास लक्ष्य (SDG) बजेटिङ र खर्चको पछयाई (Expenditure Tracking) को विकासमा मद्दत गर्नु ।

(ङ) दिगो विकासको लक्ष्य प्राप्तिमा नेपाल सरकारबाट लक्ष्यहरुलाई वार्षिक योजनाहरुमा आन्तरिककरण गर्ने ।

## १.१० प्रतिवेदन तयारी विधि तथा प्रक्रिया

नेपालको दिगो विकास लक्ष्यको वर्तमान अवस्था र भावि मार्गचित्र (२०१६–२०३०) सान्दर्भिक विषयगत नीति तथा योजना, सुनापति गाउँपालिकाको आवधिक योजना, गउँपातिकाको आवधिक योजनाको सोच, लक्ष्यको आधारमा विषयगत नीति तथा योजना, वार्षिक नीति तथा कार्यक्रमको आधारमा सुनापति गाउँपालिकाको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र तयार गरिएको छ । सुनापति गाउँपालिकाको नीति तथा सुनापति गाउँपालिकाको र सरोकारवाला पक्षको सहभागितामा मार्गचित्र तयार गरिएको हो ।

यो स्थानीयकरण मार्गचित्र तयार गर्दा निम्नानुसारका विधि तथा प्रकृयाहरूको अवलम्बन गरिएको छ ।

### १. १०.१ मार्गचित्र तयारी बैठक

सुनापति गाउँपालिकाको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र तयार गर्न सुनापति गाउँपालिकाको नीति, स्थानीय सरोकारवाला सबैको संलग्नतामा विधि, प्रक्रिया, समयावधी र विषयवस्तुको बारेमा प्रारम्भिक बैठक तथा छलफलको आयोजना गरिएको थियो । वैठकमा मार्गचित्रको आवश्यकता, विषयवस्तु, तयारी विधि तथा प्रक्रिया र समयसीमा बारे प्रस्तुति तथा छलफलबाट यस सम्बन्धमा यसको सम्भावित नतिजाको बारेमा प्रकाश पारि साझा बुझाई कायम गरि मार्गचित्रको प्रारम्भिक खाका तयार गरिएको थियो ।

### १.१०.२ तर्जुमाका आधारहरु

नेपालको संविधान, विद्यमान ऐन, नियमहरू, विद्यमान राष्ट्रिय तथा प्रादेशिक नीति, प्राप्त सोह्रौं योजनाको लक्ष्य तथा उद्देश्यहरू, दिगो विकासका लक्ष्य, राष्ट्रिय तथा प्रादेशिक सरकारका मार्ग निर्देशन, सुनापति गाउँपालिकाका प्रमुख समस्या र सम्भावना, गाउँपालिकामा प्रतिनिधित्व गर्ने राजनैतिक दलका घोषणा पत्रहरू, जोखिममा रहेका परिवारको अध्ययन, बागमती प्रदेश नीति, नीति तथा सुनापति गाउँपालिकाको आवधिक योजना, मधय्मकलिन खर्च संरचना र सहभागितामा सान्दर्भिक नीति, कानून, योजना दस्तावेज र अध्ययन दस्तावेज अध्ययन तथा पुनरावलोकन गरिएको थियो । दस्तावेजहरूको अध्ययनबाट सुनापति गाउँपालिकाको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र तयारीका सन्दर्भमा व्यवस्था गरिएका महत्वपूर्ण तथा सान्दर्भिक व्यवस्था पहिचान तथा विश्लेषण गरियो । गाउँपालिकाको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र तयारीका सन्दर्भमा देहाय बमोजिमका अध्ययन एवम् प्रमुख सन्दर्भ सामग्रीहरूको समेत समीक्षा गरिएको छ ।

क) स्थानीय तहको संवैधानिक हैसियत (अनुसूचि ८ मा उल्लेखित अधिकारलाई प्रयोग गर्ने) ।

ख) नेपालको दिगो विकास लक्ष्यः विद्यमान अवस्था र भावि मार्गचित्र (२०१६–२०३) ।

ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ६, दफा २४ को व्यवस्था अनुसार स्थानीय तहलाई निक्षेपित अधिकारहरुको कार्यान्वयन ।

घ) प्रदेश तथा स्थानीय सरकारका आवधिक योजना, मध्यमकालीन खर्च संरचनाको वार्षिक नीति तथा कार्यक्रम र बजेट ।

ङ) सुनापति गाउँ कार्यपालिकाको निर्णय अनुसार कार्यनिर्देशन ।

च) स्थलगत सर्वेक्षण, अन्तरक्रिया र विभिन्न विषयगत समितिहरुसँग व्यापक छलफल ।

छ) राष्ट्रिय योजना आयोगले तयार पारेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन ।

ज) विद्यमान राष्ट्रिय तथा प्रादेशिक नीति ।

झ) राष्ट्रिय/प्रादेशिक/स्थानीय तहको दीर्घकालीन सोच ।

ञ) राष्ट्रिय/प्रादेशिक आवधिक योजना ।

ट) राष्ट्रिय तथा प्रादेशिक सरकारका मार्गनिर्देशन ।

ठ) गाउँपालिकाको प्रमुख समस्या र सम्भावना ।

ड) स्थानीय राजनैतिक दल तथा सरोकारवालाहरुको विकास दृष्टिकोण ।

### १.१०.३ प्रारम्भिक प्रतिवेदन तथा कार्ययोजना पेश

गाउँपालिकाको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्रसँग सान्दर्भिक दस्तावेजहरूको अध्ययन तथा पुनरावलोकनबाट प्राप्त सान्दर्भिक सुचनाहरु, वडागत सूचना तथा विवरण, मार्गचित्र तयारी विधि, औजार तथा मार्गचित्रको विषयवस्तुको प्रारम्भिक खाका समेत समावेश गरि प्रारम्भिक प्रतिवेदन तयार गरिएको थियो । वडागत सूचना प्रारम्भिक प्रतिवेदनमा वडा तथा गाउँपालिकाको सम्बन्धित निकायको सल्लाह तथा सुझाव समेत समावेश गरिएको थियो ।

### १.१०.४ दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र सम्बन्धी दस्तावेजको मस्यौदा तयारी

गाउँपालिकामा उपलब्ध  तथ्याङ्कहरु, समग्र अध्ययन, वडा भेलाबाट आएका सूचनाहर, कार्यशाला तथा परामर्शबाट उपलब्ध सूचना तथा विवरणको आधारमा प्रस्तावित ढाँचामा गाउँपालिकाको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र सम्बन्धी दस्तावेजको मस्यौदा तयार गरिएको थियो ।

### १.१०.५ मस्यौदा प्रतिवेदन स्तुति तथा सुझाब सङ्कलन

गाउँपालिकाको आयोजनामा गाउँपालिका प्रमुख, उपप्रमुख, विषयगत समितिहरुका संयोजक, शाखा प्रमुख, सरोकारवालाको सहभागिता र विषय विज्ञहरुको सहजीकरणमा सम्पन्न तथा अन्य प्रतिनिधिको उपस्थितिमा गाउँपालिकाको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्रको मस्यौदा दस्तावेज प्रस्तुत गरि तथ्याङ्कमा रहेका खाडलहरू समेतका बारेमा छलफल गरि प्रतिवेदनलाई अन्तिम रुप दिन सहभागीहरूबाट आवश्यक सुझावहरू प्राप्त गरिएको थियो ।

### १.१०.६ अन्तिम प्रतिवेदन तयारी तथा पेश

सरोकारवालाबाट प्राप्त सुझाब तथा पृष्ठपोषणलाई समेत समावेश गरि गाउँपालिकाको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्रलाई अन्तिम रुप प्रदान गरिएको छ ।

### १.१०.७ योजना तर्जुमाका सीमाहरु

क) योजना तर्जुमाका क्रममा उपयुक्त कतिपय तथ्याङ्कहरू सर्वेक्षणबाट प्राप्त हुन नसकेकोले गोष्ठीबाट प्राप्त सूचना र प्रमाणीकरण भए बमोजिमका तथ्याङ्कहरूलाई नै आधार मानी प्रयोग गरिएको छ ।

ख) कतिपय अवस्थामा विगत वर्षका तथ्याङ्कहरुलाई प्रवृत्तिका रुपमा विश्लेषण गरि सो को आधारमा आ.व. २०८०/८१ लाई नै आधार वर्षको रुपमा तय गरिएको छ ।

ग) राष्ट्रिय जनगणना २०७८, सुनापति गाउँपालिकाको आवधिक योजना २०८१, सुनापति गाउँपालिकाको मध्यमकालीन खर्च संरचन २०८१, आदिलाई आधार मानिएको छ भने गाउँपालिकाबाट प्राप्त तथ्याङ्कहरुलाई आधिकारिक मानी विश्लेषण गरिएको छ । यद्यपि केही तथ्याङ्कहरु अन्य स्रोतहरुबाट पनि प्रयोग गरिएको छ ।

घ) वडा भेलामा सहभागीहरुको विचार प्रतिनिधिमुलक रुपमा दिगो विकास लक्ष्यमा समावेश गरिएको छ ।

# परिच्छेद २. विकासको वर्तमान स्थिति र दिगो विकास लक्ष्यको आधार अवस्था

## २.१ गाउँपालिकाको संक्षिप्त परिचय

बागमती प्रदेश अन्तर्गत रामेछाप जिल्लामा २ वटा नगरपालिका र ६ वटा गाउँपालिकाहरु गरि ८ वटा स्थानीय तह रहेको छ जस मध्ये सुनापति गाउँपालिका एक हो । यस सुनापति गाउँपालिका वि.सं .२०७३ फाल्गुण २७ गते देखि अस्तित्वमा आएको हो । साविक ५ वटा गा.वि.स.हरु (गुन्सी, दिमीपोखरी, हिलेदबी, बेथान र खनियापानी) मिलेर हाल ५ वटा वडामा रुपान्तरित भई बनेको सुनापति गाउँ कार्यपालिकाको कार्यालय वडा नं. ३ हिलेदेबीमा रहेको छ । यस गाउँपालिकाको पूर्वतर्फ खाँडादेबी गाउँपालिका र दोरम्बा शैलुङ गाउँपालिका, पश्चिममा तेमाल गाउँपालिका र चौरी देउराली गाउँपालिका, उत्तरमा दोरम्बा शैलुङ गाउँपालिका तथा दक्षिणमा खाँडादेबी गाउँपालिका रहेको छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अनुसार यस पालिकाको कुल क्षेत्रफल ८५.०९ वर्ग किलोमिटर रहेको छ ।


## २.२ राजनीतिक तथा प्रशासनिक संरचना र भौगोलिक अवस्था

*तालिका ६ : वडागत जनसङ्ख्या, क्षेत्रफल तथा जनघनत्व*

| नयाँ वडा | समावेश गाविसनपा/ | जनसङ्ख्या | प्रतिशत | क्षेत्रफल (वर्ग कि.मि.) | जनघनत्व (व्यक्ति प्रति वर्ग कि.मि.) |
|---|---|---|---|---|---|
| १ | गुन्सी गाविस (१-७) | २,६७७ | १८२६. | १४९५. | १७९०६. |
| २ | दिमीपोखरी गाविस (१-९) | २,३६९ | १६१६. | १६४९. | १४३६६. |
| ३ | हिलेदेबी गाविस (१-९) | २,४९९ | १७०५. | १४६४. | १७०७. |
| ४ | बेथान गाविस (१-९) | ३,८२६ | २६१. | १८०४. | २१२०८. |
| ५ | खनियापानी गाविस (१-९) | ३,२८७ | २२४२. | २०९७. | १५६७५. |
| **जम्मा** | | **१४,६५८** | **१००.००** | **८५०९.** | **१७२२६.** |

*श्रोत : सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र राष्ट्रिय जनगणना, २०७८*

सुनापति गाउँपालिका हिउँ पर्ने उच्च पहाडी क्षेत्र देखि सुनकोशी नदिसम्म फैलिएको छ । समुन्द्री सतहदेखि करीव ६०० देखि २,३०० मिटर सम्मको उचाइमा अवस्थित यो पालिका विश्व मानचित्रमा २७° २८' १२" उत्तरी अक्षांश र ८५° ५४' ०" पूर्वी देशान्तरमा पर्दछ । मौसम विभागको तथ्याङ्क अनुसार यहाँको वार्षिक औषत तापक्रम १७.४ डिग्री सेल्सियस र औसत वर्षा १,३१५ मि.मि .रहेको छ । यस क्षेत्र कृषि , पर्यटन, जलस्रोतका लागि प्रशस्त सम्भावना भएको गाउँपालिका हो । एक अलग पहिचान रहेको तथा ऐतिहासिक, धार्मिक, सांस्कृतिक पर्यटकीय गन्तव्य सुनापति डाँडाको नामबाट गाउँपालिकाको नामाकरण सुनापति रहन गएको हो । सुनापति गाउँपालिकाको क्षेत्रफल बागमती प्रदेशको कुल क्षेत्रफल (२०,३०० वर्ग कि.मि.) को ०.४२ प्रतिशत हुन आउँछ र नेपालको कुल क्षेत्रफल १,४७,१८१ वर्ग कि.मि. को ०.०६ प्रतिशत हुन आउँछ ।





*नक्सा १ : सुनापति गाउँपालिकाको अवस्थिति नक्सा*

सुनापति गाउँपालिकामा भू-उपयोग क्षेत्रहरु कृषि क्षेत्र ५३.७३८ प्रतिशत र वन तथा वनस्पति क्षेत्र ४०.३५८ प्रतिशत रहेका छन् भने सार्वजनिक क्षेत्र २.४९३ प्रतिशत, आवास क्षेत्र १.७६० प्रतिशत, नदि तथा ताल तलैया क्षेत्र ०.९३६ प्रतिशत, व्यवसायिक क्षेत्र ०.०५८ प्रतिशत, धार्मिक तथा सांस्कृतिक क्षेत्र ०.०१९ प्रतिशत, औद्योगिक क्षेत्र ०.००३ प्रतिशत, खानी तथा खनिज क्षेत्र ०.००२ प्रतिशत र अन्य क्षेत्र ०.६३४ प्रतिशत गरि १० प्रकारमा विभाजन गर्न सकिन्छ।

*तालिका ७ : सुनापति गाउँपालिकाको भू-उपयोग अवस्था*

| क्र. सं. | जमिनको प्रकार | क्षेत्रफल (हेक्टर) | प्रतिशत |
|---|---|---|---|
| १. | कृषि क्षेत्र | ४,५७०.३० | ५३.७३८ |
| २. | वन तथा वनस्पति क्षेत्र | ३,४३२.३४ | ४०.३५८ |
| ३. | सार्वजनिक क्षेत्र | २१२.०५ | २.४९३ |
| ४. | आवास क्षेत्र | १४९.६५ | १.७६० |
| ५. | नदि तथा ताल तलैया क्षेत्र | ७९.५७ | ०.९३६ |
| ६. | व्यवसायिक क्षेत्र | ४.९५ | ०.०५८ |
| ७. | धार्मिक तथा सांस्कृतिक क्षेत्र | १.५८ | ०.०१९ |
| ८. | औद्योगिक क्षेत्र | ०.२५ | ०.००३ |
| ९. | खानी तथा खनिज क्षेत्र | ०.१४ | ०.००२ |
| १०. | अन्य क्षेत्र | ५३.८९ | ०.६३४ |
| **जम्मा** | | **८,५०४.७२** | **१००.०००** |

*श्रोत: स्थलगत सर्भेक्षण २०८१, गुगल फोटो र जि.आई.एस .नक्साङ्कन*




*नक्सा २ : सुनापति गाउँपालिकाको विद्यमान भू-उपयोग नक्सा*

## २.३ गाउँपालिकाको आवधिक योजनाको मार्गचित्र

गाउँपालिकाको पहिलो आवधिक योजनाको दीर्घकालीन सोच, उद्धेश्य तथा रणनीतिहरू देहायबमोजिम तय गरिएका छन् ।

### २.३.१ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**➡ दीर्घकालीन सोच**

**उद्यमी र सुखी सुनापति :कृषि ,पर्यटन र शिक्षा हाम्रो सम्पत्ति**

**➡ लक्ष्य**

कृषिको आधुनिकरण गर्दै आर्थिक एवम् सामाजिक स्तरमा वृद्धि, पर्यटन तथा शिक्षा क्षेत्रको विकास एवम् दिगो पूर्वाधारहरुको विकास, स्वावलम्बी एवम् आत्मनिर्भर नागरिक तयार गरि सभ्य, सुसंस्कृत, शासनयुक्त समाजको निर्माण गर्ने ।

**➡ उद्देश्य**

१. व्यवसायिक कृषि, पशुपालन र स्थानीय उद्योग व्यवसायद्वारा रोजगारी र आयमा वृद्धि गर्ने ।
२. पर्यटकीय क्षेत्र प्रवर्द्धन तथा गुरुयोजना वा डिपिआर तयार गरि पर्यटन पूर्वाधार निर्माण गर्ने ।
३. शिक्षा गुरुयोजना निर्माण गरि शैक्षिक पूर्वाधार निर्माण तथा शिक्षा क्षेत्रको विकास गर्ने ।
४. आधारभूत स्वास्थ्य र सरसफाइ तथा गुणस्तरीय शिक्षाका माध्यमबाट समावेशी विकास गर्ने ।

५. गाउँपालिकालाई आर्थिक तथा सामाजिक विकास तर्फ अग्रसर गराउने ।
६. वातावरण मैत्री दिगो भौतिक पूर्वाधारहरुको विकास गर्ने ।
७. प्राकृतिक स्रोत र साधनहरुको दिगो उपयोग गर्ने ।

## २.४ समृद्धिका सात मुख्य सम्वाहकहरू

आवधिक योजनाले तय गरेका गाउँपालिकाको समृद्धिका सात मुख्य सम्वाहकहरू देहायअनुसार रहेका छन्:

१. कृषि
२. उद्योग
३. पर्यटन
४. शिक्षा
५. पूर्वाधार
६. मानव संसाधन
७. सुशासन

**➡ परिमाणात्मक लक्ष्यहरु**

गाउँपालिकाको आवधिक योजनाको अवधि (आ.व. २०८१/०८२- २०८५/०८६) रहेको छ । यस आवधिक योजनाले निर्दिष्ट गरेका परिमाणात्मक लक्ष्यहरु तलको तालिकामा प्रस्तुत गरिएको छः

*तालिका ८ : परिमाणात्मक लक्ष्यहरु*

| क .स. | सूचकहरु | इकाई | हालको अवस्था | पाँच वर्षे लक्ष्य |
|---|---|---|---|---|
| **सडक तथा यातायात पूर्वाधार** | | | | |
| १ | कच्ची, ग्राभेल र पक्की सडक पहुँच भएका परिवार | प्रतिशत | - | १०० |
| २ | पक्की सडक (कालोपत्रे) | कि.मि. | ६ | ७५ |
| ३ | ग्राभेल सडक | कि.मि. | ५ | ५० |
| ४ | कच्ची सडक | कि.मि. | ११५ | ५० |
| ५ | ३० मिनेट सम्मको दुरीमा यातायात पहुँच भएको परिवार | प्रतिशत | - | ९० |
| ६ | नयाँ पक्की पुल निर्माण | सङ्ख्या | - | ४ |
| ७ | झोलुङ्गे पुल सङ्ख्या | सङ्ख्या | १४ | १९ |
| ८ | व्यवस्थित बसपार्क | सङ्ख्या | - | १ |
| ९ | सडक यातायात गुरुयोजना | सङ्ख्या | निमाणाधिन | कार्यान्वयन |
| **विद्युत, सञ्चार, सिंचाई, खानेपानी तथा सरसफाइ** | | | | |
| १ | केन्द्रिय विद्युत प्रशारण लाईनमा पहुँच भएका परिवार | प्रतिशत | ९७.९७ | १०० |
| २ | सोलार लाईटमा पहुँच भएका परिवार | प्रतिशत | १.४५ | १५ |
| ३ | सिंचित कृषि भूमि | हेक्टर | | ४,२०० |
| ४ | सिंचाई, खानेपानी तथा सरसफाइ गुरुयोजना | सङ्ख्या | - | १ |
| ५ | आधारभुत खानेपानी पहुँच भएका परिवार | प्रतिशत | ९०.०३ | १०० |
| ६ | पाईप मार्फत घर भित्रै खानेपानी पुगेको घरपरिवार | प्रतिशत | ६०.३९ | ९५ |

| क्र .स. | सूचकहरु | इकाई | हालको अवस्था | पाँच वर्षे लक्ष्य |
|---|---|---|---|---|
| ७ | शौचालय प्रयोग गर्ने परिवार | प्रतिशत | ९७.१४ | १०० |
| ८ | फ्लस शौचालय भएको घर परिवार | प्रतिशत | ७२.२९ | ८५ |
| ९ | ढल सञ्जालमा जोडिएको घरधुरी | प्रतिशत | - | बजार क्षेत्रको २५ प्रतिशत |
| **भवन, सार्वजनिक सेवामा पहुँच तथा पूर्वाधार** | | | | |
| १ | सामुदायिक भवनहरुको सङ्ख्या | सङ्ख्या | | २५ |
| २ | आफ्नै स्वामित्तको आवास भएका घरधुरीहरु | प्रतिशत | ९८.५४ | ९९ |
| ३ | सुरक्षित भवन (संहिताको मापदण्ड बमोजिम निर्मित आवास)मा बसोबास गर्ने जनसङ्ख्या | प्रतिशत | | ९० |
| ४ | स्मार्ट मोबाईल प्रयोगकर्ता | प्रतिशत | ४८.८४ | ७० |
| ५ | साधारण मोबाईल प्रयोगकर्ता | प्रतिशत | ८४.८३ | ९० |
| ६ | ईन्टरनेटमा पहुँच | प्रतिशत | ५.४१ | ५० |
| ७ | बैंक तथा बजार केन्द्रमा पुग्न लाग्ने औसत समय | मिनेट | - | ३० |
| ८ | बैंकिङ तथा वित्तीय सेवामा खाता हुने परिवार | प्रतिशत | - | ७५ |
| **आर्थिक विकास तथा पर्यटन** | | | | |
| १ | बेरोजगारी दर(य जनसङ्ख्या मध्येसक्रि) | प्रतिशत | ५.९ | ३ |
| २ | प्रतिदिन १.२५ अमेरिकी डलर भन्दा कम आम्दानी हुने परिवार | प्रतिशत | - | १० |
| ३ | आर्थिक रुपले सक्रिय जनशक्ति | प्रतिशत | ५९.५३ | ६५ |
| ४ | कृषि फार्म | सङ्ख्या | ३८ | १०० |
| ५ | गलैचा उद्योग | सङ्ख्या | ३ | ८ |
| ६ | डेरी उद्योग | सङ्ख्या | १ | २ |
| ७ | कोल्ड स्टोर तथा चिस्यान केन्द्र | सङ्ख्या | १ | ३ |
| ८ | व्यवसायिक तथा शीपमुलक तालिम लिने जनसङ्ख्या | सङ्ख्या | २७५ | ४०० |
| ९ | औद्योगिक ग्राम | सङ्ख्या | ० | १ |
| १० | वार्षिक पर्यटक आवागमन(आन्तरिक समेत) | सङ्ख्या | - | ५०,००० |
| ११ | आवासीय सुविधा रहेका होटलहरु | सङ्ख्या | ८ | ५० |
| १२ | व्यवस्थित होमस्टे सञ्चालन क्षेत्र (स्थान) | सङ्ख्या | ४ | १० |
| **शिक्षा तथा साक्षरता** | | | | |
| १ | साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत | ६१.९३ | ७५ |
| २ | खानेपानी तथा बालिकामैत्री शौचालय भएका विद्यालय | प्रतिशत | १०० | १०० |
| ३ | विज्ञान ल्याब, कम्प्यूटर ल्याब भएका विद्यालय | सङ्ख्या | १२ | २२ |
| ४ | प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालन भएका विद्यालय | सङ्ख्या | २ | ३ |
| ५ | कुल विद्यार्थी | सङ्ख्या | २,९१७ | ३,४०० |
| ६ | आधारभूत विद्यालयको पहुँच(मिनेट भित्र ३०) | प्रतिशत | - | ९० |
| ७ | माध्यामिक शिक्षालयको पहुँच(घण्टा भित्र १) | प्रतिशत | - | ८५ |
| **स्वास्थ्य सेवा तथा सुविधा** | | | | |
| १ | १० शैयाको अस्पताल | सङ्ख्या | निर्माणाधिन | सञ्चालन तथा व्यवस्थापन |
| २ | पूर्ण खोप लिने बालबालिका | प्रतिशत | ७८.३ | ९० |

| क .स. | सूचकहरु | इकाई | हालको अवस्था | पाँच वर्षे लक्ष्य |
|---|---|---|---|---|
| ३ | कम तौल भएका नवजात शिशु | प्रतिशत | ६ | १.५ |
| ४ | संस्थागत सुत्केरी | प्रतिशत | ४५ | ८० |
| ५ | भिटामिन ए सेवन गर्ने बालबालिका | प्रतिशत | १०० | १०० |
| ६ | १ घण्टा भित्र स्वास्थ्य सेवाको पहुँच पुग्ने परिवार | प्रतिशत | - | ९० |
| ७ | स्वास्थ्य बीमा गर्ने परिवार | प्रतिशत | १० | ९० |
| **विपद् व्यवस्थापन** | | | | |
| १ | प्रकोपबाट सुरक्षित भएका घरपरिवार | प्रतिशत | | ५० |
| २ | विपद् व्यवस्थापन कार्ययोजना निर्माण | अवस्था | निर्माणाधिन | निर्माण भएको |
| ३ | विपद् जोखिम नक्साङ्कन कार्य | अवस्था | नभएको | तयार भएको |
| ४ | विपद् व्यवस्थापन सामग्री | अवस्था | सबै वडामा नपुगेको | सबै वडामा पुगेको |
| ५ | एकीकृत बस्ती विकास योजना (बस्ती स्थानान्तरण) | अवस्था | नभएको | निर्माण भएको |
| ६ | जनचेतना कार्यक्रम | सङ्ख्या | भएको | १० |
| ७ | विपद् व्यवस्थापन कोष | अवस्था | | स्थापना |
| ८ | प्रकोप जोखिम व्यवस्थापन तालिम प्राप्त जनशक्ति | सङ्ख्या | | १०० |
| **सुशासन तथा सेवा पहुँच** | | | | |
| १ | गाउँपालिकामा जनशक्ति व्यवस्थापन | अवस्था | कमी | पूर्ण भएको |
| २ | तालिम प्राप्त जनशक्ति | सङ्ख्या | - | ५० |
| ३ | वडामा विद्युतीय कारोबार | अवस्था | नभएको | भएको |
| ४ | वेरुजु नियन्त्रण | अवस्था | नियन्त्रण | नियन्त्रण |
| ५ | गाउँपालिकाको सेवा प्रवाहको एप निर्माण | अवस्था | नभएको | एपको प्रयोग |
| ६ | डिजिटल प्रोफाइल निर्माण | अवस्था | नभएको | तयार भएको |
| ७ | नागरिक सन्तुष्टि सर्वेक्षण | अवस्था | नभएको | तयार भएको |
| ८ | भ्रष्टाचार विरुद्ध शुन्य सहनशिलता | अवस्था | नभएको | भएको |
| ९ | आयोजनाहरुको सार्वजनिक सुनवाई र सामाजिक लेखा परीक्षण | अवस्था | भएको | वार्षिक रुपमा |

*स्रोतः राष्ट्रिय जनगणना-२०७८, आवधिक योजना (आ.व. २०८१/०८२- २०८५/०८६) सुनापति गाउँपालिका ,सोह्रौ योजना (राष्ट्रिय योजना आयोग), नेपाल जनसाङ्खिकीय तथा स्वास्थ्य सर्भेक्षण २०७८ ,आर्थिक सर्वेक्षण २०८०-८१ , दिगो विकासका लक्ष्यहरुः प्रदेशको अवस्था तथा मार्गचित्र २०१९-२०३० (प्रदेश नीति तथा योजना आयोग)*

## २.५ आवधिक योजनाको अवधि (आ.व. २०८१/०८२- २०८५/०८६) कुल लगानी प्रक्षेपण

गाउँपालिकालिकाले पहिलो आवधिक योजनाको लागि वार्षिक २ अर्ब ७ करोड ५३ लाख ८५ हजार गरि पाँच वर्षको कूल रकम रु १० अर्ब ३७ करोड ६९ लाख २५ हजार विनियोजन गर्नुपर्ने देखिन्छ। जसमध्ये पहिलो आ.व.मा १ अर्ब ४० करोड ७१ लाख ५५ हजार, दोस्रो आ.व. मा १ अर्ब ८३ करोड ५६ लाख १५ हजार, तेस्रो आ.व. मा २ अर्ब ९ करोड ७६ लाख ५० हजार, चौथो आ.व. मा २ अर्ब ३२ करोड ३६ लाख ३५ हजार र पाँचौं आ.व. मा २ अर्ब ७४ करोड ८८ लाख ७० हजार खर्च गर्नुपर्ने देखिन्छ।

| *तालिका ९ : विषय क्षेत्र अनुसार आवश्यक बजेट सारांश* | | | | | | |
|---|---|---|---|---|---|---|
| **विषय क्षेत्र** | **आ.व.** | | | | | **जम्मा** |
| | **०८१/०८२** | **०८२/०८३** | **०८३/०८४** | **०८४/०८५** | **०८५/०८६** | |
| **आर्थिक विकास** | | | | | | |
| कृषि | २४१५० | २८७७५ | ३५५५० | ४४१७५ | ४६०५० | **१७८६५०** |
| पशु सेवा | ८८७५ | १२०२५ | १३६७५ | १२०७५ | ७९७५ | **५५६२५** |
| सिंचाई | २०१६०० | २२५९०० | २५०९०० | ३२५९०० | ३५०९०० | **१३५५२००** |
| उद्योग व्यवसाय | १५१०० | २०१०० | २४६०० | ११६०० | ११६०० | **८३०००** |
| पर्यटन | ७२००० | ७६५०० | १००००० | १०६००० | ११९००० | **४७३५००** |
| बैंक तथा वित्तीय संस्था | २०५० | २०७५ | २१०० | २१२५ | २२०० | **१०८५०** |
| श्रम, रोजगार तथा गरिबी निवारण | ४६०५ | ४९१५ | ५२२५ | ५५३५ | ५८४५ | **८०१२५** |
| **जम्मा** | **३२८३८०** | **३७०२९०** | **४३२०५०** | **५०७४१०** | **५४३५७०** | **२२३६९५०** |
| **सामाजिक विकास** | | | | | | |
| स्वास्थ्य | १३२०० | २३७५० | ३०८०० | ७८५० | १०९०० | **८५२५०** |
| शिक्षा | ६६५६० | ८४५८५ | ९६२१० | १०६८८५ | ११२७६० | **३६७०००** |
| खानेपानी तथा सरसफाइ | १८००० | १८००० | १७५०० | १७५०० | १८५०० | **९८५००** |
| महिला, बालबालिका, सामाजिक समावेशीकरण | २४४१५ | २२४१५ | २५४६५ | १५५१५ | १३०६५ | **१००८७५** |
| भाषा, कला, संस्कृति | ११९०० | १४१०० | १४१०० | ५६०० | ७६०० | **५१५००** |
| युवा तथा खेलकुद | २२६०० | ३५१०० | ३७६०० | ४२६०० | ४७६०० | **१८५५००** |
| **जम्मा** | **१४२६७५** | **१७४२००** | **१९०८७५** | **१८८१००** | **१९९५२५** | **८०३३७५** |
| **भौतिक विकास पूर्वाधार** | | | | | | |
| सडक तथा यातायात | ८३५००० | ११७९५०० | १३६१००० | १५१५००० | १८९०००० | **६७७०५००** |
| वस्ती विकास | २९५०० | ३३००० | ३०५०० | २०५०० | २०५०० | **१३४०००** |
| विद्युत तथा उर्जा | ११७५० | १५७५० | १९७५० | १९७५० | १९७५० | **९४११०** |
| सञ्चार | ११५०० | १५००० | १६००० | १८५०० | २२००० | **८३०००** |
| **जम्मा** | **८८७७५०** | **१२४३२५०** | **१४२७२५०** | **१५७३७५०** | **१९५२२५०** | **७०८४२५०** |
| **वन, वातावरण तथा विपद् व्यवस्थापन** | | | | | | |
| वन, वातावरण तथा विपद् व्यवस्थापन | ३४७०० | ४१३०० | ४०५५० | ४७८०० | ४६३०० | **२१०६५०** |
| **जम्मा** | **३४७००** | **४१३००** | **४०५५०** | **४७८००** | **४६३००** | **२१०६५०** |
| **संस्थागत विकास तथा सुशासन** | | | | | | |
| संस्थागत विकास तथा सुशासन | १३६५० | ६५७५ | ६९२५ | ६५७५ | ७२२५ | ४१७०० |
| **जम्मा** | **१३६५०** | **६५७५** | **६९२५** | **६५७५** | **७२२५** | ४१७०० |
| **कुल जम्मा** | **१४०७१५५** | **१८३५६१५** | **२०९७६५०** | **२३२३६३५** | **२७४८८७०** | **१०३७६९२५** |

*श्रोत : सुनापति गाउँपालिकाको आवधिक योजना (आ.व. २०८१/०८२- २०८५/०८६)*

### २.६ यथार्थ आय तथा प्रक्षेपण

आर्थिक वर्ष २०७८/७९ मा आन्तरिक आयको हिस्सा ०.४३ प्रतिशत रहेको छ भने बाह्य आयको हिस्सा ६७.४४ प्रतिशत रहेको छ र राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम १३.५९ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०८०/८१ मा भने आन्तरिक आयको हिस्सा १.५१ प्रतिशत, बाह्य आय ७३.६९ प्रतिशत र राजस्व

बाँडफाँडबाट प्राप्त हुने रकम १६.८६ प्रतिशत आँकलन गरिएको छ । तसर्थ सुनापति गाउँपालिकाले विशेष ध्यान दिएर आन्तरिक आय बढाउने नयाँ नीति तथा कार्यक्रमहरु ल्याउनुपर्ने देखिन्छ ।

*तालिका १० : सुनापति गाउँपालिकाको अन्तिम ३ आर्थिक वर्षको आयको अवस्था (हजारमा)*

| सि.नं. | विवरण | आ.व. २०७८/७९ को यथार्थ (%) | आ.व. २०७९/८० को यथार्थ (%) | आ.व. २०८०/८१ को अनुमानित (%) |
|---|---|---|---|---|
| १ | आन्तरिक आय | ०.४३ | ०.४४ | १.५१ |
| २ | राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम | १३.५९ | १०.९५ | १६.८६ |
| ३ | बाह्य अनुदान | ६७.४४ | ६८.१६ | ७३.६९ |
| ४ | वित्तीय सम्पत्ति तथा दायित्व | १८.५४ | २०.४५ | ७.९४ |
| | **जम्मा** | **१००.००** | **१००००.** | **१००००.** |

*श्रोत : सुनापति गाउँपालिकाको आवधिक योजना (आ.व. २०८१/०८२- २०८५/०८६)*

यस आवधिक योजनाले पहिचान गरेका योजना तथा कार्यक्रमहरुको कार्यान्वयनको लागि आगामी ५ वर्षको आयको अनुमानित प्रक्षेपण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका ११ : सुनापति गाउँपालिकाको आगामी ५ वर्षको आयको अनुमानित प्रक्षेपण (हजारमा)*

| **विवरण** | **आर्थिक वर्ष** | | | | |
|---|---|---|---|---|---|
| | **०८१/०८२** | **०८२/०८३** | **०८३/०८४** | **०८४/०८५** | **०८५/०८६** |
| आन्तरिक आय | ९१५२.३६ | १००६७.६ | ११०७४.३६ | १२१८१.७९ | १३३९९.९७ |
| बाह्य आय | १०२०४३.८१ | ११२२४८.१९ | १२३४७३.०१ | १३५८२०.३१ | १४९४०२.३४ |
| राजस्व बाँडफाँड | ४४६०८०.८ | ४९०६८८.८८ | ५३९७५७.७७ | ५९३७३३.५४ | ६५३१०६.९ |
| वित्तीय सम्पत्ति तथा दायित्व | ४८०७७.३४ | ५२८८५.०७ | ५८१७३.५८ | ६३९९०.९४ | ७०३९०.०३ |
| **कुल आय** | **६०५३५४.३१** | **६६५८८९.७४** | **७३२४७८.७२** | **८०५७२६.५९** | **८८६२९९.२५** |

*श्रोत : सुनापति गाउँपालिकाको आवधिक योजना (आ.व. २०८१/०८२- २०८५/०८६)*

### २.७ सहकारी क्षेत्रको स्रोत परिचालन

नेपालको संविधानद्वारा निर्दिष्ट गरिएको अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीति अन्तर्गत सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने भन्ने स्पष्ट उल्लेख गरिएको छ । सुनापति गाउँपालिकाको आर्थिक, सामाजिक विकासमा सहकारी क्षेत्रबाट उल्लेख्य योगदान पुग्न सञ्चालन सम्भावना देखिन्छ । यस गाउँपालिकामा दर्ता भएका सहकारी संस्थाहरू न्यून रहेका छन् र सञ्चालनमा रहेका सहकारी संस्थाहरूबाट आर्थिक विकासमा सहकारी क्षेत्रबाट खासै योगदान रहेको देखिंदैन । गाउँपालिकामा दर्ता भई सञ्चालनमा रहेका कृषक सहकारी संस्थाहरुबाट समेत गाउँपालिकाको आर्थिक विकासमा उपलब्धिमुलक योगदान हुन सकेको छैन । गाउँपालिकामा निर्माणाधिन सडक, कृषि तथा वन जन्य उपजहरू, उपलब्ध विभिन्न प्रकारका जडिबुटी, पर्यटन व्यवसायका अवसरहरू र उपभोक्ता सहकारी पसलका सम्भावनाहरूलाई विचार गर्दा आगामी दिनहरूमा यस गाउँपालिकामा सहकारी क्षेत्रमा उद्यमशीलताको विकास भई आर्थिक विकासमा उल्लेख्य योगदान पुग्ने अपेक्षा गरिएको छ ।

## २.८ नीजि क्षेत्रको स्रोत परिचालन

नेपालको संविधानद्वारा निर्दिष्ट गरिएको अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीति अन्तर्गत अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्व दिंदै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरि आर्थिक समृद्धि हासिल गर्ने उल्लेख गरिएको छ । सुनापति गाउँपालिकाको सन्दर्भमा माथि उल्लेख भए अनुसार गाउँपालिकाको सडक स्तरोन्नति, पर्यटन व्यवसायका अवसरहरू, विद्युतको तार व्यवस्थापन कार्य, गाउँपालिकामा पाइने कृषि तथा वन जन्य उपजहरू, उपलब्ध विभिन्न प्रकारका जडिबुटीलाई उपयोग गर्दै स्थानीय स्रोतको सदुपयोग गर्दै सम्भाव्य कृषि र पर्यटनमा आधारित घरेलु तथा साना उद्योग व्यवसायको विकास तथा विस्तार गरिने छ । लघु तथा घरेलु उद्योगहरूको स्थितिमा सुधार गरि निजी क्षेत्रबाट गाउँपालिकाको आर्थिक विकासमा सघाउन स्थानीय कच्चा पदार्थहरूमा आधारित बढी मूल्य अभिवृद्धि हुने उत्पादनशील उद्योगहरूको सम्भाव्यता अध्ययन गरि विस्तार गरिने छ । औद्योगिक प्रवर्द्धनका लागि आवश्यक सीप, पूँजी तथा उद्यमशीलताको विकास गरिने छ । स्थानीय कृषि तथा वन जन्य उपजहरूको संरक्षण गर्न शीत गृहको निर्माण गरिने छ । यसैगरि गाउँपालिकाद्वारा निजी क्षेत्र मैत्री कर नीति अनुसरण गरि विभिन्न सुविधाहरू प्रदान गरिने छ । पर्यटनलाई उद्योग व्यवसायको रुपमा निजी क्षेत्रको लगानी तथा अगुवाईमा विस्तार तथा विकास गरिने छ । यस गाउँपालिका क्षेत्रमा निजी क्षेत्रबाट लघु जलविद्युत आयोजनाहरू निर्माण तथा सञ्चालन गर्ने सम्भावनाहरू पनि रहेका छन् । गाउँपालिकामा उपभोग्य बस्तुहरूको आपूर्तिलाई सहज तुल्याउन एवम् स्थानीय उत्पादनको बजारीकरणमा सघाउन निजी क्षेत्रको लगानीमा वृद्धि गर्नमा सघाउ पुऱ्याइने छ ।

# परिच्छेद ३ : प्रमुख क्षेत्रको विश्लेषण र दिगो विकास लक्ष्यको स्थानीयकरण

यस गाउँपालिकाको विकासका समस्याहरूलाई दुइवटा विधिबाट विश्लेषण गरिएको छ । पहिलो विधि अनुसार अध्ययनकर्ता स्वयमले अवलोकन गररे र दोस्रो विधिमा विभिन्न सरोकारवाला, विज्ञ र गाउँपालिकाको जनप्रतिनिधि र कर्मचारीहरूसँगको छलफल र अन्तरवार्ता गरेर समस्याहरू पहिचान गर्ने प्रयास गरिएको छ । समस्या विश्लेषणलाई निम्म लिखित पाँचवटा विकासका क्षेत्रहरूसँग जोडेर गरिएको छ । यहाँ राष्ट्रिय योजना आयोगले तर्जुमा गरेको "दिगो विकासका लक्ष्यहरूः वर्तमान अवस्था र भावी मार्गचित्र, २०१६–२०३०" ले निर्धारण गरेको एसडिजी (SDGs) सम्बन्धी सूचकहरुको सुधारमा के-कसरी अगाडी बढ्न सकिन्छ भनेर व्याख्या गरिएको छ । दिगो विकास विश्वव्यापी रूपमा समृद्धिको सिर्जना (Generating Prosperity) वितरण (Sharing) र दिगोपना (Sustaining), हासिल गर्नेसँग जोडिएको विश्वव्यापी कार्यसूची पनि हो । समग्र मानव विकासका निमित्त आर्थिक विकास र भौतिक पूर्वाधारको विकास पनि उत्तिकै महत्वपूर्ण हुन्छन् ।

## स्थानीय तहमा दिगो विकास लक्ष्यको आन्तरिकीकरण

| |
|---|
| (क) सार्वजनिक सेवाको महत्वपूर्ण जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण |
| (ख) स्रोत साधनको विकेन्द्रीकरण |
| (ग) दिगो विकास लक्ष्यलाई स्थानीय परिवेश अनुसार प्राथमिकीकरण |
| (घ) स्थानीय खर्चको गुणस्तर र उत्पादकत्व वृद्धि |

## ३.१ दिगो विकास सान्दर्भिक सूचकहरू

नेपाल सरकारले परिभाषित गरेका दिगो विकास लक्ष्यका ४७९ वटा राष्ट्रिय सूचकहरू दिगो विकास लक्ष्य सम्बन्धी आधाररेखा प्रतिवेदनले देखाएको छ । स्थानीय तहका आबधिक विकास योजना र मध्यमकालिन खर्च संरचना बनाउन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको स्थानीय तहको लागि मध्यमकालिन खर्च संरचना तयारी दिग्दर्शनले ५ प्रमुख क्षेत्र र २५ उपक्षेत्र निर्धारण गरेको छ (अनुसूची १) । दिगो विकासका १७ वटा लक्ष्य र १६९ परिमाणात्मक लक्ष्यहरू मध्ये नेपालले कार्यान्वयन गरेका १६ वटा (लक्ष्य-१४ का दश परिमाणात्मक लक्ष्य बाहेक) लक्ष्यका १५९ परिमाणात्मक लक्ष्यहरू मध्ये ५८ परिमाणात्मक लक्ष्य स्थानीय तहसँग प्रत्यक्ष रूपमा सम्बन्धित रहेका छन् (अनुसूची १) ।

## ३.२ दिगो विकास लक्ष्य कार्यान्वयनका खाकाहरु

दिगो विकासको आकांक्षालाई साकार पार्न सुनापति गाउँपालिकाले दिगो विकासका एजेण्डालाई विभिन्न प्राथमिकताको क्षेत्र र एक लक्ष्यमा भएको प्रगतिले अर्को लक्ष्य वा क्षेत्रमा के कस्तो प्रभाव पर्दछ भन्ने आधारमा दिगो विकास लक्ष्य कार्यान्वयनको नतिजा मापन एकीकृत र मौलिक रुपले गर्नु पर्दछ । सुनापति गाउँपालिकाले एजेण्डा २०३० अनुरुप र राष्ट्रिय दीर्घकालीन सोचलाई परिपूरणका लागि **"समृद्ध, उद्यमी र सुखी सुनापति: कृषि, पर्यटन र शिक्षा हाम्रो सम्पत्ति"** को दीर्घकालीन सोच अगाडी सारेको छ । उक्त दीर्घकालीन सोच प्राप्त गर्न सुनापति गाउँपालिकाले दिगो विकासलाई निम्न आयाममा विभक्त गरि कार्यान्वयन खाका बनाएको छ ।




*चित्र ३ : दिगो विकासका लक्ष्यहरु (१७ वटा लक्ष्यहरु)*

### ३.२.१ आर्थिक विकाससँग जोडिएको क्षेत्राधिकार (दिगो विकास लक्ष्यहरु १, २, ८, १०)

समग्र दिगो विकासका स्थानीयस्तरका लक्ष्यलाई स्थानीय तहको योजना तर्जुमाका विभिन्न विषयगत समिति तथा विकासका क्षेत्रसँग समूहकृत गर्नुपर्ने हुन्छ । स्थानीय तहमा रहेका आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण संरक्षण एवम् संस्थागत विकास र सुशासन समितिहरूका क्रियाशीलताले दिगो विकास लक्ष्यको स्थानीयकरण गर्न योगदान पुऱ्याउँछ । नेपालको संविधान २०७२ ले स्थानीय तहलाई विकासका यी पाँचै क्षेत्रमा प्रष्ट अधिकार तथा जिम्मेवारी प्रदान गरेको छ । स्थानीय तह विकास र राजनीतिक एकाईका अलावा एक सशक्त आर्थिक एकाई समेत हुन् । संविधानले गाँउपालिका र नगरपालिकालाई स्थानीय बजारको व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, सहकारी जस्ता स्थानीय आर्थिक विकासको जिम्मेवारी प्रदान गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लघु, घरेलु तथा साना उद्योगको दर्ता तथा नियमन सम्बन्धी र स्थानीय संघ संस्था दर्ता, नियमन र परिचालनको जिम्मेवारी, अर्तिक उपार्जन सञ्चालन जस्ता आधारहरु प्रदान गरेको छ । यी विषय दिगो विकास **लक्ष्य-१ (शून्य गरिबी), लक्ष्य-२ (भोकमरीको अन्त्य), लक्ष्य-८ (मर्यादित काम तथा आर्थिक वृद्धि) र लक्ष्य-१० (असमानताको न्यूनीकरण)** सँग जोडिएका छन् ।

यसका लागि कृषि तथा पशुपन्छी विकास, सिंचाई, पर्यटन, प्राकृतिक स्रोत व्यवस्थापन, उद्योग, व्यापार र व्यवसाय, आपूर्ति, बैंक, वित्तीय संस्था र सहकारी क्षेत्र आदि मार्फत रोजगारीको सिर्जनागरि अगाडी बढ्ने लक्ष्य राखिएको छ । खास गरेर कृषि क्षेत्रले आर्थिक गतिविधिको प्रवर्द्धन, गरिबका लागि आर्थिक अवसरको सिर्जना, पिछडिएका समुदायको सशक्तीकरण, व्यक्तिगत जोखिमलाई सामूहिक जोखिममा रूपान्तरण गरेर जोखिमको न्यूनिकरण आदि कार्य गर्न सक्दछ । पर्यटन क्षेत्रले अन्य उत्पादनशील तथा सेवा क्षेत्रहरू बीच अन्तर सम्बन्ध स्थापित गर्ने छ । कृषि क्षेत्रको मूल्य श्रृङ्खलाले पर्यटनको मूल्य श्रृङ्खलालाई सहयोग गर्नेछ भने स्थानीय पर्यटकीय क्षेत्रले कृषि उत्पादनको बजारीकरण सहयोग पुऱ्याउने छ । स्थानीय

उत्पादनकर्तासँग सहकार्य गरि पर्यटन क्षेत्रको विकास गर्नुपर्दछ र जसले गाउँपालिकाको उच्च आर्थिक वृद्धिमा सहयोग पुग्ने छ । सबै नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, बैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगरि समाजका हरेक पक्ष सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्तिको विकास मार्फत गरिबीको अन्त ।

### ३ २.२. सामाजिक विकास विकाससँग जोडिएको क्षेत्राधिकार (दिगो विकास लक्ष्यहरु ३, ४, ५, ६)

सामाजिक विकासको क्षेत्र अन्तर्गत स्थानीय तहको क्षेत्राधिकार भित्र मुख्य गरेर चार वटा प्रमुख क्षेत्र पर्दछन् । यसमा शैक्षिक विकासमा आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा, स्थानीय स्तरमा खानेपानी तथा सरसफाइ व्यवस्थापन, लैंगिक समानता तथा सामाजिक समावेशिता जस्ता स्थानीय विकासका महत्वपुर्ण पक्षहरू रहेका छन् । सामाजिक विकाससँग दिगो विकास लक्ष्यका चार वटा **लक्ष्य, लक्ष्य-३ (स्वस्थ जीवन), लक्ष्य-४ (गुणस्तरीय शिक्षा),लक्ष्य-५ (लैंगिक समानता) र लक्ष्य-६ (स्वच्छ खानेपानी तथा सरसफाइ)** सँग सम्बन्धित छन् ।

संविधान प्रदत्त स्वास्थ्य सम्बन्धी मौलिक हक सुनिश्चित गर्नका लागि सबै नागरिकको स्वास्थ्य सेवामा पहुँच र उपभोगको अवसर सिर्जना गर्दै, सबै तहको शिक्षालाई पहुँचयोग्य, गुणस्तरीय, प्रविधिमैत्री र जीवनोपयोगी बनाउन जस्ता आधारहरु साथै खाद्य आपूर्ति, सुक्ष्म पोषक तत्व उपभोग र झाडापखालाको नियन्त्रण एकीकृत अवधारणालाई उच्च प्राथमिकतामा राख्नु आवश्यक छ । यसका लागि गाउँपालिकाले जमिनको उत्पादकत्वलाई बढाउने र खाद्यान्नको मूल्य श्रृङ्खला सुचारु गर्नुपर्ने जस्ता कार्यहरुलाई प्राथमिकतामा राख्नु पर्दछ । लैंङ्गिक समानता र सामाजिक समावेशीकरण तथा महिला सशक्तीकरण प्राप्ति, सार्वजनिक नीति निर्माण तह र व्यावसायिक कार्यालयहरूमा महिलाहरूको सहभागिता बढाउने कार्यलाई निरन्तरता जस्ता आधारहरु रहेका छन् । महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्रदान गर्नु, सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक, दलित महिलाले समानुपातिक रूपमा प्राप्त गर्ने गरि न्यायोचित अवसरहरु साथै गाउँपालिकाको नीति, कानुन, यो्जना, कार्यक्रम, सेवा प्रवाह र संस्थागत संरचनालाई लैंगिक समानता मूल प्रबाहिकरण मार्फत लैंगिक समानतामैत्री, संबेदनशिल तथा उत्तरदायी बनाउन सहयोग गर्नु जस्ता कार्यहरु सामाजिक विकास विकाससँग जोडिएको क्षेत्राधिकारमा पर्दछन ।

### ३.२.३ पूर्वाधार विकास विकाससँग जोडिएको क्षेत्राधिकार (दिगो विकास लक्ष्यहरु ७, ९, ११)

यस अन्तर्गत भौतिक पूर्वाधार जस्तै स्थानीय सडक, यातायात, विद्युत, शहरी विकास र बस्ती विकास जस्ता महत्वपूर्ण पक्षहर पूर्वाधार विकास क्षेत्रको रूपमा रहेक छन् । सो अनुसार पूर्वाधार विकासतर्फ दिगो विकास **लक्ष्य-९ (उद्योग, नविनता एवम् पूर्वाधार) लक्ष्य-११ (दिगो शहर तथा समुदाय) र लक्ष्य-७ (धान्न सक्ने र सफा ऊर्जा)** पर्दछन् ।

यस अन्तर्गत सार्वजनिक भवन तथा संरचनाको निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापनको जिम्मा स्थानीय सरकारलाई दिएको छ । पूर्वाधार विकासका लागि आवश्यक लगानी, पूर्वाधार, कृषि र उद्योगमा

रहेका आयोजनाहरूका लागि आवश्यक ऊर्जा वयवस्थापन जस्ता कुराहरु समावेश छन् । सडक तथा यातायातको पहुँच सुधार गर्ने, सञ्चालित सडकहरू स्तरोन्नति र नियमित मर्मत सम्भारको व्यवस्था, सबै वडा केन्द्र, मुख्य बजार र बस्तीहरु जोडने सडक सञ्जाल निर्माण गर्ने, सडक तथा यातायात पूर्वाधार निर्माण गर्दा स्थानीय साधन, श्रोत र सीपको प्रयोग लिनु पर्दछ । आम नागरिकको जीवनलाई सरल र सहज बनाउन र आर्थिक तथा सामाजिक विकास गर्न विद्युत तथा उर्जाको महत्व दिनु, सुरक्षित बस्ती विकास, व्यवस्थित बस्ती विकास गरि शहरीकरणलाई व्यवस्थित गर्ने, सुरक्षित स्थानहरु पहिचान गरि सुरक्षित बस्ती तथा आवास निर्माण, वकासका दृष्टिले पछाडि परेका क्षेत्रलाई प्राथमिकता दिँदै सन्तुलित, वातावरण अनुकूल, गुणस्तरीय वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिँदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरि यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित र अपाङ्गता भएका व्यक्ति अनुकूल बनाउने र दिगो रूपमा भौतिक पूर्वाधारको विकास गर्ने कार्यहरु पूर्वाधार विकास विकाससँग जोडिएको क्षेत्राधिकार विकास क्षेत्राधिकारमा पर्दछन् ।

### ३.२.४ वन-वातावरण संरक्षण, जलाधार व्यवस्थापन जलवायु परिवर्तन, अनुकुलन विकास विकाससँग जोडिएको क्षेत्राधिकार (दिगो विकास लक्ष्यहरु १२, १३, १४, १५)

स्थानीय तहको कार्यक्षेत्र भित्र दिगो उपभोग तथा उत्पादन ढाँचाहरू सुनिश्चित गर्ने, वातावरण संरक्षण तथा जैविक विविधता संरक्षण, जलाधार व्यवस्थापन, सिमसार, वन्यजन्तु, खानी तथा खनिज पदार्थ, फोहरमैला व्यवस्थापन साथै बिपद् व्यवस्थापन विषय रहेका छन् । दिगो प्राकृतिक श्रोत व्यवस्थापन र स्थानीय जनताको जिविकोपार्जनको लागि जलाधार व्यवस्थापन एउटा यस्तो पद्धति हो जसले सबै विषयहरू जस्तै वन, कृषि, चरन आदिलाई समाहित गरेको हुन्छ । यस पद्धतिले जलाधार क्षेत्रको दुबै माथिल्लो तटिय र तल्लो तटिय क्षेत्रमा रहेका बहुसरोकारवालाहरूको बीचमा अन्तरक्रिया र सहयोग गराउँदछ । यी कार्यक्षेत्रको प्रभावकारी व्यवस्थापनका लागि स्थानीय तहले सङ्घ र प्रदेशसँग सहकार्य र समन्वय गर्न जरुरी हुन्छ । वातावरणीय दिगोपनाको सन्दर्भमा दिगो विकास **लक्ष्य-१२ (दिगो उत्पादन तथा उपभोग तथा उत्पादनप्रति जवाफदेहिता), लक्ष्य-१३ (जलवायु सम्बन्धी कार्य), लक्ष्य-१४ (समुद्रमुनिको जीवन) र लक्ष्य-१५ (जमिनमाथिको जीवन)** जोडिएका छन् ।

नेपालको संविधानमा वातावरणीय सन्तुलन र स्वच्छताको लागि वन क्षेत्र र जैविक विविधताको संरक्षण गर्न राज्यले प्राथमिकता दिनु पर्ने प्रावधान गरेको छ । स्वच्छ पर्यावरण, हरियाली, जैविक विविधता, प्राकृतिक रमणीयता, समुन्नत जलाधार, प्राकृतिक स्रोत व्यवस्थापनमा महिला, आदिवासी तथा स्थानीय समुदायको सहभागिता एवम् पहुँच र लाभको निष्पक्ष र न्यायोचित वितरण सुखी नेपालीका महत्वपूर्ण सूचक हुन् ।, कृषि र औद्योगिक क्रियाकलापहरूमा संलग्न गराएर गाउँपालिकाले लाभको फाइदा लिनेछ । गाउँपालिकाले परिकल्पना गरेको समृद्धि हासिल गर्न स्वास्थ्य र शिक्षाका साथै सीप विकासलाई संरचनागत रूपान्तरणको आवश्यकता हुनेछ वातावरण संरक्षण, जलवायु परिवर्तन, अनुकुलन र प्राकृतिक प्रकोप व्यवस्थापनको आयामको रूपमा हेरिनुपर्दछ । तथापि स्थानीय तहको वातावरणीय दिगोपना व्यवस्थापन सम्बन्धी खास भूमिका स्थानीय परिवेशमा भर पर्दछ । विकास र वातावरण बीच सन्तुलन कायम गर्नु, विद्यमान प्राकृतिक स्रोतहरुको समुचित प्रयोग गरि आय-आर्जन बढाउन, वन क्षेत्रलाई उद्योग र पर्यटनसँग आवद्ध गरि समृद्धि हासिल गर्नु वन वातावरण संरक्षण, जलाधार व्यवस्थापन जलवायु परिवर्तन, अनुकुलन विकास विकाससँग जोडिएको क्षेत्राधिकारमा पर्दछन् ।

### ३.२.५ संस्थागत विकास तथा सुशासन विकाससँग जोडिएको क्षेत्राधिकार (दिगो विकास लक्ष्यहरु १६, १७)

संस्थागत सुशासन कायम भई चुस्त तथा दुरुस्त आर्थिक प्रशासन, पारदर्शी, गुणस्तरीय, छिटोछरितो सेवा प्रवाह, सामाजिक सुरक्षाको प्रत्याभूति, स्थानीय निकायहरु तथा अन्य विकास सरोकारवाला संस्थाहरुको क्षमता अभिवृद्धि, कार्यक्रमहरुको तर्जुमा जस्ता कुराहरु पर्दछन् । कुनै पनि ठाउँको विकासमा मानव अधिकार, समानता र समता, समावेशीकरण, ऐक्यवद्धता र बहुलता जनताको समान योगदान हुनुपर्दछ । निजी तथा सामुदायिक क्षेत्र जस्ता गैरसरकारी साझेदारहरूलाई संलग्न गराएर लगानीको परिधिलाई विस्तार गर्ने, नतिजामुखी योजना तर्जुमा गर्नु, संस्थागत क्षमताको विकास गर्नु, स्थानीय न्याय सम्पादन प्रक्रियालाई प्रभावकारी र व्यवस्थित बनाउन आवश्यक कार्यविधि, नीति निर्माण र संस्थागत संरचना, असल शासन र शान्ति प्रत्याभूत गर्नु आदि दिगो विकास कार्यसूचीमा संस्थागत विकास तथा सुशासन सम्बन्धी विषयसमेत समावेश भएका छन् जुन विषय दिगो विकास **लक्ष्य १६ (शान्ति, न्याय र सबल संस्था)** र **लक्ष्य १७ (विश्वव्यापी साझेदारी)** सँग प्रत्यक्ष जोडिएका विषय हुन् ।

# परिच्छेद ४ : सुनापति गाउँपालिकामा दिगो विकास लक्ष्यको वर्तमान अवस्थाको विश्लेषण

## ४.१ गरिबीको अवस्था (लक्ष्य १)




**सबै ठाउँबाट सबै प्रकारको गरिबीको अन्त्य गर्ने ।**

लक्ष्य १ ले सन् २०३० सम्ममा सबै ठाउँका सबै जनताको चरम गरिबी उन्मूलन गर्ने प्रस्ताव गर्दछ । यस क्रममा यसले राष्ट्रिय रूपमा परिभाषित गरिबीको सीमा मुनि रहेका सबै उमेरका पुरुष, महिला र बालबालिकाको अनुपात उल्लेखनीय रूपमा घटाउने लक्ष्य लिएको छ ।

दिगो विकास लक्ष्यहरूले गरिबीलाई सबै रूप र आयाममा पहिचान गरि त्यसलाई अन्त्य गर्ने प्रयास गर्दछन् । त्यसैले राष्ट्रिय मौद्रिक गरिबीलाई राष्ट्रिय बहुआयामिक गरिबी सूचकाङ्कसँग बुझ्न जरुरी छ । बहुआयामिक गरिबी सूचकाङ्कले शिक्षा, स्वास्थ्य र जीवनस्तर जस्ता आयामहरूमा समानान्तर रूपमा जनताले सामना गर्ने अति बञ्चतीकरणलाई प्रतिबिम्बित गर्छ । तसर्थ गरिबीको अन्त्य गर्न एकातर्फ शिक्षा, स्वास्थ्य र सेवा सुविधाहरूमा सबै नागरिकको पहुँच वृद्धि गर्ने र अर्को तर्फ कृषिक्षेत्रमा रोजगारी वृद्धि गरि उत्पादन र उत्पाकतत्व वृद्धिमा जोड दिन जरुरी छ । सुनापति गाउँपालिकाको कुल जनसङ्ख्या १४,६५८ र कुल घरधुरी ४,१९३ रहेको छ जसमध्ये पुरुष ६,९४६ (४७.३९ प्रतिशत) र महिला ७,७१२ (५२.६१ प्रतिशत) रहेको छ । गाउँपालिकामा हाल १२.६ प्रतिशत परिवार गरिबीको रेखामुनी रहेका छन् । यस गाउँपालिकाको मानव विकास सूचाङ्क ०.६६ रहेको छ र माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसङ्ख्याको आम्दानीको अनुपात २०८५/०८६ मा १.१४ पुग्ने अनुमान गरिएको छ । यसर्थ गरिबी निवारणको लागि एकीकृत योजना, गरिब केन्द्रित नीति तथा कार्यक्रम र प्रतिफलको सघन अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणालीको विकास गरि प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

- जनताको गरिबीलाई सम्बोधन गर्न प्रत्यक्ष सहायता कार्यक्रम र आयआर्जन क्रियाकलापहरू
- (बीमा, जोखिम हस्तान्तरण, सामाजिक सुरक्षा, आदि) गरेर
- रोजगारी सिर्जना गर्ने साना तथा मझौला उद्यमहरूका लागि कर्जामा ब्याज अनुदान प्रदान गरेर
- स्थान विशेष लक्षित पूर्वाधार र सामाजिक परिचालन गरेर
- कृषिक्षेत्रमा रोजगारी वृद्धि गरि उत्पादन र उत्पाकतत्व वृद्धिमा जोड दिन

आर्थिक रुपमा सक्रिय जनसङ्ख्यालाई स्थानीय स्तरमा नै रोजगारीका अवसरहरु सिर्जना मार्फत

## ४.२ कृषिको अवस्था (लक्ष्य २)




**भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषिलाई प्रवर्धन् गर्ने ।**

यस लक्ष्यले सन् २०३० सम्ममा भोकमरीको अन्त्य गर्ने र सुरक्षित, पोषणयुक्त र पर्याप्त खानामा सबै जनताको बर्षैभरी पहुँच सुनिश्चित गर्ने उद्देश्य लिएको छ । सुनापति गाउँपालिकामा व्यवसायिक तरकारी उत्पादनको लागि उपयुक्त हावापानी रहेको छ । यस क्षेत्रमा धान, मकै, गहुँ, कोदो, फापर जस्ता अन्नबालीहरुका साथै व्यवसायिक तरकारीबालीहरुमा आलु, गोलभेडा, काँक्रो, फर्सी, इस्कुस, प्याज, आदि उत्पादन हुने गर्दछ । गाउँपालिकामा कृषि क्षेत्र ५३.७३८ प्रतिशत रहेको छ । खेतीयोग्य जमिन मध्ये सबै भन्दा बढी वडा नं. ५ मा १,२२२.२५ हेक्टर तथा सबै भन्दा कम वडा नं. १ मा ६७१.७९ हेक्टर जमिन रहेको छ । कृषि फार्म ३८ वटा रहेका छन् । सुनकोशी नदि, चौरी खोला, खानी खोला, कामा खोला, घट्टे खोला, ठाडो खोला लगायतका खोलाबाट सिंचाई सुविधा उपलब्ध भईरहेको छ । सीमित कृषियोग्य जमिन, सिंचाई र अन्य कृषि सामाग्री अभाव, तालिम र ऋणमा कमजोर पहुँच आदि जस्ता कारणहरुले गर्दा कृषिको खासै विकास हुन सकेको छैन ।



*फोटो १ : सुनापति गाउँपालिकाको कृषि क्षेत्र*

हिलेदेबीको माथिल्लो भाग स्वाँरा, डोक्मा लगायतको क्षेत्रमा व्यवसायिक रुपमा किवी, आलु, स्याउ, जुनार, सुन्ताला, कागती लगायतको खेती गर्न सकिन्छ । त्यसै गरि हिलेदेबी, बेथान, खनियापानी, दिमीपोखरीमा व्यवसायिक केवी खेतीको राम्रो सम्भावना छ । दिमीपोखरीमा जुनार सुन्तला, कागती लगायतका फलफुल खेतीको सम्भावना छ । खनियापानीको रुपाकोटमा फलफुल खेतीको राम्रो सम्भावना छ । विकास र समृद्धिको लागि निर्वाहमुखी कृषि प्रणालीको सट्टा तुलनात्मक लाभका कृषि उपजको व्यावसायीकरण र विविधिकरण गरि उत्पादकत्व र उत्पादन वृद्धि गरि जलवायुमैत्री र दिगो कृषिमा जोड दिनुपर्ने देखिन्छ ।

- गाउँपालिकाको अधिकांश भू-भाग कृषि उत्पादनको हिसाबले उपयुक्त हुनाले कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बढाएर
- मौसमी तथा बेमौसमी तरकारी खेती, कागती जात र किवी खेती, मकै, च्याउ, चिया, आलु, जडिबुटी तथा नगदेबाली खेती विस्तार गरि कृषकहरुको जीवनस्तरमा सुधार गरेर
- कृषि प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरेर
- कृषक तथा पछाडि परेका वर्ग/समुदायका लागि सीपमुलक तालिम एवम् नियमित
- प्राविधिक सल्लाह प्रदान गरेर
- कृषि सामग्री तथा उत्पादनका साधनहरुको एकमुष्ट खरिद् एवम् भण्डारण गरि
- सुपथ मूल्यमा आपूर्ति गरेर
- सुधारिएका तथा उत्थानशील कृषि अभ्यासको विकास र प्रयोग मार्फत् कृषि क्षेत्रको जोखिम न्यूनिकरण गरेर
- सदस्य उत्पादनको उचित मूल्यका लागि एकीकृत सौदाबाजीको कार्य गरेर
- पशुपालन र फलफूल, तरकारी खेतीको विकास र विस्तार गरेर

## ४.३ स्वाथ्य तथा पोषण (लक्ष्य ३)

३ मानवका लागि स्वस्थ जीवन

**सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्धन् गर्ने ।**

नवजात शिशु र पाँच बर्षमुनिका बालबालिकाको निवारण गर्न सकिने मृत्युलाई अन्त्य गर्ने लक्ष्य लिएको छ । स्वास्थ्य र समृद्ध जीवनको प्राप्ति एड्स, क्षयरोग, औलो र उपेक्षित उष्ण प्रदेशीय रोगहरू जस्ता महामारीको अन्त्यको लक्ष्य राख्दै र हेपाटाइटिस, पानीजन्य रोग र अन्य सरुवा रोगहरूको नियन्त्रण गरेर हासिल गर्ने लक्ष्य रहेको छ । नागरिकलाई स्वस्थ्य बनाउन आधुनिक चिकित्सा, आयुर्वेदिक, प्राकृतिक, होमियोपेथिक चिकित्सा क्षेत्र, स्वास्थ्य सुशासन र अनुसन्धानमा लगानी बढाउन आवश्यक देखिएको छ । स्वास्थ्य क्षेत्रलाई प्रभाव पार्न अर्को महत्वपूर्ण सुचक खाद्य सुरक्षा हो । आफ्नो उत्पादनले बाह्र महिना खाद्यान्न पुग्ने परिवार सङ्ख्या र बाह्र महिना भन्दा कम समयको लागि खाद्यान्न पुग्ने घरपरिवर सङ्ख्याले पनि व्यक्तिको स्वस्थ्यगत अवस्थालाई निर्धारित गर्दछ ।



*फोटो २ : सुनापति गाउँपालिकाको स्वास्थ्य संस्थाहरु*

खानेपानी तथा सरसफाइ मानव जीवनयापनको अत्यावश्यक आधार हो । स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय स्तरको खानेपानीलाई स्थानीय तहको अधिकारमा राखेको छ । खानेपानी तथा सरसफाइ सेवालाई नेपालको संविधानले मौलिक हकको रुपमा व्यवस्था गरेको छ । साथै, अन्तर्राष्ट्रिय रुपमा समेत दिगो विकास लक्ष्यले खानेपानी तथा सरसफाइ सम्बन्धी स्पष्ट लक्ष्यहरु निर्धारण गरेको छ । यसबाट बाल मृत्युदर कम गर्न तथा सरदर आयु वृद्धि गर्न सहयोग पुगेको, नागरिकले समग्र स्वास्थ्य स्थितिमा सुधार भई उत्पादनशील समयमा वृद्धि भएको तथा सामाजिक रहनसहन र बालबालिकाको विद्यालय उपस्थिति दरमा अनुकुल सुधार गर्न योगदान पुगेको छ ।

गाउँपालिकामा निर्माणाधिन १० शैयाको अस्पताल (हिलेदेबी), ५ वटा स्वास्थ्य चौकी (गुन्सी, दिमीपोखरी, हिलेदेबी, बेथान र खनियापानी), ५ वटा सामुदायिक स्वास्थ्य इकाई (धारापानी, मानपुर, स्वाँरा, डहु र भिरकोट), नागरिक आयुर्वेदिक केन्द्र (जोररधारा), आदि सञ्चालनमा रहेका छन् । यसका अलावा ८ वटा गाउँघर क्लिनिक र १५ वटा खोप केन्द्र लगायत स्वास्थ्य संस्थाहरु छन् । यी स्वास्थ्य संस्थाहरुमा ५ जना स्वास्थ्य सहायक (एच.ए.), ११ जना अ.हे.ब., १५ जना अ.न.मी., ७ जना कार्यालय सहायक र ७५ जना स्वास्थ्य स्वयंसेविकाहरु कार्यरत छन् । यहाँका स्वास्थ्य संस्थाहरुले सरकारले लागू गरेका स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, खोप अभियानहरु सञ्चालन गर्ने र आधारभूत तहको स्वास्थ्य उपचार गराउँदै आएका छन् । यस क्षेत्रमा दैनिक ओपिडी सेवा, सुरक्षित मातृत्व सेवा, खोप सेवा, परिवार नियोजन, पोषण सेवा, क्षयरोग, कुष्ठरोग तथा सरुवा रोग सम्बन्धी सेवा लगायतका सेवाहरु सञ्चालनमा छन् ।

यस क्षेत्रमा रहेको मुख्य रोगहरुमा ग्यास्ट्रिक (२,४०७), माथिल्लो स्वास पथ संक्रमण (१,५८४), ज्वरो (७५६), डायरिया (४००), अर्थराइटिस/गठिया (३४४), झाडापखाला (२६६), स्वास प्रस्वास सम्बन्धी रोग (२६९), छाला सम्बन्धी रोग (२४६), घाउ तथा चोटपटक (२५६) र सामान्य कमजोरी (२१४) लगायत रोगहरु रहेका छन् । यसका अलावा रक्तचाप, मुटु रोग, पक्षघात, निमोनिया, क्यान्सर, क्षय रोग (टिवि), एच.आइ.भि. एड्स, स्तन क्यान्सर, प्रसुती जन्य रोग लगायत छन् । स्वास्थ्य केन्द्रहरुमा दक्ष जनशक्ति वडा नं . १, २, ४ र ५ मा अ.हे.व. तथा वडा नं .४ मा छैठौं तहको दरबन्दी अपुग रहेको छ ।

प्रसुती र गर्भवती जाँच अन्तर्गत गाउँपालिकामा ए.एम.सी. पहिलो जाँच ७० प्रतिशत तथा ए.एम.सी. चौथो जाँच ५५ प्रतिशत रहेकोमा संस्थागत सुत्केरी ४५ प्रतिशतले गराएको छ । खोप सेवामा बिसिजी खोप ३५ प्रतिशत, पेन्टा (तेस्रो) ६९ प्रतिशत, एम .आर. (पहिलो र दोस्रो) क्रमश: ६४ प्रतिशत र ५४ प्रतिशतले खोप लिएको छ भने पूर्ण खोप लिने ५४ प्रतिशत रहेको छ । भिटामिन ए ७२६ जनाले सेवन गरेको छ भने पोषणको जाँच ५८२ जना मध्ये ६ प्रतिशतमा कुपोषण रहेको छ । ज्येष्ठ नागरिक (७० वर्षमाथि) स्वास्थ्य परीक्षण ८३२ पुरुष र ७४१ महिला गरि १,५७३ जनाले गरेको छ । (स्रोतः सुनापति गाउँ कार्यपालिकाको कार्यालय, स्वास्थ्य शाखा) । गाउँपालिकाका सरकारी स्वास्थ्य संस्थामा आवश्यकता अनुसारको उपकरण र विशेषज्ञ चिकित्सकको अभाव रहेको छ । अपाङ्गता भएका व्यक्ति तथा महिलाहरूको स्वास्थ्य चौकीको कमजोर पहुँच, महिलाहरुमा पाठेघर क्यान्सर, आङ खस्ने, स्तन क्यान्सर रोगको समस्या, स्वास्थ्य र पोषण सम्बन्धी चेतनाको कमी, सबै घरपारिवरमा पोषण र खाद्य सुरक्षाको पहुँच नहुनु आदि यस गाउँपालिकाका मुख्य समस्याहरु हुन् । विकास र समृद्धिको लागि स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्नु, स्थानीय तहको स्वास्थ्य सेवालाई थप व्यवस्थित तथा प्रभावकारी बनाउनु, बालबालिकाको लागि पोषण कार्यक्रम सञ्चालन गरि स्वस्थ्य समाजको विकासमा ध्यान दिनुपर्ने देखिन्छ ।

- स्वास्थ्य सम्बन्धी सूचना, स्वास्थ्य र पोषण सम्बन्धी चेतना दिएर
- नसर्ने घातक रोगहरूबाट बच्ने उपाय बारे संगठित रूपमा जनचेतनाको कार्यक्रम सञ्चालन गरेर
- असल आचरणको अनुशरण गर्न उत्प्रेरित गरेर
- सहकारीमा आधारित अस्पताल तथा स्वास्थ्य संस्थाको प्रवर्द्धन गरेर
- स्वास्थ्य क्लिनिक र स्वास्थ्य शिविर सञ्चालन गरेर
- निशुल्क, स्वास्थ्य संस्थामा आधारभूत तथा अत्यावश्यक औषधि सर्वयाम उपलब्ध गराएर
- औषधोपचार बीमा सेवा प्रदान गरेर
- दुर्घटना तथा विरामी परेका सदस्य परिवारलाई सहयोग गरेर एवम् रक्तदान कार्यक्रमको आयोजना गरेर
- स्वास्थ्य तथा पोषण सम्बन्धी कार्यक्रमसँग आवद्ध गरि मातृ स्वास्थ्य, गर्भ संरक्षण बाल तथा मातृ पोषण जस्ता बाल बचाउका कार्यक्रमहरू सञ्चालन गरेर

### ४.४ शिक्षाको अवस्था (लक्ष्य ४)

4 गुणस्तरीय शिक्षा

**सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्धन् गर्ने ।**

विज्ञान प्रविधि राष्ट्रको सामाजिक रुपान्तरण र आर्थिक विकासको प्रमुख सम्वाहक शक्ति मानिन्छ । गुणस्तरीय जीवनस्तर र सुशासन कायम गर्न एवम् सुरक्षा सुदृढ बनाउन समेत विज्ञान प्रविधिको उपयोग प्रभावकारी देखिएको छ । सुनापति गाउँपालिकामा शैक्षिक पूर्वाधारतर्फ २४ वटा आधारभूत विद्यालय र ९ वटा मा .वि.गरि जम्मा ३३ वटा सामुदायिक विद्यालय रहेका छन् । गाउँपालिकाको वडा नं मा रहेको २ . कृष्ण वर्णेश्वर क्याम्पस र सुनापति शहिद बहुमुखी क्याम्पस सञ्चालनमा छन् । वडा नंवटा २ बेथानमा ४ . विद्यालयमा नियमित पढाईको साथसाथै सिटिइभिटी अन्तर्गतकुशेश्वर माबेथानमा बाली विज्ञान र .वि. एको छ ।मा कम्प्यूटर साइन्स विषय पठनपाठन हुँदै आ.वि.डहु मासुनापति गाउँपालिका स्थित माहरुमा शतलिङ्गे.वि.श्वर मा .वि. (गुन्सी), अग्लेश्वर मा .वि. (दिमीपोखरी), कृष्णवर्णेश्वर मा .वि. (मानपुर), पशुपति मा .वि. (नागशिवा), डहु मा(डहु) .वि., कुशेश्वर मा) .वि.बेथान(, बाल मा(भिरकोट) .वि., कृष्णपुरी मा .वि. .वि.र जलदेवी मा (रुपाकोट) रहेका छन् । (खनियापानी)



*फोटो ३ : सुनापति गाउँपालिकाको शिक्षण संस्थाहरु*

गाउँपालिकाको शैक्षिक अवस्थामा शुरुआती बाल अध्ययन ३प्रतिशत ४९., प्राथमिक तह ३२प्रतिशत ९२., निम्न माध्यमिक तह १८ प्रतिशत र ६२.उच्च माध्यमिक तह १४प्रतिशत रहेको छ । गाउँपालिकामा ३३. एस.एल९ वा सो सरह .सी..४५ प्रतिशत१४ प्रविणता प्रमाणपत्र तह वा सो सरह ,.१७ प्रतिशततक स्ना , २ तह वा सो सरह.२८ प्रतिशत१ तकोत्तर तह वा सो सरहस्ना ,.४१ प्रतिशत० अन्य ,.०९ प्रतिशतस्तर , २ नभएको.९५ प्रतिशत जनसङ्ख्या रहेका छन् भने ०प्रतिशत जनसङ्ख्याको शैक्षिक स्तर उल्लेख २९. प्रतिशत छन् । ५६.३ पठनपाठन नगर्ने सङ्ख्या गरिएको छैन र कहिले

तथापि यस गाउँपालिकामा शिक्षा क्षेत्रसँग सम्बन्धित विभिन्न समस्या छन् । निजी विद्यालयप्रति आकर्षण, उच्च शिक्षाका लागि काठमाडौं पुग्नुपर्ने वाध्यता, भवन, पुस्तकालय, भौतिक पुर्वाधारको अभाव, विद्यालयका सुधारका लागि आवश्यक बजेटको कमी, अतिरिक्त क्रियाकलापको अभाव, विषय शिक्षकको अभाव, खानेपानी र शौचालयको असुविधा, स्थानीय सरकारले सहयोग नगरेको गुनासो, शिक्षकमा पेशागत जिम्मेवारीको अभाव, शिक्षक नियुक्तिमा राजनीतिकरण, पार्टीगत संरक्षण र उत्तरदायित्व विहिनताको अवस्था, आदि जस्ता समस्याहरु रहेका छन् । सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सन्तोषजनक रहेको छैन । गुणस्तरीय शिक्षाको अभावमा विद्यार्थीहरू सामुदायिक विद्यालय छोडेर महँगो शुल्क तिरेर निजी विद्यालयमा जान बाध्य छन् । विद्यालयका शिक्षक, पठनपाठन विधि नयाँ र बदलिँदो आवश्यकता अनुसार अध्यावधिक भएको छैन । विद्यालयमा विद्यार्थीको अभाव, महिला र पुरुष बीचको साक्षरता दरमा असमानता हुनु, दलितहरुको साक्षरता दर पनि माथिल्ला जातका तुलनामा न्यून हुनु, आवश्यक भौतिक पूर्वाधार र जनशक्तिको अपर्याप्तता, आवश्यक विषयगत शिक्षक नहुनु तथा दरबन्दीको शिक्षक आपूर्ति नहुनु जस्ता समस्या छन् । दिगो शैक्षिक विकासमा निम्न पूर्वाधारलाई परिपूर्ति गर्नुपर्ने देखिन्छ ।

- नियमित तालिम र शिक्षाको अवसर प्रदान गरेर
- किशोर/किशोरीलाई शैक्षिक कर्जा र प्रत्यक्ष छात्रवृत्तिको व्यवस्था गरेर
- सहकारी शिशु स्याहार केन्द्रको सञ्चालन गरेर
- स्थानीय स्तरका विद्यालयको पूर्वाधार र अतिरिक्त क्रियाकलापमा सहयोग गरेर
- गरिब तथा पिछडिएको समुदायका बालबालिका बीच भर्ना अभियान र जनचेतनाका कार्यक्रम सञ्चालन गरेर
- विज्ञान प्रविधिको विकास तथा नविनतम प्रविधिको समग्रमा प्रयोग गरेर

### ४.५ लैङ्गिक समानता (लक्ष्य ५)

५ लैङ्गिक समानता

**लैङ्गिक समानता हासिल गर्ने र सबै महिला र किशोरी र बालिकालाई सशक्त बनाउने ।**

सबै लिङ्ग, वर्ग र समूहको सहभागिता र अपनत्व वोध सहितको समावेशीताले राज्य प्रणालीलाई सुदृढ गर्नुका साथै समृद्धिको आकांक्षा परिपूर्ति गर्न ठूलो मद्दत गर्दछ । संविधानले वर्गीय, जातिय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातिय छुवाछुतको अन्त्य गरि आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरेको छ। गाउँपालिकाको कुल जनसङ्ख्यामा पुरुषको सङ्ख्या ४७.३९ प्रतिशत र महिलाको सङ्ख्या ५२.६१ प्रतिशत रहेको छ जस अनुसार लैङ्गिक अनुपात ९०.०७ पुरुष प्रति १०० जना महिला हुन आउँछ। महिलाहरुको स्वामित्व घर तथा जग्गा दुबैमा ६.१५ प्रतिशत, जग्गा मात्रमा ७.३५ प्रतिशत र घर मात्रमा ०.७६ प्रतिशत रहेको छ। पालिकाको कुल जनसङ्ख्या मध्ये आश्रित जनसङ्ख्याको हकमा (० देखि १४ वर्ष सम्म) २०.९५ प्रतिशत र ६० वर्ष माथि १९.५१ प्रतिशत छन् (स्रोत : राष्ट्रिय जनगणना, २०७८)। शिक्षा, स्वास्थ्य लगायत सेवामा महिला र लक्षित वर्गको पहुँचमा कमी, लक्षित वर्गको समाजमा देखिएका सामाजिक कुरीति, जातिय, लैङ्गिक, भाषिक, धार्मिक, विभेद, महिला, अपाङ्गता तथा बालमैत्री पूर्वाधारको कमी, महिलाको भूमिका औपचारिक आर्थिक क्रियाकलापमा भन्दा घरायसी काममा बढी केन्द्रित हुनु जस्ता समस्याहरु छन् । आउँदा दिनहरुमा स्थानीय तहमा समानता र सामाजिक समावेशीकरणको दृष्टिकोणलाई मूलप्रवाहिकरण गर्न ज्ञान, दक्षता र क्षमता भएका जनशक्तिको उचित व्यवस्थापन गरि राजनीतिक, आर्थिक तथा सार्वजनिक जीवनका सबै निर्णायक तहमा नेतृत्वका लागि महिलाहरूको प्रभावकारी सहभागिता तथा समान अवसर सुनिश्चित गर्नुपर्ने देखिन्छ।

- निर्णय तहमा महिलाको सहभागिता कम्तिमा ३३ प्रतिशत सुनिस्चित गरेर
- राजनीतिक, आर्थिक तथा सार्वजनिक जीवनका सबै निर्णायक तहमा नेतृत्वका लागि महिलाहरूको प्रभावकारी सहभागिता तथा समान अवसर
- रोजगारी, शिक्षा, तालिम र वित्तीय सेवाका अवसरमा महिलालाई प्राथमिकता दिएर
- लैङ्गिक र घरेलु हिंसा तथा चेलिबेटी बेचबिखन निर्मूल गर्न सचेतना कार्यक्रम गरेर
- विभिन्न प्रकारका लैङ्गिक हिंसाको बारेमा सचेतना कार्यक्रम सञ्चालन गरेर

## ४.६ खानेपानी तथा सरसफाइ (लक्ष्य ६)

६ स्वच्छ पानी र सरसफाइ

**सबैका लागि स्वच्छ पानी र सरसफाइको उपलब्धता र दिगो व्यवस्थापन सुनिश्चित गर्ने ।**

दिगो विकास लक्ष्य ६ ले सबैका लागि सुरक्षित र खर्चले धान्न वा बेहोर्न सकिने खानेपानीको सर्वव्यापी र समतामूलक पहुँच हासिल गर्ने परिकल्पना गर्दछ । लक्ष्यले सबैका लागि पर्याप्त र समतामूलक सरसफाइ र स्वच्छता उपलब्ध गराउने र खुला दिसा–पिसाब गर्ने अभ्यासको अन्त्य गर्ने उद्देश्य लिएको छ । यस गाउँपालिकामा ९०.०३ प्रतिशत परिवारले पाईप धाराबाट खानेपानी प्राप्त गर्दछन् । जसमध्ये ६०.३९ प्रतिशत घरधुरीको आफ्नै घरभित्र धारा जडान गरिएको छ भने २९.६४ प्रतिशतले घर बाहिरको धाराबाट खानेपानी उपभोग गरिराखेको छ । त्यसै गरि अन्य खानेपानीको श्रोतहरुमा ढुङ्गे धारा ८.२३ प्रतिशत, ईनार/कुवा(नढाकिएको) ०.७४ प्रतिशत, खोला वा नदि ०.५७ प्रतिशत, ईनार/कुवा (ढाकिएको) ०.०७ प्रतिशत र अन्य श्रोत ०.३६ प्रतिशत रहेको छ । यस गाउँपालिका भित्र पर्याप्त खानेपानीका स्रोत नभएका कारण केही वडामा खानेपानीको पनि समस्या हुँदै आएको छ । वि.सं. २०७२ वैशाख १२ गतेको भूकम्पको कारण कतिपय खानेपानीका प्राकृतिक मुहान सुकेका कारण पनि खानेपानीको अभाव हुन गएको छ । त्यसैले गाउँपालिकाले सुनकोशी, चौरी खोला, खानीखोला लगायतको खोला तथा नदिबाट खानेपानी उपलब्ध गराउने कार्य अगाडी बढाएको छ । हाल सम्म पालिकामा २६ वटा खानेपानी योजना निर्माण गरिएको छ जसमध्ये कामाखोला चौरी खोला लिफ्ट (१,२०० घरधुरी), खानीखोला पालिका लिफ्ट (३०० घरधुरी), भस्मे खोला लिफ्ट (२०० घरधुरी) र लगायत छन् भने घट्टेखोला बृहत लिफ्ट खानेपानी आयोजना स्वीकृत हुने क्रममा रहेको छ । शौचालय प्रयोगको अवस्थाले उक्त स्थानको सरसफाइको अवस्थालाई जनाउने गर्दछ । यस गाउँपालिकामा सरसफाइको अवस्था सन्तोषजनक रहेको छ । यसमा केही सुधारको आवश्यकता पनि छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार सेप्टिक ट्याङ्क सहितको शौचालय (६७.६४ प्रतिशत) रहेको छ भने सार्वजनिक निकास भएको फ्लस शौचालय भएका घरधुरी ४.६५ प्रतिशत रहेको छ । सुनापति गाउँपालिकाका २४.५९ प्रतिशत घरमा खाडल शौचालय रहेको छ भने शौचालय नभएका घरधुरीहरु २.८६ प्रतिशत रहेको देखिन्छ ।

खानेपानी स्रोत संरक्षण तथा सरसफाइमा जनचेतनाको कमि हुनु, प्राकृतिक एवम् मानवजन्य कारणले पानीका श्रोत तथा मुहानहरूमा ह्रास आई खानेपानीको उपलब्धतामा कमी आउनु, पानीको गुणस्तर मापन तथा परीक्षण नहुनु, स्वच्छ खानेपानीको व्यवस्था नहुँदा पानी जन्य रोगहरू बढ्नु जस्ता समस्याहरु छन् छन् यसका लागि गाउँपालिकाले यौजना बनैरा काम गरिरहेको छ र खानेपानी सुविधा नपुगेका स्थानहरुमा खानेपानी योजना सञ्चालन गर्न सकिने आधारहरु विकास गर्दै छ ।

- पानी तथा सरसफाइ व्यवस्थापनको सुधारका लागि स्थानीय समुदायहरूको सहभागितालाई साथ दिई त्यसलाई अझ सबल बनाउन
- स्वच्छ खानेपानी तथा सरसफाइसम्बन्धी जनचेतनाका कार्यक्रम गरेर
- पानीको मुहानको सरसफाइका कार्य गरेर
- पानी प्रशोधनसम्बन्धी उद्योग सञ्चालन गरेर

- खानेपानी सुविधा नपुगेका स्थानहरुमा खानेपानी योजना सञ्चालन गर्न प्रदेश सरकार र केन्द्र सरकारसँग समन्वय गरेर

### ४.७ खर्चले धान्न सकिने स्वच्छ उर्जा (लक्ष्य ७)

**सबैका लागि किफायती, विश्वसनीय, दिगो र आधुनिक उर्जामा पहुँच सुनिश्चित गर्ने ।**

यो लक्ष्य ७ ले खर्चले धान्न सकिने, भरपर्दो र आधुनिक उर्जा सेवाहरूमा सर्वप्यापी पहुँच प्राप्त गर्ने, उर्जाहरूको समिश्रणमा नवीकरणीय उर्जाको हिस्सा उल्लेखनीय रूपमा बढाउने आधुनिक उर्जा प्रणालीको पहुँचलाई सर्वव्यापी र दक्ष बनाउने प्रयास गर्छन् । सुनापति गाउँपालिकामा रहेका ५ वटै वडामा लगभग सबै क्षेत्रमा विद्युतिकरण भईसकेको छ । सबै क्षेत्रमा केन्द्रिय प्रशारण लाइन अन्तर्गत बिजुली पुगेको हो । यसका साथै गाउँपालिकाको वडा नं. २ मा लघु जलविद्युत उत्पादन भएका छन् भने स्थानीय लघु जलविद्युतलाई केन्द्रिय प्रसारण लाइनमा जडान गर्ने कार्य अगाडी बढेको छ । सुनापति गाउँपालिका र काभ्रे जिल्ला सिमानामा रहेको सुनकोशी तेस्रो जलविद्युत आयोजनाको काम अगाडी बढेको छ । सुनापति गाउँपालिका-४ बेथानस्थित दोभानटार क्षेत्रमा ड्याम निर्माण गरि ६८३ मेगावाट विद्युत उत्पादन गर्न सकिने भएकोले यस आयोजना सम्पन्न भएपछि गाउँपालिकाले फाइदा लिन सक्छ । खाना पकाउनको लागि ९३.५१ प्रतिशत घरधुरीले परम्परागत काठ/दाउरा, ५.८० प्रतिशत घरले तरलीकरण गरिएको पेट्रोलियम ग्यास र ०.४३ प्रतिशत घरले मट्टितेल तथा ०.१० प्रतिशत घरले बायो ग्यास प्रयोग गरेको देखिन्छ । गाउँपालिकामा केवल ०.१२ प्रतिशत घरपरिवारले मात्र खाना पकाउन बिजुलीको प्रयोग गरिएको छ भने ०.०५ प्रतिशत घरले अन्य इन्धन स्रोतको प्रयोग गर्ने गरेका छन् । गाउँपालिकाका ९७.९७ प्रतिशत घरमा बत्ती बाल्न बिजुलीको प्रयोग भएको देखिन्छ भने १.४३ प्रतिशत घरधुरीले सोलार, ०.३६ प्रतिशत घरधुरीले मट्टितेल र ०.२४ प्रतिशत घरधुरीले बत्ती बाल्नको लागि अन्य श्रोत प्रयोग गर्ने गरेको छ (स्रोतः राष्ट्रिय जनगणना, २०७८) । लघु जलविद्युतमा अपेक्षित रूपमा वाह्य लगानी आकर्षित हुन नसक्नु, केही स्थानमा विद्युत पोल व्यवस्था नहुनु, इन्धनको श्रोतको रुपमा दाउराको प्रयोगले गर्दा वनमा अत्याधिक चाप परेको आदि मुख्य समस्याहरु छन् ।

गाउँपालिकामा लघु जलविद्युतको पहुँच बढेसँगै बिजुलीबाट खाना पकाउने घरहरुको सङ्ख्या पनि क्रमश बढ्दै गईरहेको छ । तथापि गाउँपालिकाले सबै घरपरिवारमा स्वच्छ ऊर्जाको विकास विभिन्न योजना सञ्चालन मार्फत विस्तार गर्न सक्ने छ ।

- घरायसी इन्धनका लागि दाउराको प्रयोग घटाउन प्रेरित गरेर
- नवीकरणीय उर्जाको प्रयोगलाई प्रोत्साहन गरेर
- नवीकरणीय उर्जाको उत्पादन र वितरणमा लगानी गरेर ।

स्थानीय लघु जलविद्युत आयोजना निर्माण गरि बिजुली उत्पादन गरेर

- स्थानीय लघु तथा घरेलु उद्योगहरुको प्रवर्द्धनबाट विद्युत खपत बढाउन सकिने

### ४.८ उद्योग, मर्यादित श्रम तथा आर्थिक वृद्धि (लक्ष्य ८)

८ आर्थिक वृद्धि र मर्यादित काम

**भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि, तथा सबैका लागि पूर्ण र उत्पादनमूलक रोजगारी र मर्यादित कामको प्रवर्धन् गर्ने ।**

सुनापति गाउँपालिकामा लघु, घरेलु तथा साना उद्योगहरुमा होटल व्यवसाय, होमस्टे, कृषि तथा पशुपालन फर्म, थाङ्का तथा गलैचा, वर्कशप, डेरी, कुटानी पिसानी मिल, आदि सञ्चालनमा छन् । यस गाउँपालिकामा रहेका व्यापार र व्यवसाय दर्ता ज्यादै न्यून रहेको छ । किराना पसल, स्टेशनरी, फेन्सी, मेडिकल, सप्लायर्स, मदिरा पसल, आदि सञ्चालनमा छन् भने केही व्यापार व्यवसाय दर्ता नगरि सञ्चालनमा रहेका छन् । उद्योग, व्यापार र व्यवसायहरु न्यून मात्रमा दर्ता भएको हुनाले गाउँपालिकाको राजस्व कम मात्रामा सङ्कलन भईरहेको छ । तसर्थ पालिकाको आन्तरिक राजस्व सङ्कलनमा वृद्धिको लागि उद्योग, व्यापार र व्यवसाय दर्ता अभियान आयोजना गरि व्यवसायीहरुलाई राजस्वको दायरामा ल्याउन पहल गर्न अत्यन्त जरुरी देखिन्छ । मुख्य गरेर धेरै उद्योगहरु दर्ता/नीतिगत दायरामा नआउनु, गाउँपालिकामा उद्योग र उद्यमशिलताको कमी, औद्योगिक पूर्वाधारको कमी, औद्योगिक ग्राम स्थापना नहुनु, साना उद्यमी र व्यवसायीहरुको संरक्षण नहुनु, रोजगारीका अवसरहरु कम हुनु यसका मुख्य समस्या हुन् । यी समस्याको समाधान गर्न निम्न आधारहरु तय गर्न सकिन्छ ।



*फोटो ४ : आर्थिक वृद्धिका माध्यम*

- वैदेशिक रोजगारका चरणलाई सुरक्षित, शोषणमुक्त, मर्यादित र अधिकतम प्रतिफलदायक बनाएर
- रोजगारी/स्वरोजगारी सिर्जना गरेर
- सहकारी क्षेत्रमा मर्यादित कामको वातारणलाई प्रवर्द्धन गरेर
- कामदारहरूको अधिकारको सुरक्षा गरेर
- प्रतिइकाई लागत कम हुने प्रविधिको विस्तार गरेर
- समुदायको वित्तीय पहुँच बढाएर
- आवश्यकताका आधारमा तालिम र सीप विकासद्वारा श्रमिकको दक्षता अभिवृद्धि गरेर
- आफ्ना क्रियाकलापको माध्यमबाट रोजगारी प्रदान गर्ने श्रोतहरूलाई औपचारिक बनाउँदै लगेर
- औद्योगिक कच्चा पदार्थ तथा कृषि, पशु विकास र जडीवुट्टीको व्यावसायिक उत्पादन मार्फत
- वैदेशिक रोजगारबाट फर्किएका युवाको विप्रेषण आय, सीप र उद्यमशिलताको प्रयोग मार्फत
- युवा सदस्यहरूको उद्यमशीलता विकास गर्दै स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापना गर्न प्रोत्साहन गरेर

## ४.९ पूर्वाधार (लक्ष्य ९)

९ उद्योग, खोज र पूर्वाधार

**उत्थानशील पूर्वाधारहरूको निर्माण गर्ने, समावेशी र दिगो औद्योगिकीकरणलाई प्रवर्धन् गर्ने र नवीन खोजलाई प्रोत्साहन गर्ने ।**

लक्ष्य ९ अन्तर्गत भौतिक पूर्वाधार युक्त दिगोपनका आधार तयार गर्ने विषयहरु पर्दछन् । पूर्वाधार विकासको अवस्था त्यति सन्तोषजनक छैन । दूरसञ्चारको क्षेत्रमा तथा सडक सञ्जालको निर्माणमा उल्लेख्य प्रगति भएतापनि बनेका सडकहरु तोकिएको मापदण्ड पुरा गरेको मानिन्न । कलकारखाना, पानी तथा विद्युत, निर्माणजस्ता औद्योगिक क्षेत्रमा लगानीको मात्रा र प्रतिस्पर्धाको स्तर कमजोर छ सुनापति गाउँपालिकामा दूरसञ्चारको क्षेत्रमा तथा सडक सञ्जालको निर्माणमा उल्लेख्य प्रगति भएतापनि बनेका सडकहरु तोकिएको मापदण्ड पुरा गरेको छैनन् । गाउँपालिकाको मुख्य सडकहरुमा लुभुघाट-सिमपानी सडक (मध्य पहाडी राजमार्ग सडक खण्ड) २५ कि.मि., सादी डाँडाबाट मुख्य नाका गाल्वासम्म ९ कि.मि., सादी डाँडा-लुभुबजार २४ कि.मि., सादी डाँडा-सक्षम चौतारा-मानपुर-आलमपुर १३ कि.मि., सादी डाँडा-खानीखोला-शतलिङ्गेश्वर-गुन्सी १५ कि.मि., सादी डाँडा-पानीघाट-भ्वाँसा ९ कि.मि. र सादी डाँडा-भ्वाँसा-देसारगाउँ २० कि.मि. लगायत रहेका छन् । यद्यपि गाउँपालिकाका अधिकांश सडकहरु कच्ची रहेका छन् । गाउँपालिका अन्तर्गतका सडकबाट बस, जीप/सुमो र मोटरसाईकल सञ्चालन हुने गरेको छ । यस गाउँपालिका क्षेत्रमा सार्वजनिक यातायात काठमाडौं, सिन्धुली, काभ्रे, आदि क्षेत्रमा यातायातको सुविधा रहेको छ । गाउँपालिकाका ५१.०९ प्रतिशत जनताले १ देखि ५ कि.मि. मात्रै यात्रा गर्दा गाउँपालिका कार्यालय पुग्न सक्छन् । त्यसै गरि गाउँपालिका कार्यालय पुग्न ३५ प्रतिशतले ६ देखि १० कि.मि. यात्रा गर्नुपर्छ भने ७.३१ प्रतिशतले ११ देखि १५ कि.मि., ०.९१ प्रतिशतले १६ देखि २० कि.मि. र ४.७६ प्रतिशतले २१ कि.मि. भन्दा बढी दुरी यात्रा गर्नुपर्दछ । गाउँपालिकामा पक्की कालोपत्रे सडक ६ कि.मि., ग्राभेल सडक ५ कि.मि., कच्ची धुले सडक ११५ कि.मि., ढलान सडक २१० मि., गोरेटो बाटो १.८ कि.मि. गरि कुल १२८ कि.मि. सडक रहेको छ । तथापि गाउँ पालिकामा सडक अधिकार क्षेत्र अनुसार सडक लगत कट्टा नहुनु, सडक निर्माणको लागि लगानीको निश्चित नहुनु, पहाडी भू-भाग भएकोले सडक निर्माणमा अत्यधिक लगानी आवश्यक पर्ने, अपेक्षित रुपमा सडक स्तरोन्नति नहुनु, सडक निर्माणसँग नाली तथा ढल निर्माण नहुनु जस्ता समस्याहरु रहेका छन् । दिगो विकासको लागि गाउँपालिकाले निम्न कार्यहरु अगाडी बढाउनु पर्दछ ।



*फोटो ५ : गाउँपालिकामा पूर्वाधारको अवस्था*

- सडक सञ्जालको विस्तार तथा स्तरोन्नति गरि पर्यटन तथा आर्थिक गतिविधि बढाएर
- पूर्वाधारमा लगानी केन्द्रित गरि स्तरीय सडकहरु बनाएर
- नयाँ सडक निर्माण कार्यलाई निरुत्साहित गरि सडक स्तरोन्नतिलाई प्राथमिकता दिएर
- सडक निर्माण र विस्तार गर्न स्थानीय सडक सम्बन्धी कानून निर्माण गरि कार्यान्वयन गरेर
- हरेक किसिमका पूर्वाधाहरुको अपर्याप्ततालाई नागरिक तहसम्म सेवा प्रवाह सहज बनाएर

### ४.१०. असमानता न्यूनीकरण (लक्ष्य १०)

**मुलुकभित्र तथा मुलुकहरूबीचको असमानतालाई घटाउने ।**

यस लक्ष्यले उपभोग, आयजस्ता क्षेत्रमा व्यक्ति व्यक्ति बीच असमानता घटाउने उद्देश्य लिएको छ । उच्च आय हुने समुदायको तुलनामा दैनिक ज्यालामा काम गर्ने श्रमिक, कृषक तथा कृषि मजदुर, परम्परागत सीपमा आधारित पेशा भएका समुदायको आय बढाउनु पर्ने हुन्छ ।

यस गाउँपालिकामा ५ वर्ष मुनिका बालबालिकामा ३.२१ प्रतिशत पुरुष र २.७६ प्रतिशत महिला गरि कुल ५.९७ प्रतिशत रहेको छ भने १४-४५ वर्ष उमेर समूहका युवायुवतीहरुको सङ्ख्या कुल जनसङ्ख्याको ४०.८६ प्रतिशत रहेको छ । त्यसै गरि ६०-७० वर्ष उमेर समूहका मानिसहरुको सङ्ख्या कुल जनसङ्ख्याको ११.२४ प्रतिशत तथा ७० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिकहरुको सङ्ख्या ८.२८ प्रतिशत रहेको छ । महिलाहरुको स्वामित्व घर तथा जग्गा दुबैमा ६.१५ प्रतिशत, जग्गा मात्रमा ७.३५ प्रतिशत र घर मात्रमा ०.७६ प्रतिशत रहेको छ । कृषि बाहेकका घरपरिवारद्वारा सञ्चालित लघु उद्यमहरुको किसिम अन्तर्गत घरेलु उद्योगमा ६७ पुरुष र १०३ महिला, व्यापार व्यवसायमा ५५ पुरुष तथा ५७ महिलाद्वारा सञ्चालित छन् । त्यसै गरि यातायात व्यवसाय १४ पुरुष र २ महिला, सेवा ३३ पुरुष र ५ महिलाद्वारा सञ्चालित छन् भने अन्य पेशा ११ पुरुष र ४ महिलाबाट सञ्चालन गरिएको छ । सरकारी कार्यालय तथा स्थानीय स्तरमा महिलाको सङ्ख्या र घर जग्गामा महिलाको स्वामित्वलाई बढाउन सकिन्छ जसका लागि गाउँपालिकाले निम्न आधारहरु बनाउनु पर्दछ ।

- स्थानीय जनजाति समुदायको घरायसी निर्णय प्रक्रियमा महिलाको भूमिका प्रभावकारी बनाएर
- संविधानका मौलिक हकमा समावेशीकरणलाई प्राथमिकता अनुसार विभिन्न हक सुरक्षित बनाएर
- स्थानीय सरकारमा लक्षित वर्गको सम्मानजनक उपस्थित तथा उनीहरुको सहभागिता बढाएर
- महिला तथा लक्षित वर्ग समुदायको क्षमता विकास गरि उत्पादनशील क्षेत्रमा परिचालन गरेर
- विभेदपूर्ण कानुन, नीति र प्रचलनहरूको अन्त्य तथा तत्सम्बन्धी उपयुक्त कानुन, नीति र प्रचलनको प्रवर्द्धन गरि
- व्यवसायमा सबैको सहभागितालाई प्रोत्साहन गरेर
- सदस्यहरुको नेतृत्व क्षमताको विकास गरेर
- बञ्चित तथा सामाजिक सुरक्षा नपाएका समुदायहरूलाई सामाजिक सुरक्षा प्रदान गरेर

## ४.११. सुरक्षित आवास, दिगो सहर र समुदायहरू (लक्ष्य ११)

११ दिगो शहर र समुदाय

**शहर तथा मानव बसोबासलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने ।**

यो परिवेशमा सुरक्षित आवासको सङ्ख्या वृद्धि गर्नुपर्ने, वायु प्रदुषण कम गर्दै लैजानुपर्ने, प्रकोपबाट हुने मृत्यु र चोटपटक नियन्त्रण गर्दै जानुपर्ने, सम्पदा संरक्षण गर्नुपर्ने विषय यस लक्ष्यले समेटेको छ । सुनापति गाउँपालिकाको घरहरुको स्वामित्वमा आफ्नै स्वामित्व भएको ९८.५५ प्रतिशत रहेको छ । त्यसै गरि भाडाका घर १.१७ प्रतिशत, संस्थागत भवनहरु ०.१७ प्रतिशत, अन्य स्वामित्व ०.१२ प्रतिशत रहेको छ । पालिकामा ८५.२१ प्रतिशत घरधुरीहरुमा जग्गा तथा घर दुबैमा पुरुषहरुको स्वामित्व रहेको छ भने महिलाहरुको स्वामित्व घर तथा जग्गा दुबैमा ६.१५ प्रतिशत, जग्गा मात्रमा ७.३५ प्रतिशत र घर मात्रमा ०.७६ प्रतिशत रहेको छ । गाउँपालिकामा जगको प्रकार अनुसार ८१.११ प्रतिशत घरहरु ढुङ्गा/ईट्टामा माटो जोडाई रहेको छ भने ढुङ्गा/ईट्टामा सिमेन्ट जोडाई १३.८१ प्रतिशत, आर.सि.सि .पिलर ४.१५ प्रतिशत, काठको पिलर ०.६९ प्रतिशत रहेको छ भने जगको अन्य किसिममा ०.२४ प्रतिशत रहेको छ । बजार क्षेत्रहरुमा केही निर्माण संरचनाहरु पक्की भएता पनि अधिकांश क्षेत्रमा कच्ची संरचना नै रहेको छ । तसर्थ यस गाउँपालिकाको अधिकांश क्षेत्रहरूलाई शहरीकरण गर्न सकिएको छैन् । तीव्र शहरीकरण नहुँदा अब निर्माण गरिने सार्वजनिक निर्माण तथा शहरीकरणलाई व्यवस्थित गर्न सहज भने हुने देखिन्छ । जसको कारण सुरक्षित बस्ती विकास, व्यवस्थित बस्ती विकास गरि शहरीकरणलाई व्यवस्थित गर्ने, सुरक्षित स्थानहरु पहिचान गरि सुरक्षित बस्ती तथा आवास निर्माण, विकासका दृष्टिले पछाडि परेका क्षेत्रलाई प्राथमिकता दिँदै सन्तुलित, वातावरण अनुकूल शहरिकरण गर्न सकिन्छ ।



*फोटो ६ : गाउँपालिकामा आवासको अवस्था*

- सुरक्षित, वहनयोग्य र वातावरणमैत्री मानव बस्तीको विकासका लागि भूमिका निर्वाह गरेर
- आवास सहकारीको स्थापना र प्रवर्द्धन मार्फत स्व-व्यवस्थापनमा आधारित आवास क्षेत्रको निर्माण गरेर
- आफनो क्षेत्र, समुदायभित्र संस्कृति र सम्पदाको सम्वर्द्धनसम्बन्धी कार्य गरेर
- सुरक्षित स्थानहरु पहिचान गरि सुरक्षित बस्ती तथा आवास निर्माण गरेर
- भूकम्प प्रतिरोधी घर निर्माण गर्न सचेतना कार्यक्रम सञ्चालन गरि व्यवस्थित र भूकम्प प्रतिरोधात्मक भवन निर्माण र बस्ती विकास गरेर

### ४.१२. जिम्मेवार उपभोग तथा उत्पादन (लक्ष्य १२)

**दिगो उपभोग र उत्पादन प्रणाली सुनिश्चित गर्ने ।**

दिगो विकास सम्बन्धी बाह्रौँ लक्ष्य अन्तर्गत दाउराको खपत कम गर्ने, प्लाष्टिकको प्रयोग शून्यमा झार्ने, बाली भित्र्याउँदा हुने क्षतिलाई नगन्य बनाउने, पानीको उचित उपयोग गर्नुपर्ने, पेट्रोलियम पदार्थको उपभोग तथा उद्योगजन्य फोहोर घटाउने, खेतीयोग्य जमीन तथा अन्य प्राकृतिक श्रोतको संरक्षण गर्ने, आदि विषय समेटिएको छ । कृषकको जनसङ्ख्या धेरै भएकाले उनीहरूलाई कृषि र औद्योगिक क्रियाकलापहरूमा संलग्न गराएर गाउँपालिकाले जनसाङ्ख्यिक लाभको फाइदा लिन सक्ने देखिन्छ । खाना पकाउनको लागि ९३.५१ प्रतिशत घरधुरीले परम्परागत काठ/दाउरा, ५.८० प्रतिशत घरले तरलीकरण गरिएको पेट्रोलियम ग्यास र ०.४३ प्रतिशत घरले मट्टितेल तथा ०.१० प्रतिशत घरले बायो ग्यास प्रयोग गरेको देखिन्छ । गाउँपालिकामा केवल ०.१२ प्रतिशत घरपरिवारले मात्र खाना पकाउन बिजुलीको प्रयोग गरिएको छ भने ०.०५ प्रतिशत घरले अन्य इन्धन स्रोतको प्रयोग गर्ने गरेका छन् । गाउँपालिकाले दिगो उत्पादन र उपभोगको लक्ष्य प्राप्तिका लागि तपसिलाबमोजिम योगदान गर्न सकिन्छ ।

- स्थानीयवासीको दैनिक जनजीवन र वातावरणलाई व्यवस्थित, स्वच्छ र सुन्दर बनाउन फोहरमैला व्यवस्थापन गरेर
- विभिन्न समय र अवसरमा वृक्षारोपण तथा अन्य प्राकृतिक श्रोत संरक्षण सम्बन्धी अभियान सञ्चालन गरेर
- प्लाष्टिक जन्य फोहरको नियन्त्रण र व्यवस्थापन गरेर
- पानीको मुहान संरक्षण, मुहान आसपास जङ्गल फडानी रोकथाम र मुहान वरिपरि रुख बिरुवा लागेर
- बाझो जमिनमा खेती गर्न किसानलाई कृषि चुन र प्राङ्गारिक मलका लागि अनुदान सहित सिंचाईको व्यवस्था गरेर

### ४.१३ जलवायु उत्थानशिलता (लक्ष्य १३)

**जलवायू परिवर्तन र यसको प्रभाव नियन्त्रणका लागि तत्काल पहल सुरू गर्ने ।**

जलवायु परिवर्तनले गर्दा कृषि उत्पादन एवम् मानवीय जनजीवनमा नकारात्मक असर पर्नुका साथै ठूल्ठूला प्राकृतिक प्रकोप वर्षेनी देखा पर्न थालेका छन् । हरितगृह उत्सर्जन हुनुमा कृषि क्षेत्रले ६८ प्रतिशत, यातायात र औद्योगिक क्षेत्रले १२ प्रतिशत योगदान गरेको मानिन्छ । त्यस्तो उत्सर्जनमा नेपालको खास भूमिका नरहे पनि जलवायु परिवर्तनबाट आफूलाई जोगाउन सरकारले जलवायु अनुकूलका गाउँ/

नगरपालिका, वस्ती तथा कृषि फार्म बनाउन खोजेको छ । यो गाउँपालिकामा  जलवायु परिवर्तनका कारण बाढी, पहिरो तथा भू-स्खलन, डुबान, चट्याङ, खडेरी, हिमपात, असिना, हिमपहिरो, हिमताल विष्फोटन, अतिवृष्टि, अनावृष्टि, हुरी बतास, वन डढेलो लगायतका प्राकृतिक प्रकोपहरुबाट प्रभावित छ । यस गाउँपालिकाले विपद् न्यूनीकरणको लागि सडक लगायत विकास निर्माण गर्दा वातावरणीय प्रभाव मूल्याङ्कनलाई अनिवार्य गरेको छ । वन जङ्गलको संरक्षणको लागि सामुदायिक वन उपभोक्ता मार्फत सचेनतामुलक कार्यक्रम गर्ने, सबै वडामा प्राकृतिक प्रकोप जनचेतना कार्यक्रम सञ्चालन गर्ने तथा विपद् न्यूनीकरण र व्यवस्थापनका लागि नेपाल रेडक्रस लगायत अन्य सरोकारवाला निकायहरुसँग सहकार्य र समन्वय गर्ने नीति लिएको छ । सुनापति गाउँपालिकामा पहिरोबाट जोखिमयुक्त क्षेत्रहरुमा वडा नं. १ को ठूलीबेसी चौरी खोला क्षेत्र, धारापानी सामुदायिक स्वा. इकाई क्षेत्र, मृथली पहरी बस्ती क्षेत्र, ढोडिनी क्षेत्र, वडा नं .२ को मन्दरवेसी, मैरे, मानपुर, राम्चे, वडा नं. ३ को साउने, नागसिवा, क्यौरिनी, भलायखर्क, वडा नं. ४ को च्याडीटार, सिन्दुरेटार, भलवाडी, केउरेनी, घरगोठ (घारकोट), लोफ्राङ क्षेत्र र वडा नं. ५ भिरकोट, लोफ्रा, देसार गाउँ, छापटोल रहेका छन् । सुख्खा/खडेरी बाट कृषि क्षेत्रमा जोखिम बढेको छ । गाउँपालिकाले दिगो उत्पादन र उपभोगको लक्ष्य प्राप्तिका लागि तपसिल बमोजिम लक्ष्य राखेको छ ।

- वातावरणीय परिवर्तनको असर न्यूनीकरणसम्बन्धी सरकार तथा समुदायको प्रयासमा सहभागी भएर
- जलवायु अनुकुलन तथा समुत्थान सम्बन्धी कार्यक्रम सञ्चालन गरेर
- जोखिम बारेमा स्थानीयवासीलाई सचेत गराई समय मै जोखिम व्यवस्थापन गरेर
- भर्खरै मात्र शहरीकरण प्रारम्भ भएकोले सुरक्षित आवासको विकास गरि व्यवस्थित गरेर
- भर्खरै मात्र शहरीकरण प्रारम्भ भएकोले सुरक्षित आवासको विकास गरि व्यवस्थित गरेर
- विपद् जोखिम अध्ययन गरि विपद् प्रतिरोधी संरचनाहरूको निर्माण गरेर

### ४.१४ वन, जल तथा वातावरण (लक्ष्य १४)




**दिगो विकासका लागि महासागर, समुद्र र सामुद्रिक साधन स्रोतहरूको दिगो प्रयोग तथा संरक्षण गर्ने ।**

सुनापति गाउँपालिकाको भू-उपयोग अनुसार वन तथा वनस्पति क्षेत्रले ३,४३२.३४ हेक्टर क्षेत्रफल ओगटेको छ जुन गाउँपालिकाको कुल क्षेत्रफलको ४०.३६ प्रतिशत हुन आउँछ । स्थानीय समुदायले वन उपभोक्ता समूह गठन गरेर वनजङ्गल क्षेत्रको संरक्षण गर्ने काम स्थानीय समुदायले गरिरहेका छन् । गाउँपालिकामा २९ वटा सामुदायिक वन तथा २१ वटा कवुलियति वन उपभोक्ता समिति परिचालन भईरहेका छन् । गाउँपालिकाका सामुदायिक वन उपभोक्ता समितिहरुमा अग्लेश्वरी, फलामपोखरी, कालीदेवी, पान्धारा, छोटेघट्ट, पशुपति, गणेश, हरिसिद्धिका, बिहानी दोभान, चरदेति तगूड, लालीगुराँस, सुनापति सर्पझाङ, हात्ती ढुङ्गा, सुनापति महादेव, गणेशस्थान, सेविडाँडा, भारसिंह सेतीदेवी, फलाटघारी, लहरेमाने सुनापति, रानी भलायोखाद, जल्केनी, ध्यामताङ तकवानी, जोगीमारा, सुनकोशी शिकारी, सुनापति सल्लेरी, पातल चनौटे, महाकाली, सिठिनी दारेगौंडा, भूमेस्थान चुच्चे ढुङ्गा र बासीगीता रहेका छन् । गाउँपालिकामा कृषि उत्पादन र उत्पादकत्व बढाउन परम्परागत सिंचाई प्रणालीको मर्मत-सम्भार र

नयाँ प्रविधिमा आधारित सिंचाई प्रणालीको माध्यमबाट सिञ्चित कृषि क्षेत्रको विस्तार गर्नुपर्ने आवश्यकता देखिन्छ । साना सतह तथा पोखरी कुवा को संरक्षण गरि माछा पालन गर्न सकिन्छ । सिंचाई प्रणालीको सञ्चालन तथा मर्मत सम्भार, सेवा शुल्क निर्धारण र सङ्कलन सम्बन्धी व्यवस्थापन गर्न सकिन्छ ।

समष्टिगत रूपमा हेर्दा गाउँपालिकाको को वन व्यवस्थापन संरक्षणमुखी छ र अर्थोपार्जनमुखी हुन सकेको छैन । आगामी वर्षहरूमा वन व्यवस्थापनले संरक्षण र अर्थोपार्जन दुबैलाई सन्तुलित रुपमा अगाडी बढाई गाउँपालिकाको समृद्धिमा सघाउ पुऱ्याउने तर्फ नीतिगत, कानूनी तथा कार्यक्रमगत रुपमा कार्य गर्नुपर्ने देखिन्छ ।

- सामुदायिक वनमा जन सहभागिता र स्वामित्व वृद्धि गरि प्रभावकारी व्यवस्थापन र उपयोगबाट पशुपालन, काठ तथा काष्ठ जन्य औद्योगिक उत्पादन आदिमा उपभोक्ताहरूलाई प्रोत्साहित गरेर
- निजी जग्गामा बढी आयमूलक काठ, जडिबुटी, डाले घाँस तथा फलफूलको विरुवा लगाई आयआर्जनमा संलग्न हुन किसानहरूलाई प्रोत्साहित गराएर
- स्थानीय काष्ठजन्य उत्पादनलाई प्रोत्साहन गरेर
- सामुदायिक वन कार्यक्रमलाई थप समावेशी र व्यापक बनाउँदै समुदायका विपन्न वर्गहरुलाई प्राथमिकतामा राखेर लाभान्वित बनाएर
- पानीका श्रोतहरु संरक्षण गरेर

## ४.१५ पारिस्थितिकीय प्रणालीको संरक्षण भूक्षय नियन्त्रण १५)

१५ स्थलीय जीवन

**स्थलीय पर्यावरणको संरक्षण, पुनर्स्थापना र दिगो उपयोगको प्रवर्धन् गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमीकरण र भू–क्षय रोक्ने, जैविक विविधताको संरक्षण गर्ने ।**

स्वच्छ पर्यावरण, हरियाली, जैविक विविधता, प्राकृतिक रमणीयता, समुन्नत जलाधार, प्राकृतिक स्रोत व्यवस्थापनमा महिला, आदिवासी तथा स्थानीय समुदायको सहभागिता एवम् पहुँच र लाभको निष्पक्ष र न्यायोचित वितरण सुखी नेपालीका महत्वपूर्ण सूचक हुन् । यसले सबै प्रकारका वनहरूको दिगो व्यवस्थापनको प्रवर्द्धन गर्ने र मरभूमीकरणलाई रोक्ने पनि लक्ष्य लिएको छ । वातावरण र विकास बीच सन्तुलन कायम राखी पूर्वाधार निर्माण कार्यक्रममा हुने वातावरणीय क्षतिलाई कम गर्ने उपयहरुलाई अवलम्वन गरिने छ  स्थानीय संघ संस्था र दातृ निकायहरुको गाउँपालिकाको भू-संरक्षण तथा जलाधार व्यवस्थापनको क्षेत्रमा नियमित आर्थिक र प्राविधिक सहयोग हुनुपर्ने । पारिस्थितिकीय प्रणालीहरूको दिगो उपयोग, रक्षा र पुनरुथापन गर्ने, वनको दिगो रूपमा व्यवस्थापन गर्ने, मरुभूमीकरण विरुद्ध लड्ने र भूक्षय रोक्नुका साथै यसलाई उल्ट्याउने र जैविक विविधताको ह्रासलाई  रोक्नु पर्दछ ।

- पहिरो तथा भू-क्षयका सम्भावित स्थानहरुको पहिचान र नक्साङ्कन गरि रोकथाम तथा नियन्त्रण गरेर
- जोखिमयुक्त स्थानहरुमा वृक्षारोपण र बायो ईन्जिनियरिङ मार्फत
- एकीकृत जलाधार व्यवस्थापनको योजना तर्जुमा गरेर

- पानीको मुहान संरक्षण, मुहान आसपास जङ्गल फडानी रोकथाम र मुहान वरिपरि रुख बिरुवा लगाउएर

### ४.१६ सुशासन र सशक्त संस्थाहरू

**दिगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्धन् गर्ने, न्यायमा सबैको पहुँच सुनिश्चित गर्ने, सबै तहमा समावेशी, जवाफदेही र प्रभावकारी संस्थाहरूको निर्माण गर्ने ।**

दिगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, सबैको न्यायमा पहुँच प्रदान गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्था निर्माण गर्ने । सेवा प्रदायक सबै सरकारी निकाय, स्थानीय निकायहरुमा मानवीय तथा भौतिक श्रोत साधनको व्यवस्था, प्रभावकारी रुपमा आन्तरिक श्रोतहरुको पहिचान, परिचालन र व्यवस्थापन, संस्थागत सुशासन कायम भई चुस्त तथा दुरुस्त आर्थिक प्रशासन, पारदर्शी, गुणस्तरीय, छिटोछरितो सेवा प्रवाह, सामाजिक सुरक्षाको प्रत्याभूति, स्थानीय निकायहरु तथा अन्य विकास सरोकारवाला संस्थाहरुको क्षमता अभिवृद्धि, कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन सूचनामुलक, सहभागितामूलक हुनुको साथै स्थानीय तहमा आवाधिक योजना अनुसार विकास कार्यक्रम सञ्चालन, सबै कार्यक्रमहरु पारदर्शी तथा सूचना माथि सेवाग्राहीहरुको पहुँच अभिवृद्धि भई सुशासनको प्रत्याभूति, सबै सरोकारवालाहरु बीच प्रभावकारी समन्वय र विकास कार्यको प्रभावकारी अनुगमन तथा मुल्याङकन जस्ता कुराहरु सँगै गुणस्तरीय सेवा प्रवाह योजनावद्ध विकास हुने अपेक्षा योजनाले गरेको छ । संस्थागत विकास योजना सम्बन्धित सरोकारवालाहरूको क्षमता सुदृढीकरण गर्दै दक्ष र बौद्धिक संगठनात्मक संरचनाको स्थापना गरि विकास कार्यहरुलाई तीब्र र व्यवस्थित गर्ने तर्फ केन्द्रित छ । यस अन्तर्गत पूर्वाधार विकास र क्षमता अभिवृद्धि कार्यक्रमहरू समावेश गरिएको छ । स्थानीयवासीलाई सहज र सरल तरिकाबाट सेवा सुविधा प्रदान गरि योगदान दिन सकिन्छ ।

- स्थानीय तहको कार्य सम्पादन र सेवा प्रवाह परिणाममुखी, चुस्त र पारदर्शी बनाएर
- अनुगमन मुल्याङ्कन पद्धतिलाई संस्थागत र समय सापेक्ष बनाइ
- गाउँपालिकामा बढी उत्तरदायी, जनमैत्री, पारदर्शी, जवाफदेही संस्थाहरूको निर्माण गरि रिक्त दरबन्दीको परिपूर्ति र थप दरबन्दीको व्यवस्था गरि जनशक्तिको अधिकतम परिचालन
- यसरी गाउँपालिकाले अन्य सबै दिगो विकासका लक्ष्यहरू हासिल गर्नका लागि प्रभावकारी, जवाफदेही र समावेशी संस्थाहरूको निर्माण गर्नु पर्दछ ।

### ४.१७ दिगो विकास लक्ष्यका लागि साझेदारी (लक्ष्य १७)

**दिगो विकासका लागि विश्वव्यापी साझेदारी सशक्त बनाउने र कार्यान्वयनका लागि साधन र स्रोत सुनिश्चित गर्ने ।**

सुनापति गाउँपालिकाले निजी, सामुदायिक तथा गैरसरकारी साझेदारहरूलाई संलग्न गराएर लगानीको परिधिलाई विस्तार गर्नेछ । दिगो विकास लक्ष्यलाई राष्ट्रिय, प्रादेशिक र स्थानीय विकासको केन्द्रमा राख्न राष्ट्रिय सहमति आवश्यक छ । स्थानीय विकासलाई गति दिन सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकासका साझेदार निकाय तथा आम नागरिकको सहभागितामा विकासको गतिलाई अगाडी बढाउन विकासका लागि सधै सबै सँगै अभियान सञ्चालन गरिने छ । गैरसरकारी संस्था, सहकारी र सामुदायिक संघ संस्थाहरूले समुदाय स्तरमा स्रोत परिचालन गरि दिगो विकास लक्ष्यहरू कार्यान्वयनमा सहयोग गर्न सक्छन् । उनीहरूले समुदायको नेतृत्वमा सञ्चालन हुने कार्यक्रमहरूमा रोजगारी सिर्जना गरेर सहयोग गर्नु पर्दछ । समुदायले स्वामित्व ग्रहण गरेको परियोजनाको कार्यान्वयन पक्ष तुलनात्मक रुपमा सहज हुन्छ । निजी क्षेत्रले स्वदेशी बजारका साथै वैदेशिक लगानीमार्फत आर्थिक क्षेत्रको विकासमा सहयोग गर्न सक्छन् । साथै, निजी क्षेत्रले व्यवसाय सञ्चालन गरेर दिगो विकास लक्ष्यहरूको प्राप्तिमा योगदान गर्न सक्छन् । निजी क्षेत्रले मूल्य सिर्जना गर्ने क्रियाकलापहरूका लागि आन्तरिक स्रोत परिचालन गरेर गरिबका लागि सहयोगी आर्थिक वृद्धिलाई दुरतता दिन सक्छ ।

गाउँपालिकालिकाले आवधिक योजनाका लागि वार्षिक २ अर्ब ७ करोड ५३ लाख ८५ हजार गरि पाँच वर्षको कूल रकम रु १० अर्व ३७ करोड ६९ लाख २५ हजार विनियोजन गर्नुपर्ने देखिन्छ । जसमध्ये पहिलो आ.व.मा १ अर्व ४० करोड ७१ लाख ५५ हजार, दोस्रो आ.व .मा १ अर्व ८३ करोड ५६ लाख १५ हजार, तेस्रो आ.व .मा २ अर्व ९ करोड ७६ लाख ५० हजार, चौथो आ.व .मा २ अर्व ३२ करोड ३६ लाख ३५ हजार र पाँचौं आ.व. मा २ अर्व ७४ करोड ८८ लाख ७० हजार खर्च गर्नुपर्ने देखिन्छ । यो प्रक्षेपण गरिएको लागतको आधारमा दिगो विकासको लक्ष्यलाई समेत विनियोजन गरिने छ ।

## परिच्छेद ५. दिगो विकास लक्ष्यको स्थानीयकरणको लागि सुनापति गाउँपालिकाको ५ वर्षे योजना २०८१/८५-२०८५/८६

**दिगो विकास लक्ष्य १ :** सबै तिरबाट सबै प्रकारका गरिबीको अन्त्य

लक्ष्य १ अन्तर्गत सुनापति गाउँपालिकाका मुख्य प्राथमिकताहरू

- सुनापति गाउँपालिकामा गरिबीको अवस्थामा रहेका नागरिकको पहिचान, अवस्था विश्लेषण
- सुनापति गाउँपालिकामा सामाजिक रूपमा सीमान्तकृत अवस्थामा रहेका समूहहरूको पहिचान र अवस्था विश्लेषण
- सीमान्तकृत अवस्थामा रहेका समुहको लागि आर्थिक शसक्तिकरण (रोजगारी तथा स्वरोजगारी)

सम्बन्धित राष्ट्रिय परिमाणात्मक लक्ष्य : सन् २०३० सम्ममा जहाँ सुकै रहेको भएतापनि सबै जनताको चरम गरिबीको उन्मुलन गर्ने ।

**दिगो विकास लक्ष्य १ का लागि सुनापति गाउँपालिकाको लागि कार्ययोजना**

| **दिगो विकासको लागि स्थानीय सूचक** | **योजना** | **अपेक्षित उपलब्धि** | **पालिकाको जिम्मेवार इकाई** | **उपलब्धि/अनुगमन सूचक** |
|---|---|---|---|---|
| राष्ट्रिय मापदण्ड अनुसार सुनापति गाउँपालिकामा गरिबीको रेखामुनि रहेका जनसङ्ख्याको अनुपात (उमेर, जात, लिङ्ग, अपाङ्गता, रोजगारीको अवस्था, भौगोलिक स्थिति अनुसार) | गाउँपालिकामा गरिबीको अवस्थामा रहेका नागरिकहरुको पहिचान तथा वर्गीकरण गर्ने । | सुनापति गाउँपालिकामा गरिबीको अवस्थामा रहेका नागरिकहरुको अवस्था पहिचान भई गरिबी निवारण कार्यक्रम निर्माणमा सहज हुने छ । | सामाजिक विकास शाखा | ▪ अध्ययन प्रतिवेदन<br>▪ खण्डीकृत/वर्गीकृत तथ्याङ्क |
| | गरिबी भित्र पनि सीमान्तकृत अवस्थामा रहेका महिला, बालबालिका, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायतको सङ्ख्या र अवस्था विश्लेषण | सीमान्तकृत अवस्थामा रहेका नागरिकहरुको अवस्था पहिचान भई दीगो र समावेशी कार्यक्रम निर्माणमा सहयोग हुने छ । | सामाजिक विकास शाखा | ▪ सीमान्तकृत समुदायको अवस्था विश्लेषण गरिएको प्रतिवेदन<br>▪ सीमान्तकृत समुदायको खण्डीकृत तथ्याङ्क |

| | | | | |
|---|---|---|---|---|
| | अध्ययन मार्फत गरिबी तथा सीमान्तकृत अवस्थामा रहेका नागरिकहरुको लागि रोजगारी र आयआर्जनका सम्भावनाहरुको खोजी गर्ने । | सीमान्तकृत अवस्थामा रहेका नागरिकहरुको आर्थिक शसक्तिकरणका उपायहरु पहिचान हुने छन् । | सामाजिक विकास शाखा | ▪ सुनापति गाउँपालिका भित्र रोजगारी र आयआर्जनका सम्भावनाहरुको विश्लेषण गरिएको प्रतिवेदन |
| | गरिब तथा सीमान्तकृत समुदाय लक्षित आर्थिक शसक्तिकरण कार्यक्रम सञ्चालन गर्ने (सीप विकास, ऋण सहयोग, बीउ पूँजी, उद्यमशिलता विकास तालिम, रोजगारीमा प्राथमिकता लगायतका कार्यक्रम) | गरिब तथा सीमान्तकृत समुदायका नागरिकहरुले रोजगारी तथा आयआर्जनका अवसरहरु प्राप्त गर्ने छन् र आयआर्जनमा संलग्न हुने छन् । | सामाजिक विकास शाखा | ▪ गरिबी न्यूनीकरण लक्षित कार्यक्रम समावेश भएको वार्षिक नीति तथा कार्यक्रम<br>▪ गरिब तथा सीमान्तकृत लक्षित आर्थिक शसक्तिकरणका कार्यक्रम<br>▪ आर्थिक रुपमा शसक्तिकरण भएका युवा, गरिब, विपन्न र सीमान्तकृत समुदायका नागरिकहरुको सङ्ख्या |

**दिगो विकास लक्ष्य २ :** भोकमरीको अन्त्य, खाद्य सुरक्षा प्राप्त गर्ने र पोषण र दिगो कृषिको प्रवर्द्धन गर्ने ।

लक्ष्य २ अन्तर्गत सुनापति गाउँपालिकाका मुख्य प्राथमिकताहरू

- सुनापति गाउँपालिकामा गरिबी र भोकमरीको अवस्थामा रहेका नागरिकहरुका लागि स्वास्थ्य, पोषण तथा खाद्य सुरक्षा
- गरिब, विपन्न वा बसाईँसराईका कारणले विस्थापित भोकमरी वा चरम आर्थिक सङ्कट भई दुई छाक टार्न धौ धौ भएका नागरिकको लागि उचित आर्थिक प्याकेजको व्यवस्था ।

सम्बन्धित राष्ट्रिय परिमाणात्मक लक्ष्य : सन् २०३० सम्ममा भोकमरी अन्त्य गर्ने र खास गरि शिशु लगायत गरिब र संकटग्रस्त अवस्थामा रहेका व्यक्तिहरु सहित सबै जनताको सुरक्षित, पोषणयुक्त र पर्याप्त खानामा वर्षै भरी पहुँच सुनिश्चित गर्ने ।

**दिगो विकास लक्ष्य २ का लागि सुनापति गाउँपालिकाको लागि कार्ययोजना**

| दिगो विकासको लागि स्थानीय सूचक | योजना | अपेक्षित उपलब्धि | पालिकाको जिम्मेवार इकाई | उपलब्धि/अनुगमन सूचक |
|---|---|---|---|---|
| सुनापति गाउँपालिका भित्र देखिने कुपोषणको घट्दो दर, खाद्य असुरक्षाको घट्दो दर | गाउँपालिका क्षेत्र भित्र रहेका विपन्न वेवारिसे, असहाय र भोकै रहनुपर्ने अवस्थाका नागरिक, वेवारिसे, अनाथ र सडक बालबालिकाको पहिचान र कारणहरुको अध्ययन | वेवारिसे, असहाय बालबालिकाहरुको अवस्था पहिचान भई कार्यक्रम निर्माणमा सहज हुने छ। | सामाजिक विकास शाखा | ▪ असहाय, वेवारिसे र भोकै रहनुपर्ने अवस्थाका नागरिकको विष्तृत तथ्याङ्क |
| | भोकै रहनुपर्ने अवस्थामा रहेका नागरिकहरुलाई तत्कालका लागि खाना, आवास तथा पोषणको व्यवस्था गर्ने र आय आर्जनमा सहभागिता गराउने । नागरिकमा रहेको खाद्य असुरक्षा घटाउने कार्यक्रम सञ्चालन गर्ने। | नागरिकहरु भोकै रहनुपर्ने अवस्थाबाट मुक्त हुने छन्। | सामाजिक विकास शाखा | ▪ खाना तथा पोषणका कार्यक्रमहरुको सञ्चालन तथा लाभान्वितहरुको सङ्ख्या, आयआर्जन कार्यक्रम सय्चालन तथा लाभान्वित सङ्ख्या<br>▪ गाउँपालिकाले खाद्य सुरक्षाको लागि अपनाएका योजनाहरु |
| | विपन्न, वेसहारा बालबालिकाहरु र नागरिकको लागि संस्थागत व्यवस्थापन गर्ने। | गाउँपालिकाका नागरिकहरु वेवारिसे भएर विस्थापित अवस्थामा जीवन विताउनुपर्ने बाध्यताबाट मुक्त हुनेछन्। | सामाजिक विकास शाखा | ▪ विभिन्न बाल संरक्षण गृह, ज्येष्ठ नागरिक सञ्जाल, सीप विकास केन्द्रहरु मार्फत उपलब्ध गराइएका सेवा र लाभान्वित सङ्ख्या। |

**दिगो विकास लक्ष्य ८ :** समावेशी र दिगो आर्थिक वृद्धिको प्रवर्द्धन र सबैका लागि मर्यादित काम।

लक्ष्य ८ अन्तर्गत सुनापति गाउँपालिकाका मुख्य प्राथमिकताहरू

- सुनापति गाउँपालिका क्षेत्र भित्र पर्यटन प्रवर्द्धन मार्फत काम तथा रोजगारीको वातावरण निर्माण

- कृषि, पर्यटन, हस्तकला, जडिबुटीसँग सम्बन्धित वस्तुहरुको उत्पादन तथा सेवाको प्रवर्द्धन मार्पत मर्यादित कामको सृजना
- गाउँपालिका क्षेत्रमा परम्परागत चाडपर्व, जात्रा, पर्व, मेलाको संरक्षण र सम्वर्द्धन

सम्बन्धित राष्ट्रिय परिमाणात्मक लक्ष्य : उत्पादनशिल गतिविधिहरु, मर्यादित रोजगारी सृजना, उद्यमशिलता, सृजनशिलता रनवप्रवर्तनलाइ सहयोग गर्ने खालका विकासमूखी नीतिहरु प्रवर्द्धन गर्ने र वित्तीय सेवाहरुमा पहुँच लगायत लघु, साना र मझौला उद्योगहरुको स्थापना र वृद्धिलाई प्रोत्साहन गर्ने ।

**दिगो विकास लक्ष्य ८ का लागि सुनापति गाउँपालिकाको लागि कार्ययोजना**

| दिगो विकासको लागि स्थानीय सूचक | योजना | अपेक्षित उपलब्धि | पालिकाको जिम्मेवार इकाई | उपलब्धि/अनुगमन सूचक |
|---|---|---|---|---|
| सुनापति गाउँपालिका भित्र कृषि, उद्योग, हस्तकला, पर्यटन क्षेत्रमा रोजगारीको अनुपात (उमेर, लिङ्ग, आर्थिक अवस्था, अपाङ्गता, जातजाति अनुसार) | गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको पहिचान, पूर्वाधार निर्माण, मर्मत सम्भार, पदमार्ग निर्माण गर्ने, सबैका लागि पहुँचयुक्त बनाउने, प्रचार प्रसार तथा प्रवर्द्धन गर्ने र पर्यटन व्यवसायलाई प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गर्ने । | गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरु व्यवस्थित, सफा, थपसुन्दर, सबैका लागि पहुँचयुक्त र आकर्षक हुने छन् । आन्तरिक तथा बाह्य पर्यटक आवागमनमा वृद्धि हुने छ । | सूचना तथा प्रविधि शाखा | ▪ पर्यटकीय क्षेत्रहरुको पहिचान र पूर्वाधार निर्माण गरिएका पर्यटकीय स्थलहरुको सङ्ख्या<br>▪ सबैका लागि पहुँचयुक्त बनाइएका पर्यटकीय स्थलहरुको सङ्ख्या<br>▪ गाउँपालिकाले उत्पादन गरेका प्रचार प्रसार सामाग्री, वेबसाइट र सञ्चालन गरेका प्रचार प्रसार सम्बन्धी कामहरु<br>▪ पर्यटन व्यवसायलाई प्रोत्साहन गर्न सञ्चालित कार्यक्रमहरु र लाभान्वित सङ्ख्या |
| | गाउँपालिका क्षेत्रमा सञ्चालित हस्तकला उद्योग, जडिबुटी, आधुनिक कृषि तथा सांस्कृतिक महत्वका वस्तुहरुको उत्पादन, | हस्तकलाका सामान, जडिबुटी, कृषि उत्पादन लगायत सांस्कृतिक महत्वका वस्तुहरुको | सूचना तथा प्रविधि शाखा | ▪ परम्परागत उद्योग सञ्चालनका लागि तालिम तथा अनुदान सहयोग कार्यक्रम |

| | | | | |
|---|---|---|---|---|
| | प्रयोग र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा यसको विक्रीलाई प्रवर्द्धन गर्न प्राविधिक सहयोग, परामर्श र अध्ययनमा सहयोग गर्ने । | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा विक्री वितरण र प्रचार प्रसार बढ्ने छ । | | ▪ उत्पादित वस्तु तथा सेवाहरुको प्रचार प्रसारको लागि गरिएका कृयाकलापहरुको सङ्ख्या<br>▪ प्राविधिक सहयोग र परामर्शको लागि गरिएका कामहरुको सङ्ख्या र लाभान्वित सङ्ख्या |
| | गाउँभित्रका सांस्कृतिक चाड, जात्रा, मेला, पर्वहरुको अन्तर्राष्ट्रिय र राष्ट्रिय तहमा प्रचार प्रसार गरि आन्तरिक र बाह्य पर्यटकहरुलाई आकर्षण गर्ने । | गाउँपालिकाका चाड र जात्रा हेर्न आउने आन्तरिक तथा बाह्य पर्यटकहरुको सङ्ख्यामा वृद्धि हुने छ । | सामाजिक विकास शाखा | ▪ अन्तर्राष्ट्रिय र राष्ट्रिय रुपमा प्रचार प्रसार गर्न सञ्चालित कार्यक्रमहरुको सङ्ख्या । |

**दिगो विकास लक्ष्य १० :** देश देश बीचको र देश भित्रको असमानताको न्यूनिकरण ।

लक्ष्य १० अन्तर्गत सुनापति गाउँपालिकाका मुख्य प्राथमिकताहरू

- गाउँपालिका क्षेत्र भित्र सामाजिक असमानताहरुको न्यूनिकरण
- सिमान्तकृत समुदायलाई न्यायमा पहुँच बढाउने
- विभेद विरुद्ध सामाजिक जनचेतना अभिवृद्धि

सम्बन्धित राष्ट्रिय परिमाणात्मक लक्ष्य १०.२ : उमेर, लिङ्ग, अपाङ्गता, जातजाति, उद्‌गम, धर्म वा आर्थिक वा अन्य अवस्थाहैसियत जे भए पनि सबै जनताको सामाजिक, राजनैतिक र आर्थिक समावेशीतालाई शसक्त बनाउने र प्रवर्द्धन गर्ने ।

**दिगो विकास लक्ष्य १० का लागि सुनापति गाउँपालिकाको लागि कार्ययोजना**

| दिगो विकासको लागि स्थानीय सूचक | योजना | अपेक्षित उपलब्धि | पालिकाको जिम्मेवार इकाई | उपलब्धि/अनुगमन सूचक |
|---|---|---|---|---|
| सुनापति गाउँपालिका भित्र रहेका वर्ग, जात, जाति, लिङ्ग, उमेर र अपाङ्गता अनुसार मध्यम आयको ५० प्रतिशत भन्दा मुनि आय हुने जनताहरुको अनुपात । | गाउँपालिका भित्रका जातिय, वर्गीय, लैङ्गिक, उमेर, अपाङ्गता लगायतका आधारमा विद्यमान विभिन्न सामाजिक असमानताका स्वरुप र त्यसको सामाजिक आर्थिक प्रभावको अध्ययन गर्ने | गाउँपालिक क्षेत्र भित्र रहेका सामाजिक असमानताका कारणहरु पहिचान भई यसको न्यूनीकरण सम्बन्धि कार्यक्रम निर्माणमा सहज हुने छ । | सामाजिक विकास शाखा | ▪ अध्ययन प्रतिवेदन र प्रतिवेदनले दिएका तथ्यहरु तथा सूचक अनुसारको तथ्याङ्क |
| | गाउँपालिका क्षेत्र भित्र रहेका युवा लगायत सङ्कटको अवस्थामा रहेका र सीमान्तकृत वर्गहरु (जस्तै महिला, अपाङ्गता भएका व्यक्ति, गरिब, विपन्न, दलित, आदिवासी, जनजाति, आदिको आय आर्जनमा वृद्धि गर्न लक्षित कार्यक्रमहरु सञ्चालन गर्ने । | आर्थिक उपार्जनका कामहरुमा गाउँपालिला क्षेत्रमा युवा तथा सीमान्तकृत वर्गका जनताको संलग्नतामा वृद्धि हुने छ । | सामाजिक विकास शाखा | ▪ लिङ्ग, वर्ग, उमेर, जात, अपाङ्गता, आर्थिक अवस्थाका आधारमा आय आर्जनमा संलग्नहरुको सङ्ख्या । |
| | सामाजिक असमानता हटाउन शैक्षिक पाठ्यक्रममा सुधार ल्याउने र सामाजिक समानताको बारेमा नियमित कक्षाहरु सञ्चालन गर्ने । | सामाजिक समानता कायम गर्न नयाँ पुस्ता क्रमश: जिम्मेवार हुँदै जाने छ । | न्यायिक समिति | ▪ सामाजिक समानताको बारेमा विभिन्न विद्यालयमा सञ्चालित कक्षाहरु र लाभान्वित विद्यार्थी र शिक्षकहरुको सङ्ख्या |
| | असमान व्यवहारका विरुद्धमा कानुनी कार्वाहीहरुलाई चुस्त बनाउने र पालिकामा गुनासो दर्ता गर्ने र तत्काल | गाउँपालिकाको क्षेत्र भित्र नागरिक नागरिक बीच हुने असमान व्यवहार र विभेदहरुमा | न्यायिक समिति | ▪ असमान व्यवहार सम्बन्धी दर्ता भएका गुनासाहरु, गुनासो उपर गरिएका कार्वाहीहरु |

| | | | | |
|---|---|---|---|---|
| | कार्वाही गर्ने संयन्त्र स्थापना गर्ने र त्यसलाई सबैको लागि पहुँचयुक्त बनाउने । | कमी आउने छ । | | |
| | सामाजिक असमानता विरुद्ध कार्यक्रमहरु गर्न युवा समूह, सामाजिक संघ समस्था, अनौपचारिक समूहहरु, शैक्षिक संस्थाहरुलाई परिचालन गर्ने र स्थानीय निर्णय प्रकृयाहरुमा सीमान्तकृत वर्गहरुको सहभागिता बढाउने | गाउँपालिका क्षेत्र भित्र नागरिक नागरिक बीच हुने असमान व्यवहार र विभेदहरुमा कमी आउने छ । | सामाजिक विकास शाखा | ▪ जातिय, लैङ्गिक, अपाङ्ता तथा अन्य आधारमा हुने असमानताको घट्दो दर<br>▪ निर्णय प्रकृयामा सीमान्तकृत वर्गको सहभागिताको अनुपात |
| | सामाजिक समानता प्रवर्द्धन गर्ने कार्यक्रमहरुमा नीतु क्षेत्रलाई परिचालन गर्ने र सञ्चार माध्यमबाट प्रसारण गर्ने र यस्ता प्रकारका प्रकाशनहरुलाई प्रवर्द्धन गर्ने । | सामाजिक असमानता न्यूनीकरणमा गाउँ क्षेत्रका नीजि कम्पनी, संस्था र सञ्चार माध्यमहरु सक्रिय हुने छन् । | सामाजिक विकास शाखा | ▪ सञ्चार माध्यमबाट प्रसारित कार्यक्रमहरु<br>▪ सम्बन्धित प्रकाशनहरु |

**सामाजिक विकास (दिगो विकास लक्ष्य ३, ४, ५, ६)**

**दिगो विकास लक्ष्य ३ :** सबै उमेरका मानिसहरुका लागि स्वस्थ जीवन र आरोग्यता

सम्बन्धित राष्ट्रिय परिमाणात्मक लक्ष्य :

**लक्ष्य ३.३ :** सन् २०३० सम्ममा एच.आई.भी. एड्स, क्षय रोग, औलो ज्वरो, उष्ण प्रदेशीय उपेक्षित रोगहरुको माहामारी अन्त्य गर्ने र हेपाटाइटिस पानीजन्य रोगहरु एवम् अन्य सरुवा रोगहरु नियन्त्रण गर्ने ।

**लक्ष्य ३.४ :** सन् २०३० सम्ममा नसर्ने रोगबाट हुने असामयिक मृत्युदरलाई रोकथाम र उपचारबाट एक तिहाईले कम गर्नुका साथै मानसिक स्वास्थ्य तथा समृद्धि प्रवर्द्धन गर्ने ।

**लक्ष्य ३.५ :** लागु पदार्थ तथा मादक पदार्थ प्रयोगको रोकथाम, नियन्त्रण उपचार पद्धतिलाई सुदृढ तुल्याउने ।

**लक्ष्य ३.६ :** सन् २०३० सम्ममा विश्व भर सडक दुर्घटनाबाट हुने मृत्यु र घाईतेहरुको सङ्ख्यालाई आधा घटाउने ।

**लक्ष्य ३.७ :** सन् २०३० सम्ममा यौन तथा प्रजजन स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्नुका साथै परिवार नियोजन, सूचना र शिक्षा तथा प्रजनन स्वास्थ्यलाई राष्ट्रिय रणनीति र कार्यक्रममा एकीकरण गर्ने ।

**लक्ष्य ३.८ :** स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच हासिल गर्नका निम्ति वित्तीय जोखिम सुरक्षा कायम गर्दै सुरक्षित, प्रभावकारी र गुणस्तरीय अत्यावस्यक स्वास्थ्य सेवाहरुका साथै सबैको लागि क्षमता अनुसार धान्न सकिने मूल्यमा अत्यावश्यक औषधी तथा खोपहरुको उपलब्धता बढाउने ।

लक्ष्य ३ अन्तर्गत सुनापति गाउँपालिकाका मुख्य प्राथमिकताहरू

- आधारभूत तथा अत्यावश्यक स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि, स्वास्थ्य सेवाको स्तरोन्नति
- जनस्वास्थ्यमा सुधार, सरुवा रोगहरुमा नियन्त्रण
- विशिष्ट प्रकारका सेवाहरुको उपलब्धतामा वृद्धि, स्वास्थ्य संस्ताको क्षमता विकास
- लागु पदार्थ सेवन, प्रयोग तथा विक्री वितरणमा नियन्त्रण
- नागरिकको यौन तथा प्रजजन स्वास्थ्यमा सुधार

**दिगो विकास लक्ष्य ३ का लागि सुनापति गाउँपालिकाको लागि कार्ययोजना**

| **दिगो विकासको लागि स्थानीय सूचक** | **योजना** | **अपेक्षित उपलब्धि** | **पालिकाको जिम्मेवार इकाई** | **उपलब्धि/अनुगमन सूचक** |
|---|---|---|---|---|
| सुनापति गाउँपालिकामा एच.आई.भी., क्षयरोग, मलेरिया, हेपाटाइटिस बी | गाउँपालिकामा रहेका अस्पतालर स्वास्थ्य केन्द्रहरुको अनुगमन गर्ने र अत्यावश्यक स्वास्थ्य सेवाको आपूर्तिको | गाउँपालिकाको समग्र स्वास्थ्य केन्द्रहरुको सेवा तथा गुणस्तरको अवस्था पहिचान | स्वास्थ्य शाखा | ▪ अनुगमन तथा अध्ययन प्रतिवेदन |

| | | | | |
|---|---|---|---|---|
| जस्ता सरुवा रोग लाग्नेहरुको दर । | अवस्था र गुणस्तरको अध्ययन गर्ने । | भई सुधारका कार्यक्रमहरु लागु गर्न सहज हुने छ । | | |
| सुनापति गाउँपालिका क्षेत्रमा मुटु सम्बन्धी रोग, क्यान्सर, मधुमेह, श्वासप्रश्वास सम्बन्धी हुने | गाउँपालिका क्षेत्र भित्र उपलब्ध गराइने न्यूनतम आधारभूत तथा अत्यावश्यक स्वास्थ्य सेवाको गुणस्तर र मापदण्ड निर्धारण गर्ने | स्थानीयवासीहरुले गाउँपालिका मार्फत पाउने स्वास्थ्य सेवाको गुणस्तरमा वृद्धि हुने छ । | स्वास्थ्य शाखा | ▪ गाउँपालिकाले तोकेको न्यूनतम आधारभूत स्वास्थ्य सेवाहरु र निर्धारित विस्तृत मापदण्ड |
| दीर्घ रोगहरुको कारण हुने मृत्यु दर ।<br>सुनापति गाउँपालिकामा प्रति १ लाख | सरुवा रोगहरुको विषयमा जनचेतना अभिवृद्धि गर्ने रोकथामका लागि शुद्ध पिउने पानी आपूर्ति लगायत गाउँपालिकाको सरसफाइ र फोहर व्यवस्थापनलाई दिगो बनाउने | सरुवा रोगबाट बच्ने उपायको बारेमा जनतामा सूचना प्रवाह हुने छ, गाउँपालिकाको सरसफाइमा वृद्धि हुने छ र फोहर व्यवस्थापन दिगो हुने छ | स्वास्थ्य शाखा | ▪ सचेतना कार्यक्रमहरुको सङ्ख्या, लाभान्वित सङ्ख्या, गाउँपालिकाको सफाइमा सुधार भएको अवस्था |
| जनसङ्ख्यामा आत्महत्याको कारण हुने मृत्यु दर ।<br>सुनापति गाउँपालिकामा लागु पदार्थको प्रयोगबाट | नसर्ने रोगहरुको रोकथाम सम्बन्धमा जनचेतना कार्यक्रम गर्ने र यस्ता रोगहरुको उपचारलाई प्रभावकारी बनाउन स्वास्थ्य संस्थाहरुको क्षमता विकास गर्ने | नसर्ने रोगको दरमा कमी आउने छ र यस्ता रोगहरुको उपचार प्रभावकारी रुपमा उपलब्ध हुने छ | स्वास्थ्य शाखा र पूर्वाधार विकास शाखा | ▪ नसर्ने रोग लाग्ने दर र प्रभावकारी उपचार पाएर निको हुनेहरुको दर |
| हुने हानीहरुको उपचार सेवाको विस्तार<br>सुनापति गाउँपालिकामा सडक दुर्घटनाबाट हुने मृत्यु दर<br>सुनापति गाउँपालिकामा आधुनिक विधि र | जथाभावी लागु पदार्थ तथा मादक पदार्थको सेवन र सडक दुर्घटनालाई कम गराउन प्रहरी सक्रियता र कार्वाही बढाउने र ट्राफिक नियम र लागु पदार्थ सम्बन्धी नियमित सार्वजनिक सचेताना कार्यक्रम सञ्चालन गर्ने । गाउँपालिकामा सबै सार्वजनिक सडक तथा मर्मत सम्भार र स्तरवृद्धि गर्ने । | लागु पदार्थ सेवन गर्नेहरुको सङ्ख्यामा कमी आउने छ, सवारी दुर्घटनाहरु कम हुने छन् । | | ▪ जथाभावी लागु तथा मादक पदार्थ सेवन गर्नेहरुको दर<br>▪ सवारी दुर्घटनाको दर<br>▪ स्तर वृद्धि भएको सडकको किलोमिटर मापन |

| | | | | |
|---|---|---|---|---|
| साधनद्वारा परिवार नियोजन सम्बन्धी आवश्यकता पुरा गर्ने १५-४९ वर्ष उमेरका महिलाहरुको अनुपात<br>सुनापति गाउँपालिकामा रहेका जनताहरुको अत्यावश्यक स्वास्थ्य सेवाहरुमा पहुँच | गाउँपालिकाको क्षेत्राधिकारमा पर्ने सबै अस्पताल र स्वास्थ्य केन्द्रहरुमा नियमित न्यूनतम आधारभूत र अत्यावश्यक स्वास्थ्य सेवा सुनिश्चित गर्ने र यस्ता सेवाहरु सबैका लागि नि:शुल्क उपलब्ध गराउने | स्थानीयवासीहरुले न्यूनतम गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा नि:शुल्क रुपमा प्राप्त गर्ने छन्। | स्वास्थ्य शाखा | ▪ स्वास्थ्य केन्द्रहरुले उपलब्ध गराउने सेवाको प्रकार र सङ्ख्या<br>▪ नि:शुल्क स्वास्थ्य सेवा लिने लाभान्वितहरुको सङ्ख्या |
| | ज्येष्ठ नागरिक, गर्भवति महिला, अपाङ्गता भएका व्यक्तिलाई दिइने विशिष्ट प्रकारका सेवाहरु नि:शुल्क उपलब्ध गराउने | विशिष्ट प्रकृतिको स्वास्थ्य सेवा पाउनुपर्ने नागरिकहरुले नि:शुल्क रुपमा यस्ता सेवाहरु पाउने छन् | स्वास्थ्य शाखा | ▪ नि:शुल्क विशिष्टिकृत सेवा लिने नागरिकहरुको सङ्ख्या (लिङ्ग, उमेर, अपाङ्गताको आधारमा) |
| | प्रजजन तथा यौन स्वास्थ्य सम्बन्धी परामर्श, मनोपरामर्श जस्ता सेवाहरु प्रत्येक स्वास्थ्य केन्द्रहरुमा नि:शुल्क उपलब्ध गराउने | महिला तथा मनोसामाहिक समस्या भएका व्यक्तिहरुलर प्रजजन स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा नि:शुल्क रुपमा पाउने छन् | स्वास्थ्य शाखा | ▪ नि:शुल्क परामर्श सेवा लिनेहरुको सङ्ख्या |
| | पालिकास्तरीय स्वास्थ्य सेवा अनुगमन तथा सुझाव समिति गठन गरि नियमित परिचालन गर्ने | गाउँपालिका स्तरीय स्वास्थ्य सेवाको प्रभावकारितामा वृद्धि हुने छ , | स्वास्थ्य शाखा | ▪ अनुगमन समितिले गरेका अनुगमनहरुको सङ्ख्या, प्रतिवेदनहरु, दिएका सुझावहरु र सुझाव कार्यान्वयनको प्रतिवेदन |

**दिगो विकास लक्ष्य ४ :** सबैका लागि समान र गुणस्तरीय शिक्षा। सबैका लागि जीवनपर्यन्त सिकाइका लागि अवसर सृजना गर्ने।

सम्बन्धित राष्ट्रिय परिमाणात्मक लक्ष्य :

**लक्ष्य ४.१ :** सन् २०३० सम्ममा सबै छात्रछात्राहरुलाई सान्दर्भिक साथै सिकाइका अवसरहरु प्राप्त हुन सकुन भन्ने उद्देश्यले उनीहरुका निम्ति नि:शुल्क, न्यायोचित तथा गुणात्मक आवासिय र माध्यमिक शिक्षाको सुनिश्चितता गर्ने ।

**लक्ष्य ४.४ :** सन् २०३० सम्ममा रोजगारी, मर्यादित जागिर र उद्यमशीलताको निम्ति प्राविधिक एवम् व्यवसायिक दक्षता लगायतका सान्दर्भिक सीप दक्षता भएका युवा र वयस्कहरुको सङ्ख्या वृद्धि गर्ने ।

**लक्ष्य ४.५ :** सन् २०३० सम्ममा शिक्षामा लैङ्गिक असमानताहरुको अन्त्य गर्ने र सबै तहका शिक्षा र व्यवसायिक तालिममा सङ्कटमा रहेका समुह, अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति, सङ्कटको अवस्थामा रहेका बालबालिकाको समान पहुँच सुनिश्चित गर्ने ।

**लक्ष्य ४.६ :** सन् २०३० सम्ममा युवा र कम्तीमा ९५ प्रतिशत वयस्कहरु (दुबै पुरुष र महिलाहरु)लाई साक्षारता र साङ्ख्यिक (सामान्य गणित) ज्ञान हासिल गर्न सक्षम तुल्याउने ।

लक्ष्य ४ अन्तर्गत सुनापति गाउँपालिकाका मुख्य प्राथमिकताहरू

- सामुदायिक विद्यालयको अवस्था र गुणस्तरमा सुधार
- विद्यालयले दिने शैक्षिक सेवाको गुणस्तरमा सुधार
- विद्यार्थीको विस्तृत तथ्याङ्क र प्रविधि उन्मुख शिक्षा
- शिक्षकहरुको क्षमता विकास, पहुँचयुक्त भौतिक संरचना, पहुँचयुक्त शिक्षण सिकाइ विधि, परीक्षा प्रणाली

**दिगो विकास लक्ष्य ४ का लागि सुनापति गाउँपालिकाको लागि कार्ययोजना**

| **दिगो विकासको लागि स्थानीय सूचक** | **योजना** | **अपेक्षित उपलब्धि** | **पालिकाको जिम्मेवार इकाई** | **उपलब्धि/अनुगमन सूचक** |
|---|---|---|---|---|
| बालबालिका तथा युवाहरुको विद्यालय भर्ना अनुपात<br>प्राथमिक देखि माध्यमिक | गाउँपालिका क्षेत्र भित्र रहेका सामुदायिक विद्यालयहरुमा उपलब्ध सेवा, मानव श्रोत, सुविधा, पूर्वाधार, शैक्षिक गुणस्तर र पर्याप्तताको अध्ययन तथा लेखाजोखा गर्ने । | गाउँपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयहरुको विस्तृत अवस्था पहिचान भई सुधार र विकासका लागि योजना बनाउन सहज हुने छ । | शिक्षा, युवा तथा खेलकुद शाखा | ▪ लेखाजोखा अध्ययन प्रतिवेदन र प्रतिवेदनले उजागर गरेका तथ्यहरु |

| | | | | |
|---|---|---|---|---|
| तह सम्ममा पढाई र गणित विषयमा न्यूनतम पनि प्रविणता तहको | नि:शुल्क शिक्षा उपलब्ध हुँदा पनि सामुदायिक विद्यालयमा विद्यार्थी पढ्न नआउने कारणको खोजी तथा अध्ययन | शिक्षाको गुणस्तर कम हुन कारणहरु पहिचान भई योजना निर्माणमा सहज हुने छ । | शिक्षा, युवा तथा खेलकुद शाखा | ▪ अध्ययन प्रतिवेदन र प्रतिवेदनले उजागर गरेका कारण र समस्याहरु |
| सिकाइ उपलब्धि<br>माध्यमिक तहको अन्त्य सम्ममा सीप वा दक्षताका प्रकार अनुसार सूचना प्रविधि सम्बन्धी सीप, दक्षता भएका युवा र वयस्कहरुको अनुपात | लेखाजोखा र अध्ययनले दिएको तथ्यको आधारमा सामुदायिक विद्यालयको पूर्वाधार तथा शैक्षिक गुणस्तर सुधार कार्यक्रम लागु गर्ने । विद्यालयमा विश्व नागरिकता, दिगो विकास र मानव अधिकार सम्बन्धी शिक्षालाई अनिवार्य गर्ने | विद्यालयले दिने सेवा र शिक्षाको गुणस्तरमा वृद्धि हुने छ र सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थीको सङ्ख्या बढ्ने छ । | शिक्षा, युवा तथा खेलकुद शाखा | ▪ सामुदायिक विद्यालयको गुणस्तर र अवस्था सुधारका लागि गाउँपालिकाले घोषणा गरेका कार्यक्रमहरु र कार्यान्वयन प्रतिवेदन |
| यो सूचीमा रहेका खण्डीकृत गर्न सकिने सबैको शिक्षा सम्बन्धी तथ्याङ्कहरु जस्तै महिला, पुरुष, अपाङ्गता, ग्रामीण तथा सहरी क्षेत्र, आदिवासी जनजाति, द्वन्द्व पिडित, आदि ।<br>सुनापति गाउँपालिकामा साक्षर र निश्चित तहको | शैक्षिक मानव स्रोत (शिक्षक) र विद्यार्थी दुबैलाई आधुनिक सूचना प्रविधि र शिक्षण विधिसँग जोड्ने र कम्प्युटर र ईन्टरनेटमा आधारित सिकाइ विधिलाई हरेक सामुदायिक विद्यालयमा सुनिश्चित गर्ने ।<br>विद्यालयमा अध्ययनरत विद्यार्थीको लिङ्ग, अपाङ्गता, जनजाति आदिवासी, आर्थिक अवस्था, अन्य खण्डिकरण गर्न सकिने विभिन्न आधारमा तथ्याङ्क राख्ने | सामुदायिक विद्यालयमा विद्यार्थीहरुको लागि सिकाई विधि र प्रक्रिया सहज र प्रविधियुक्त हुने छ । विद्यार्थीहरुको सिकाइ उपलब्धिमा सुधार हुने छ ।<br>सबै विद्यार्थीको खण्डीकृत तथ्याङ्क उपलब्ध हुने छ । | शिक्षा, युवा तथा खेलकुद शाखा | ▪ सबै सामुदायिक विद्यालयमा विद्यार्थी र शिक्षकको लागि सिक्न र सिकाउन चाहिने पर्याप्त कम्प्युटर, ईन्टरनेट लगायत सामाग्री तथा सेवा सुविधा उपलब्ध भएको र त्यसको उपयोग भएको अवस्था<br>▪ अध्ययनरत विद्यार्थीको खण्डीकृत तथ्याङ्क |
| गणितको ज्ञान भएका निश्चित उमेर समूहका | प्रविधिमा राम्रो पहुँच भएका र विषय वस्तुमा पर्याप्त ज्ञान भएका नयाँ युवा शक्तिलाई शिक्षण पेशामा अभिप्रेरित | आधुनिक र समय सापेक्ष आवश्यकता अनुसारको सीप भएका गुणस्तरीय शिक्षकहरु | शिक्षा, युवा तथा खेलकुद शाखा | ▪ सबै सामुदायिक विद्यालयमा प्रविधिमा पर्याप्त जानकार र पहुँच भएका, तालिम प्राप्त र विषय |

| | | | | |
|---|---|---|---|---|
| जनताहरु । सुनापति गाउँपालिकाको सार्वजनिक विद्यालयमा विश्व नागरिकता, दिगो विकास र मानव अधिकार सम्बन्धी विषयलाई पाठ्यक्रममा मुल प्रवाहीकरणको स्तर | गर्ने शिक्षण सीपको लागि पर्याप्त तालिम उपलब्ध गराउने । | विद्यालयले पाउने छन् । | | वस्तुमा पर्याप्त ज्ञान भएका र शिक्षण विधिमा जानकार शिक्षकहरु उपलब्ध भएको अवस्था । |
| | समावेशी शिक्षालाई सुनिश्चित गर्न विद्यालयका शिक्षण सिकाइ विधि, मुल्याङ्कन प्रणाली, सहभागिता, सामाजिक गतिविधि, खेल तथा मनोरञ्जन, समूह कार्य लगायत विद्यालयको भौतिक संरचना, विभिन्न सेवा र सुविधामा सबै विद्यार्थीको समान पहुँच स्थापित गर्ने उल्लेखित सबैलाई अपाङ्गता भएका बालबालिका लगायतत सबैका लागि पहुँचयुक्त र मैत्रीपूर्ण बनाउने । | विद्यालयको भौतिक संरचना, सिकाइ विधि, मुल्याङ्कन विधि र परीक्षा प्रणाली सबै खाले विद्यार्थीको लागि पहुँचयुक्त लचिलो र सहज हुने छ । | शिक्षा, युवा तथा खेलकुद शाखा | ▪ अपाङ्गता मैत्री तथा बाल मैत्री सेवा सुविधा, भौतिक संरचना, शिक्षण सिकाइ विधि, मुल्याङ्कन विधि र सामाजिक सहभागितको अभ्यास ।<br>▪ समावेशी वातावरणमा विद्यालयमा अध्ययन गरिरहेका अपाङ्गता भएका बालबालिका लगायत अन्य सीमान्तकृत समुदाय बालबालिकाको सङ्ख्या |

**दिगो विकास लक्ष्य ५ :** लैङ्गिक समानता हासिल गर्ने, सबै महिला र बालिकाहरुको शसक्तिकरन गर्ने ।

सम्बन्धित राष्ट्रिय परिमाणात्मक लक्ष्य :

**लक्ष्य ५.१ :** सबै महिला, एकल महिला किशोरी तथा बालिकाहरु विरुद्ध जुनसुकै क्षेत्र र स्थानमा हुने सबै प्रकारका विभेदहरुलाई अन्त्य गर्ने ।

**लक्ष्य ५.२ :** सार्वजनिक तथा निजी क्षेत्रहरुमा सबै महिला, किशोरी तथा बालिकाहरु विरुद्ध हुने सबै प्रकारका हिंसा, मानव बेचबिखन, यौन तथा अन्य प्रकारको शोषणको अन्त्य गर्ने ।

**लक्ष्य ५.३ :** सबै प्रकारका हानिकारक प्रचलनहरु अन्त्य गर्नु जस्तै बाल विवाह, कम उमेर र जबर्जस्ती विवाह र महिला जनेन्द्रीय अङ्ग भङ्ग गर्ने ।

**लक्ष्य ५.४ :** सार्वजनिक सेवाहरुको प्रावधान, पूर्वाधार र सामाजिक सुरक्षण नीतिहरुको प्रवर्द्धन गर्ने, पारिश्रमिक बिना गरिने हेरचाह र घरायसी कामलाई मान्यता दिने तथा घरेलु एवम् पारिवारिक कामको राष्ट्रिय प्रावधान अनुसार बाँडफाँड गर्ने ।

**लक्ष्य ५.५ :** राजनीतिक, आर्थिक र सार्वजनिक जीवनको सबै निर्णय तहहरुको नेतृत्वमा महिलाहरुको पूर्ण र प्रभावकारी सहभागिता र समान अवसरहरुको सुनिश्चितता गर्ने ।

**लक्ष्य ५.६ :** जनसङ्ख्या र विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको प्रोग्राम अफ एक्सन र बेइजिङ प्लेटफर्म फर एक्सन तथा तिनीहरुको समीक्षा सम्बन्धी सम्मेलहरुको दस्तावेजहरुमा सम्झौता भए अनुसार महिलाहरुको यौन, प्रजनन स्वास्थ्य र प्रजनन अधिकारहरुमा सर्वव्यापी पहुँच सुनिश्चित गर्ने ।

**लक्ष्य ५.७ :** सांस्कृतिक पक्ष, महिनावारी छुवाछुत, जातीय छुवाछुत, विधुवा महिला, एकल महिला प्रतिको सामाजिक व्यवहार रुपान्तरण गर्ने ।

लक्ष्य ५ अन्तर्गत सुनापति गाउँपालिकाका मुख्य प्राथमिकताहरू

- गाउँपालिका क्षेत्र भित्र हुने लैङ्गिक हिंसा र विभेदका घटनाहरुमा न्यूनीकरण
- लैङ्गिक हिंसा र विभेद विरुद्ध नागरिक सचेतना

**दिगो विकास लक्ष्य ५ का लागि सुनापति गाउँपालिकाको लागि कार्ययोजना**

| **दिगो विकासको लागि स्थानीय सूचक** | **योजना** | **अपेक्षित उपलब्धि** | **पालिकाको जिम्मेवार इकाई** | **उपलब्धि/अनुगमन सूचक** |
|---|---|---|---|---|
| लैङ्गिक समानता र विभेद रहित व्यवस्थाहरुको प्रवर्द्धन, तिनीहरुको कार्यान्वयनका | गाउँपालिका क्षेत्र भित्र हुन लैङ्गिक विभेद र हिंसाका स्वरुपहरुको बारेमा अध्ययन गर्ने | लैङ्गिक विभेद र हिंसाका स्वरुपहरुको पहिचान भई यस विरुद्ध कार्यक्रमहरु निर्माणमा सहजता हुने छ । | सामाजिक विकास शाखा | ▪ अध्ययन प्रतिवेद र प्रतिवेदनले उजागर गरेका समस्या, सवाल र कारणहरु |
| साथै अनुगमन गर्नका लागि स्थानीय तहमा कानुनी संरचना वा खाकाहरुको उचित | लैङ्गिक विभेद र हिंसा विरुद्ध तालिम, बहस र अभिमुखीकरण लाई व्यापक बनाउने र यस्ता कार्यक्रममा महिला, पुरुष तथा तेस्रो लिङ्गी सबैको समान | लैंङ्गिक विभेद र हिंसा हुन नदिन र हिंसाको प्रतिवाद गर्न समुदायको क्षमतामा वृद्धि हुने छ । | सामाजिक विकास शाखा | ▪ गाउँपालिका क्षेत्रमा सञ्चालित तालिम, अभिमुखीकरण, बहस र गोष्ठीहरुको सङ्ख्या र लाभान्वित सङ्ख्या |

| | | | | |
|---|---|---|---|---|
| व्यवस्था भएको नभएको अवस्था | सहभागिता सुनिश्चित गर्ने। | | | |
| जीवनकालमा १५ वर्ष वा सो भन्दा माथिका उमेरका महिलाहरु मध्ये अघिल्लो १२ महिनामा शारिरीक, यौन वा मनोवैज्ञानिक हिंसामा परेका महिलाहरुको अनुपात | महिला हिंसा, बाल विवाह वा लैङ्गिक हिंसा विरुद्धका कानुनी कार्वाहीहरुलाई व्यापक बनाउन पालिकाका प्रहरीलाई सक्रिय गराउन आवश्यक तालिम उपलब्ध गराउने। | महिला हिंसा वा लैङ्गिक हिंसा विरुद्दको प्रहरी कार्वाही प्रभावकारी हुने छ। | सामाजिक विकास शाखा | ▪ लैङ्गिक हिंसा विरुद्ध काम गर्ने तालिम पाएका प्रहरी र गाउँपालिकाका प्रतिनिधि, कर्मचारीहरुको सङ्ख्या<br>▪ लैङ्गिक हिंसा विरुद्ध प्रहरीले गाउँपालिका क्षेत्र भित्र गरेका कानुनी कार्वाहीहरुको सङ्ख्या<br>▪ लैङ्गिक हिंसामा आएको कमिको दर वा अनुपात |
| १५ वर्ष वा १८ वर्ष उमेर भन्दा पहिला विवाह भएका वा वैवाहिक मिलनमा रहेका २० देखि २४ वर्ष उमेर समूहका महिलाहरुको अनुपात | लैङ्गिक हिंसा विरुद्धमा गाउँपालिका र प्रहरीमा गुनासो दर्ता गर्ने प्रणालीलाई चुस्त, नियमित र सबैका लागि पहुँचयुक्त बनाउने। | लैङ्गिक हिंसा विरुद्ध सबै खाले नागरिकहरुले सहजै गुनासो र उजुरीहरु गर्ने सक्ने छन्। | न्यायिक समिति | ▪ गुनासो दर्ता प्रणालीको पहुँचयुक्ताको अवस्था (अपाङ्गता, उमेर समूह, विभिन्न भाषाभाषी, समुदाय, शैक्षिक तथा आर्थिक अवस्था लगायत विभिन्न दृष्टिकोणबाट)<br>▪ गाउँपालिका वा प्रहरीमा दर्ता भएका गुनासोहरुको प्रकृति र सङ्ख्या |
| लिङ्ग, उमेर र ठाउँ अनुसार विना पारिश्रमिक गराइने घरेलु कामकाज र हेरचाह सम्बन्धी काममा खर्च गरिएको समयको अनुपात<br>महिलाहरुले स्थानीय | महिला तथा तेस्रो लिङ्गीको अधिकार शिक्षा र लैङ्गिक समानतालाई विद्यालयका पाठ्यक्रमहरुमा समावेश गरि समय समयमा विद्यालयमा यस्ता विषयमा कक्षा छलफल, गोष्ठी, वादविवाद, वक्तृत्वकला, निबन्ध प्रतियोगिता गराउने। | महिला तथा तेस्रो लिङ्गीका अधिकारका विषयमा नयाँ पुस्ता सचेत र जिम्मेवार हुने छन्। | सामाजिक विकास शाखा | ▪ पाठ्यक्रममा समावेश गरिएका विषयहरु (प्रकार र सङ्ख्या)<br>▪ लैङ्गिक समानताको विषयमा विद्यार्थी र शिक्षकका लागि आयोजित विभिन्न कार्यक्रमहरु नियमितताको अवस्था, सङ्ख्या र लाभान्वितको सङ्ख्या। |

| | | | | |
|---|---|---|---|---|
| सरकारमा ओगटेको स्थानीय सरकारहरुमा ओगटेको पदहरु<br>व्ययस्थापकीय पदहरुमा महिलाहरुको अनुपात<br>एकल (विधवा) महिलाहरु प्रति भएको विभेदको अन्त्य गर्ने कानुनी तथा नीतिगत व्यवस्था | महिला (अपाङ्ग, दलित, आदिवासी जनजाति, मधेशी) र तेस्रो लिङ्गीलाई शिक्षाको अधिकारमा पहुँच बढाउन अपाङ्गता भएका बालिका तथा तेस्रो लिङ्गी बालबालिकाको विद्यालय भर्नालाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याउने । | सीमान्तकृत महिला तथा तेस्रो लिङ्गीको शिक्षामा पहुँच वृद्धि हुने छ । | सामाजिक विकास शाखा | ▪ बालिका वा तेस्रो लिङ्गीको विद्यालय भर्नामा भएको वृद्धि दर |
| | सीप विकास तालिम, राजनैतिक दलहरु, स्थानीय तहका विभिन्न पदहरुमा र स्वरोजगार र रोजगारीका क्षेत्रमा महिला (अपाङ्ग, दलित, मुस्लिम, आदिवासी जनजाति, मधेशी) र लैङ्गिक अल्पसङ्ख्यकको सहभागितामा अभिवृद्धि गर्न आर्थिक सहयोग, सकरात्मक विभेद, आरक्षण र प्रोत्साहन गर्ने कृयाकलाप सञ्चालन गर्ने । | सीमान्तकृत महिला र तेस्रो लिङ्गीहरुकको सार्वजनिक सहभागितामा वृद्धि हुने छ । | सामाजिक विकास शाखा | ▪ महिला तथा तेस्रो लिङ्गीको सीप विकास तालिम, रोजगारी, स्वरोजगारीमा भएको वृद्धि दर । |
| | सार्वजनिक निर्णय प्रक्रिया, योजना निर्माण, अनुगमन जस्ता कामहरुमा महिला सहभागिता र सीमान्तकृत समुदायका महिला र तेस्रो लिङ्गीहरुको समेत सहभागिता गराउने | योजना निर्माण र अनुगमन प्रकृया समावेशी र पारदर्शी हुने छ | भौतिक पूर्वाधार तथा योजना शाखा | ▪ गाउँपालिका र वडाका विभिन्न निर्णय प्रकृयाहरुमा महिला, सीमान्तकृत समुदाय र तेस्रो लिङ्गीको सहभागिताको सङ्ख्या । |
| | सार्वजनिक तथा नीतिगत निर्णय गर्ने तथा समाजमा नेतृत्वदायि भूमिकामा सहभागिता गराउने | एकल (विधवा) महिलाहरुको सहभागितामा वृद्धि हुने छ | सामाजिक विकास शाखा | ▪ गाउँपालिकामा रहेका एकल (विधवा) महिलाहरुको सहभागिता |

**दिगो विकास लक्ष्य ६ :** सबैका लागि स्वच्छ पानी र सरसफाइको उपलब्धता र दिगो व्यवस्थापन ।

सम्बन्धित राष्ट्रिय परिमाणात्मक लक्ष्य :

**लक्ष्य ६.१ :** सन् २०३० सम्ममा सबैको निमति सुरक्षित र किफायती वा धान्न सकिने खानेपानीको सर्वव्यापी र समतामूलक पहुँच हासिल गर्ने ।

**लक्ष्य ६.२ :** सन् २०३० सम्ममा सरसफाइ र स्वस्थ आरोग्यपूर्ण अवस्था कायम गर्ने कुरामा सबैको निम्ति पर्याप्त र न्यायोचित पहुँच सुनिश्चित गर्ने ।

**लक्ष्य ६.३ :** सन् २०३० सम्ममा प्रदुषण घटाएर, पानीमा फोहोर फाल्ने कार्यको अन्त्य गरेर, हानिकारक फोहोर तथा रसायनहरु र वस्तुहरुको विसर्जन कार्यलाई न्यूनीकरण गरेर, प्रशोधन नगरिएका फोहोर पानीको हिस्सा आधा घटाएर र खेर गएका वस्तुहरुको पुन:प्रयोगको लागि प्रशोधन गरि सुरक्षित प्रयोग बढाएर खानेपानिको गुणस्तरमा सुधार गर्ने ।

**लक्ष्य ६.४ :** सन् २०३० सम्ममा पानी प्रयोगको दक्षता प्रभावकारितालाई सबै क्षेत्रहरुमा उल्लेख्य रुपमा सुधार गर्ने, खानेपानीको अभावलाई सम्बोधन गर्नको लागि ताजा र स्वच्छ पानीको दिगो आपूर्ति गर्ने कार्यको सुनिश्चितता गर्ने र पानीको अभावबाट पीडितहरुको सङ्ख्या उल्लेख्य रुपमा घटाउने ।

**लक्ष्य ६.५ :** सन् २०३० सम्ममा उपयुक्तता अनुसार सीमापार सहयोग लगायत सबै तहमा एकीकृत जलस्रोत व्यवस्थापन कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

**लक्ष्य ६.६ :** सन् २०३० सम्ममा पर्वतीय क्षेत्र, वन, सिमसार, नदि, भूमिगत जलभण्डार र तालहरु लगायत पानीसँग सम्बन्धित पारिस्थितिकीय प्रणालीहरुको संरक्षण र पुनर्स्थापन गर्ने ।

लक्ष्य ६ अन्तर्गत सुनापति गाउँपालिकाका मुख्य प्राथमिकताहरू

- गाउँपालिका क्षेत्रमा शुद्ध पानीको उपलब्धता र स्वच्छता सम्बन्धी संरचनाहरुमा सुधार
- सबै नागरिकको शुद्ध पिउने पानीमा पहुँच अभिवृद्धि
- गाउँ सफाइ, फोहर व्यवस्थापन र स्वच्छता

**दिगो विकास लक्ष्य ६ का लागि सुनापति गाउँपालिकाको लागि कार्ययोजना**

| दिगो विकासको लागि स्थानीय सूचक | योजना | अपेक्षित उपलब्धि | पालिकाको जिम्मेवार इकाई | उपलब्धि/अनुगमन सूचक |
|---|---|---|---|---|
| सुरक्षित रुपमा व्यवस्था गरिएको खानेपानी सेवाहरु प्रयोग गर्ने जनसङ्ख्याको अनुपात<br><br>साबुन पानी सहितको हात धुने सुविधा लगायतका सुरक्षित तवरले व्यवस्थित गरिएका सरसफाइ सेवाहरु प्रयोग गर्ने सङ्ख्याको अनुपात (प्रतिशत)<br><br>खेर गईरहेको पानीलाई सुरक्षित रुपमा प्रशोधन गरिएको अनुपात<br><br>राम्रो गुणस्तरीय पानी भएका तालतलैया, सिमसार, आदिको अनुपात | सबै गाउँपालिकाका वासिन्दाहरुलाई नियमित र शुद्ध पानी आपूर्ति गर्ने सबै पूर्वाधार निर्माण गरि पानी आपूर्ति गर्ने । | स्थानीयवासीहरुको शुद्ध पिउने पानी र स्वच्छतामा पहुँच वृद्धि हुने छ | खानेपानी तथा सरसफाइ शाखा | ▪ शत प्रतिशत स्थानीयवासीलाई शुद्ध पानी नियमित रुपमा आपूर्ति भएको व्यवस्था |
| | पानी आपूर्ति प्रणालीमा भएको खराबी पहिचान गरि आवश्यक मर्मत गर्ने र खेर गईरहेको पानीलाई प्रशोधन गरि प्रयोगमा ल्याउने प्रणाली स्थापना गर्ने । पानीका स्रोतहरुको पहिचान र संरक्षण गर्ने । | गाउँपालिका क्षेत्रमा खानेपानीको आपूर्ति नियमित र दिगो हुने छ | खानेपानी तथा सरसफाइ शाखा | ▪ चुस्त दुरुस्त रुपमा सञ्चालित आपूर्ति प्रणाली |
| | गाउँ सफाइमा सार्वजनिक चेतना बढाउने कार्यक्रम गर्ने र समुदाय र गाउँ टोल सुधार समितिलाई सरसफाइ र फोहर व्यवस्थापनमा परिचालन गर्ने । फोहर सङ्कलन केन्द्रहरुलाई व्यवस्थित र सुरक्षित बनाउने । | गाउँपालिका क्षेत्रको सार्वजनिक स्वास्थ्यमा सुधार हुने छ र सार्वजनिक स्वच्छतामा सुधार हुने छ | स्वास्थ्य शाखा | ▪ सचेतना कार्यक्रमहरुको सङ्ख्या र लाभान्वितहरुको सङ्ख्या<br>▪ गाउँ सफाइमा परिचालित समूह, समुदाय, संस्थाहरुको सङ्ख्या<br>▪ जतासुकै फोहर फाल्ने प्रवृतिमा न्यूनीकरन भई फोहरलाई जैविक मल बनाई कृषि उत्पादनमा प्रयोग भएको अवस्था<br>▪ व्ययवस्थित र सुरक्षित फोहर सङ्कलन केन्द्रहरुको सङ्ख्या र पूर्ण |

| | | | | |
|---|---|---|---|---|
| समयसँगै खानेपानी प्रयोगको दक्षतामा भएको परिवर्तन<br>एकीकृत जलस्रोत व्यवस्थापनमा स्थानीय सरकारले योजना र कार्यान्वयनको अवस्था<br>समयसँगै खानेपानीसँग सम्बन्धित परिस्थिति अनुसारका प्रणालीहरुमा भएको परिवर्तन | | | | उपयोग भएको अवस्था |
| | फोहर प्रशोधनका कामलाई प्रभावकारी बनाउने र फोहर व्यवस्थापनलाई आय आर्जनको माध्यम बनाउने । | गाउँपालिका क्षेत्र भित्रको फोहर व्यवस्थापन दिगो हुने छ | स्वास्थ्य शाखा | ▪ फोहर प्रशोधनका लागि सञ्चालित कामहरुको सङ्ख्या |
| | सरसफाइ कर्मचारीको तलब वृद्धि, सुरक्षा, प्रोत्साहनका लागि कार्यक्रम ल्याउने र ल्याण्डफिल साइटहरुलाई व्यवस्थित गर्ने । | गाउँपालिका क्षेत्र भित्रको फोहर व्यवस्थापन दिगो हुने छ | भौतिक पूर्वाधार तथा योजना शाखा | ▪ फोहर व्यवस्थापन गर्न वा फोहर व्यवस्थित र सुरक्षित ल्याण्डफिल साइट<br>▪ सरसफाइ कर्मचारीको लागि लागु प्रोत्साहन प्याकेज । |
| | स्वच्छ र सफा वडाहरु, सफाइमा सहयोग पुऱ्याउने व्यक्ति, समुदाय र संस्थालाई पुरस्कृत र सहयोग गर्ने । | गाउँ सरसफाइ र स्वच्छतामा वडा कार्यालय र वडावासीहरुकको संलग्नता र सक्रियतामा वृद्धि हुने छ । | भौतिक पूर्वाधार तथा योजना शाखा, स्वास्थ्य शाखा | ▪ सरसफाइको लागि निर्धारित मापदण्डहरु<br>▪ मापदण्ड पुरा गर्ने वडाहरुको सङ्ख्या<br>▪ पुरस्कृत वडा, संस्था, व्यक्ति वा समूहको सङ्ख्या । |
| | फोहर प्रशोधन गर्ने काम र प्रशोधनबाट उत्पादित विभिन्न वस्तुहरुको उपयोग, बजारीकरणका लागि नीजि क्षेत्र वा गैर सरकारी संस्थालाई सहयोग गर्ने | गाउँपालिका क्षेत्र भित्रको फोहर व्यवस्थापन दिगो हुने छ | वातावरण शाखा | ▪ सञ्चालित वा सहयोग गरिएका फोहर प्रशोधन केन्द्रहरुको सङ्ख्या र चालु रहेको अवस्था ।<br>▪ उत्पादित वस्तुहरुको विक्री वितरण र यसबाट भएको आर्थिक लाभको विवरण । |
| | गाउँपालिकाको सबै स्थानमा पानी वा फोहरजन्य तरल पदार्थको उचित व्यवस्थापन गर्ने र विद्यमान पानी वा फोहरजन्य तरल पदार्थ निकासमा भएको | पालिका पालिकाको क्षेत्र भित्र विकास हुने बजार क्षेत्रमा भएको पानी वा फोहरजन्य तरल पदार्थका कारणले उत्पन्न | खानेपानी तथा सरसफाइ शाखा | ▪ अव्यवस्थित ढलजन्य समस्याहरुको पहिचान र न्यूनीकरण भएको अवस्था ।<br>▪ पालिका वा पालिका भित्रका क्षेत्रमा |

| | | | | |
|---|---|---|---|---|
| | खराबी पहिचान गरि मर्मत सुधार गर्ने । | समस्या र चुनौतीहरुमा कमी आउने छ । | | पानी वा फोहरजन्य तरल पदार्थ सबै स्थानमा ढलको व्यवस्था भएको अवस्था । |
| | खुल्ला दिशा पिसाबलाई निरुत्साहित गर्ने । साबुन पानीले हात धुने बानी गराउन जनचेतना जगाउने र विद्यालयमा शिक्षा दिने । सार्वजनिक शौचालयहरुको मर्मत तथा सुधार गर्ने, नियमित सञ्चालनको व्यवस्था गर्ने र आवश्यकताको आधारमा सार्वजनिक शौचालय थप गर्ने । | सार्वजनिक शौचालयको अभावको कारणले नागरिकले भोग्नुपर्ने समस्यामा कमी आउने छ र गाउँपालिकाको सरसफाइमा समेत योगदान पुग्ने छ । | स्वास्थ्य शाखा, शिक्षा शाखा | ▪ व्यवस्थित रुपमा सञ्चालनमा रहेका सार्वजनिक शौचालयको सङ्ख्या ।<br>▪ थप गरिएका सार्वजनिक शौचालयको सङ्ख्या |

**पूर्वाधार विकास (दिगो विकास लक्ष्य ७, ९, ११)**

**दिगो विकास लक्ष्य ७ :** दिगो, किफायति र विश्वसनीय उर्जामा सबैको पहुँच सुनिश्चित गर्ने ।

सम्बन्धित राष्ट्रिय परिमाणात्मक लक्ष्य :

**लक्ष्य ७.१ :** सन् २०३० सम्ममा धान्न सकिने, भरपर्दो र आधुनिक उर्जा सुविधाहरुमा सर्वव्यापि पहुँच सुनिश्चित गर्ने ।

**लक्ष्य ७.२ :** सन् २०३० सम्ममा विश्व व्यापी रुपमा विभिन्न प्राथमिक उर्जा स्रोतहरुको समिश्रणमा नवीकरणीय उर्जाको हिस्सा उल्लेख्य रुपमा बढाउने ।

**लक्ष्य ७.३ :** उर्जा दक्षता वा प्रभावकारितामा गरिने सुधारको दरलाई सन् २०३० सम्ममा दोब्बर पार्ने ।

लक्ष्य ७ अन्तर्गत सुनापति गाउँपालिकाका मुख्य प्राथमिकताहरू

- वैकल्पिक उर्जाको प्रवर्द्धन विकास र प्रसार
- विद्युत आपूर्तिमा नियमितता र संरचनाहरुमा सुधार
- विद्युत चुहावतमा नियन्त्रण

**दिगो विकास लक्ष्य ७ का लागि सुनापति गाउँपालिकाको लागि कार्ययोजना**

| **दिगो विकासको लागि स्थानीय सूचक** | **योजना** | **अपेक्षित उपलब्धि** | **पालिकाको जिम्मेवार इकाई** | **उपलब्धि/अनुगमन सूचक** |
|---|---|---|---|---|
| विद्युतमा पहुँच भएका जनताको अनुपात<br>कुल अन्तिम उर्जा खपतमा नविकरणीय उर्जाको हिस्सा<br>प्राथमिक उर्जा र कुल गार्हस्थ्य उत्पादनको रुपमा मापन गरिएको उर्जाको सघनता | सौर्य उर्जाको प्रयोगको लागि समुदायलाई प्रोत्साहन गर्ने गरि अनुदान दिने । | वैकल्पिक उर्जाको प्रयोगमा वृद्धि हुने छ । | उर्जा शाखा | ▪ गाउँपालिका स्तरीय सौर्य उर्जा अनुदान कार्यक्रम र लाभान्वित सङ्ख्या |
| | विद्युत आपूर्तिलाई नियमित र सहज बनाउने | अनियमित विद्युत आपूर्तिको कारण आम नागरिकको दैनिक जीवनमा पर्न जाने नकरात्मक प्रभाव र नोक्सानीमा कमी आउने छ । | उर्जा शाखा | ▪ विद्युत आपूर्ति नियमित भएको अवस्था |
| | विद्युत आपूर्ति प्रणालीमा भएको समस्या र खराबी पहिचान गरि मर्मत तथा सुधार गर्ने । विद्युत नपुगेको स्थानमा पुर्याउने । | विद्युत आपूर्ति दिगो, नियमित र गुणस्तरीय हुने छ । | उर्जा शाखा | ▪ पहिचान भएका विद्युत आपूर्ति प्रणालीका समस्याहरु र चुनौतीहरु<br>▪ समाधान भएका समस्याहरु |
| | विद्युत चुहावटलाई अन्त्य गर्ने | विद्युत चुहावटबाट हुने आर्थिक नोक्सानीबाट गाउँपालिका मुक्त हुने छ । | उर्जा शाखा | ▪ पहिचान भएका विद्युत चुहावटका कारण र समस्याहरु<br>▪ निराकरण भएका समस्याहरु |
| | गाउँमा चल्ने सवारी साधनहरुमा विद्युतीय सवारी साधनहरुलाई प्रवर्द्धन गर्ने कार्यक्रम लागु गर्ने । | सवारी साधनको ईन्धनमा विदेशिने रकममा कमी आउने छ । | योजना तथा प्राविधिक शाखा | ▪ विद्युत सवारी साधानहरुको वृद्धिको दर |

**दिगो विकास लक्ष्य ९ :** उत्थानशिल संरचना, समावेशी औधोगिकीकरण, नविन खोजको प्रवर्द्धन ।

सम्बन्धित राष्ट्रिय परिमाणात्मक लक्ष्य :

**लक्ष्य ९.१ :** धान्न सकिने र सबैका लागि न्यायोचित पहुँच हुन सकोस भन्ने कुरामा केन्द्रित रहेर आर्थिक विकास र मानवको सुख समृद्धिलाई सहयोग गर्ने क्षेत्रीय र सीमा पार संरचनाहरु लगायत गुणस्तरीय, भरपर्दो, दिगो र उत्थानशिल पूर्वाधारहरुको विकास गर्ने ।

**लक्ष्य ९.२ :** समावेशी र दिगो रुपको औद्योगिक प्रवर्द्धन गर्ने र सन् २०३० सम्ममा राष्ट्रिय परिस्थिति अनुकुल रोजगारी र कुल गार्हस्त्य उत्पादनमा उद्योग क्षेत्रको हिस्सा उल्लेखनीय रुपमा बढारने साथै अति कम विकसित मुलुकहरुमा यसको हिस्सा दोब्बर पार्ने ।

**लक्ष्य ९.३ :** आफ्नो क्षमता अनुसार लिन वा बेहोर्न सकिने ऋण र मूल्य श्रृंखला एवम् बजारमा तिनीहरुको एकीकरण लगायत वित्तीय सेवाहरुमा विशेष गरेर विकासशिल देशहरुमा साना स्तरका उद्यमहरु र अन्य उद्यमहरुमा पहुँच बढाउने ।

**लक्ष्य ९.५ :** सबै देशहरुसँग भएको क्षमता अनुसार सन् २०३० सम्ममा पूर्वादारको स्तरोन्नति गर्ने र साधनहरुमा प्रयोगमा बढेको दक्षता र स्वच्छ तथा वातावरणीय दृष्टिकोणले प्रभावकारी प्रविधिहरु र औद्योगिक प्रक्रियाहरुको अवलम्बन गर्दै उद्योगहरुलाई दिगो बनाउन प्रवलीकरण गर्ने ।

**लक्ष्य ९.६ :** सन् २०३० सम्ममा नव प्रवर्तनलाई प्रोत्साहन गर्ने, प्रति १० लाख जनसङ्ख्यामा अनुसन्धान र विकासमा कामदारहरुको सङ्ख्या ७५ प्रतिशत वृद्धि गर्ने र सार्वजनिक – नीजि अनुसन्धान र विकास खर्च बढाउने लगायतका वैज्ञानिक अनुसन्धानलाई बढावा दिने, सबै देशहरु खास गरि विकासशिल देशहरुको औद्योगिक ग्राम क्षेत्रमा प्रविधिको स्तरोन्नति गर्ने ।

लक्ष्य ९ अन्तर्गत सुनापति गाउँपालिकाका मुख्य प्राथमिकताहरू

- दिगो, विपद् प्रतिरोधी र सुरक्षित संरचनाहरुको निर्माण
- पहुँचयुक्त सार्वजनिक संरचनाको निर्माण
- समावेशी विपद् जोखिम न्यूनीकरण
- उद्यमशिलता विकास तथा रोजगारी प्रवर्द्धन

**दिगो विकास लक्ष्य ९ का लागि सुनापति गाउँपालिकाको लागि कार्ययोजना**

| दिगो विकासको लागि स्थानीय सूचक | योजना | अपेक्षित उपलब्धि | पालिकाको जिम्मेवार इकाई | उपलब्धि/अनुगमन सूचक |
|---|---|---|---|---|
| बाह्रै महिना सञ्चालन योग्य सडकको २ किलोमिटर दुरी भित्र बसोबास गर्ने ग्रामीण जनसङ्ख्याको अनुपात | सार्वजनिक स्थल, संरचना र अन्य भौतिक संरचना निर्माणका लागि मापदण्ड निर्धारण गर्ने, लागु गर्ने अनुगमनलाई प्रभावकारी बनाउने | सार्वजनिक संरचनाहरु दिगो, पहुँचयुक्त, बलिया, सुरक्षित र विपद् प्रतिरोधी हुने छन् । | भौतिक पूर्वाधार तथा योजना शाखा | ▪ निर्धारित मापदण्डहरु र यसको समावेशी विशेषाहरु<br>▪ मापदण्ड पालना गरेर बनाएका संरचनाहरुको वृद्धि दर<br>▪ प्रभावकारी अनुगमन संयन्त्र र अनुगमनका सङ्ख्या |
| यातायातका प्रकार अनुसार यात्रुहरु र ओसारपसार भएको आयतन वा मात्रा<br>कुल रोजगारीमा औद्योगिक क्षेत्रले प्रदान गरेको रोजगारीको अनुपात । | गाउँपालिकामा रहेका सार्वजनिक सेवा दिने संरचनाहरु, सार्वजनिक यातायात सेवा, सडक, सडक पेटी, पार्क, मनोरञ्जन स्थलहरु विपद् प्रतिरोधी, अपाङ्गता, ज्येष्ठ नागरिक, महिला, बालबालिकामैत्री र सबैले पहुँच प्राप्त गर्न सक्ने र प्रयोगकर्ता मैत्री बनाउने । | सार्वजनिक संरचनाहरुको उपयोगमा सबैको पहुँच प्राप्त हुने छ । | भौतिक पूर्वाधार तथा योजना शाखा | ▪ भौतिक रुपमा अपाङ्गता भएका व्यक्ति लगायत सबैका लागि मैत्रीपूर्ण हुने सार्वजनिक सेवा दिने कार्यालयहरु र स्थलहरु<br>▪ जोखिम रहित अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायत सबैले सहज रुपमा यात्रा गर्न मिल्ने सार्वजनिक सवारी साधनहरुको सङ्ख्या र परिचालन । |
| कुल औद्योगिक मूल्य अभिवृद्धिमा साना स्तरका उद्योगहरुको हिस्सा वा अनुपात<br>मूल्य अभिवृद्धिको प्रति | गाउँपालिकामा रहेका साना कृषि तथा जडिबुटीमा आधारित परम्परागत तथा घरेलु उद्योगहरुलाई प्रवर्द्धन गर्ने । | साना तथा घरेलु उद्योगमा जनताको संलग्नतामा वृद्धि हुने छ र रोजगारीका अवसरहरुमा वृद्धि हुने छ । | सामाजिक विकास शाखा | ▪ साना तथा घरेलु उद्योगमा गाउँवासीको संलग्नतामा भएको वृद्धिको दर |
| | हानिकारक धुँवा र ग्यास उत्सर्जन | प्रदुषण नियन्त्रण सम्बन्धी | उर्जा शाखा | ▪ गाउँपालिकामा औद्योगिक क्षेत्रबाट |

| | | | | |
|---|---|---|---|---|
| एकाइ कार्वनडाइअक्साइड उत्सर्जन | घटाउन विद्यमान मापदण्ड कडाईका साथ लागु गराउने र मापदण्ड पुरा गरी उदाहरणीय काम गर्ने उद्योग कारखानालाई पुरस्कृत गर्ने । | मापदण्ड पुरा गर्ने उद्योगहरुको सङ्ख्यामा वृद्धि हुने छ । | | हुने प्रदुषणमा आएको कमिको दर । |
| | सडकहरु चौडा बनाउने, सडक पेटीहरु पैदलयात्री र अपाङ्गमैत्री बनाउने, सार्वजनिक सूचना र ट्राफिक व्यवस्थापनलाई चुस्त र पहुँचयुक्ता बनाउने | सार्वजनिक स्थलहरु प्रयोगकर्ता मैत्री हुने छन् । | भौतिक पूर्वाधार तथा योजना शाखा | ▪ निर्धारित मापदण्ड पुरा भएका सवारी मैत्री र पैदलयात्री मैत्री सडक सञ्जाल तथा अवरोधमुक्त सडक पेटीहरु । |
| | गाउँपालिकाको पूर्वाधारको दिगो विकासको लागि अध्ययन अनुसन्धान गर्ने | ग्रामीण पूर्वाधारको वास्तविक अवस्था पहिचान हुने छ र पूर्वाधार विकासको लागि योजना निर्माणमा सहज हुने छ | भौतिक पूर्वाधार तथा योजना शाखा | ▪ अध्ययन प्रतिवेदन |
| | विपद् व्यवस्थापनलाई हरेक वडामा चुस्त बनाउने र विपद् प्रतिरोधी क्षमता विकास गर्न समुदायमा नियमित रुपमा समावेशी विपद् व्यवस्थापनका लागि तालिम, अभिमुखीकरण, सूचना प्रवाह जारी राख्ने | विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरु समावेशी हुने छन् र यसको लागि समुदायको सक्रियतामा वृद्धि हुने छ । | विपद् तथा वातावरण शाखा | ▪ वडा स्तरीय विपद् व्यवस्थापनको संयन्त्र, आकस्मिक प्रतिकार्यको तयारी र क्षमताको अवस्था ।<br>▪ विपद् व्यवस्थापनमा तालिम प्राप्त मानव संसाधन र क्षमता<br>▪ उपलब्ध प्रविधि, साधन र सुरक्षा सामग्री<br>▪ जनसमुदायमा चेतनाको स्तर |

**दिगो विकास लक्ष्य ११ :** समावेशी, सुरक्षित, उत्थानशिल र दिगो मानव बसोबास सहितको सहर र समुदाय।

सम्बन्धित राष्ट्रिय परिमाणात्मक लक्ष्य :

**लक्ष्य ११.१ :** सन् २०३० सम्म सुरक्षित र क्षमताले धान्न सक्ने घर र आधारभूत सेवाहरुमा सबैको पहुँच सुनिश्चित गर्ने र झुपडीहरुलाई स्तरोन्नति गर्ने।

**लक्ष्य ११.२ :** सन् २०३० सम्ममा सङ्कटग्रस्त अवस्थामा रहेका व्यक्तिहरु, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरु र प्रौढहरुको आवश्यकताहरुलाई विशेष ध्यान दिंदै सडक सुरक्षामा सुधार र त्यसमा पनि विशेष गरि सार्वजनिक यातायातको विस्तारद्वारा सबैको लागि सुरक्षित, क्षमताले धान्न सक्ने, पहुँचयोग्य र दिगो यातायात प्रणालीहरुमा यस्ता व्यक्तिहरुलाई पहुँच दिने।

**लक्ष्य ११.४ :** विश्वका सांस्कृतिक र प्राकृतिक सम्पदाहरुलाई सुरक्षण दिने प्रयास वा प्रयत्नहरुलाई सुदृढ वा प्रभावकारी बढाउने।

**लक्ष्य ११.६ :** सन् २०३० सम्ममा वायुको गुणस्तर र पालिका स्तरीय वा अन्य फोहरमैला व्यवस्थापनलाई विशेष ध्यान दिई सहरहरुको प्रतिकुल प्रति व्यक्ति वातावरणीय प्रभावलाई घटाउने।

**लक्ष्य ११.७ :** सन् २०३० सम्ममा विशेष गरि महिला र बालबालिका, प्रौढ व्यक्तिहरु र अपाङ्गता भएका व्यक्तिहरुको लागि सुरक्षित, समावेशी, पहुँचयोग्य र हरित सार्वजनिक स्थलहरुमा सर्वव्यापी पहुँच प्रदान गर्ने।

लक्ष्य ११ अन्तर्गत सुनापति गाउँपालिकाका मुख्य प्राथमिकताहरू

- गरिबहरु बस्ने आवास क्षेत्रमा सुधार
- संरचना र पूर्वाधारहरुमा गाउँपालिकाको स्वामित्व
- वातावरणीय प्रदुषणमा न्यूनीकरण

**दिगो विकास लक्ष्य ११ का लागि सुनापति गाउँपालिकाको लागि कार्ययोजना**

| **दिगो विकासको लागि स्थानीय सूचक** | **योजना** | **अपेक्षित उपलब्धि** | **पालिकाको जिम्मेवार इकाई** | **उपलब्धि/अनुगमन सूचक** |
|---|---|---|---|---|
| गरिब बस्तीहरु, जोखिमयुक्त स्थानका | गाउँपालिका क्षेत्र भित्र रहेका असुरक्षित आवास क्षेत्रहरु, गरिब बस्ती र | गरिब बस्तीहरुको संरचनामा सुधार आउने छ र त्यस्ता आवास | भौतिक पूर्वाधार तथा योजना | ▪ स्तरोन्नति गरि सुरक्षित तरिकाले बनाइएका गरिब बस्तीहरु |

| | | | | |
|---|---|---|---|---|
| बस्तीहरु वा अपर्याप्त सुविधा भएका घरहरुमा बसोबास गर्ने गाउँको | जोखिमयुक्त स्थानका बस्तीहरु पहिचान गरि सुरक्षित बनाउन र स्तरोन्नति गर्न सहयोग कार्यक्रम ल्याउने | क्षेत्रहरु सुरक्षित र जोखिम रहित हुने छन् | शाखा | |
| जनजङ्ख्याको अनुपात<br>लिङ्ग, उमेर र अपाङ्गता भएका व्यक्तिहरु अनुसार सार्वजनिक संरचना, सेवा सुविधा, यातायातमा सुविधाजनक पहुँच भएका जनसङ्ख्याको अनुपात<br>सबै सांस्कृतिक र प्राकृतिक सम्पदाहरुको संरक्षण, सुरक्षा तथा सम्वर्द्धनमा | गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक स्थल, भौतिक संरचनाहरु निर्माण गर्दा सडक तथा यातायात सुविधाहरु उपलब्ध गराउँदा, सेवा प्रणालीहरु निर्माण गर्दा जनसङ्ख्याको विविधता हेरेर योजना निर्माण, कार्यान्वयन गर्ने र अनुगमन प्रक्रियामा महिला, दलित, जनजाति, आदिवासी, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, युवा, बालबालिकाको सहभागिता र उनीहरुसँगको परामर्श सुनिश्चित गर्ने | गाउँपालिका क्षेत्र भित्र बन्ने संरचना र पूर्वाधारमा सबै समुदायको स्वामित्व हुने छ र सबैका लागि उपयोगी र पहुँचयुक्त हुने गरि समावेशी बन्ने छन् । | भौतिक पूर्वाधार तथा योजना शाखा | ▪ गाउँपालिकाले स्थानीयवासी तथा विभिन्न समुदायलाई लक्षित गरेर बनाएका योजनाहरुको सङ्ख्या र योजनाले समेटेका कार्यक्रमहरु<br>▪ योजना निर्माण, कार्यान्वयन र अनुगमन प्रक्रियामा विभिन्न समुदायका प्रतिनिधिहरुको सहभागिताको अवस्था र सङ्ख्या<br>▪ योजना निर्माण र कार्यान्वयनमा समेटिएका विभिन्न समुदायका सवालहरु |
| गरिएको प्रति व्यक्ति कुल खर्च (सार्वजनिक र निजी), सम्पदाको प्रकार (सांस्कृतिक, प्राकृतिक, मिश्रित र विश्व सम्पदा केन्द्रले तोकेको , | गाउँपालिका भित्र रहेका परम्परागत सांस्कृतिक चाडपर्व र जात्राहरु, ऐतिहासिक तथा धार्मिक स्थलहरु, पुरान सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरुको पहिचान, संरक्षण, जिर्णोद्वार र मर्मतका लागि नियमित कार्यक्रमहरु लागु गर्ने | पुराना सांस्कृतिक र प्राकृतिक सम्पदाहरु संरक्षित हुने छन् | सामाजिक विकास शाखा | ▪ गाउँपालिका भित्र पहिचान गरि संरक्षण गरिएका पुराना सांस्कृतिक र प्राकृतिक सम्पदाहरुको प्रकार र सङ्ख्या |
| सरकारको तह (सङ्घीय, प्रादेशिक र स्थानीय), खर्चको प्रकार (सञ्चालन खर्च वा लगानी) र निजी | वातावरणमैत्री सवारी साधन, प्रदुषणमुक्त कलकारखाना र दिगो फोहरमैला व्यवस्थापनलाई ग्रामीण क्षेत्रमा प्राथमिकताका साथ लागु | गाउँपालिका क्षेत्र भित्र वातावरणीय प्रदुषणमा न्यूनीकरण हुने छ । | वन, वातावरण, फोहोरमैला तथा विपद् व्यवस्थापन | ▪ वातावरण प्रदुषणको दरमा आएको कमी |

| | | | | |
|---|---|---|---|---|
| सहयोगको प्रकार (वस्तु वा सामाग्रीहरुको दान, निजी गैरनाफामूलक क्षेत्र र प्रायोजन) अनुसारका विवरण<br>नियमित रुपमा सङ्कलन गरिएको फोहोरमैलाको हिस्सा र उत्पादन वा पैदा गरिएको कुल ग्रामीण फोहोरमैला मध्ये पर्याप्त मात्रामा फोहोरको अन्तिम विसर्जन गर्ने स्थानहरु ।<br>योजनावद्ध रुपमा सार्वजनिक प्रयोगका लागि विकास गरिएका खुला क्षेत्रहरुको औसत अनुपात (लिङ्ग, उमेर र अपाङ्ता भएका व्यक्ति अनुसार) | गराउने । | | शाखा | |

**वातावरण व्यवस्थापन (दिगो विकास लक्ष्य १२, १३, १४, १५)**

**दिगो विकास लक्ष्य १२ :** दिगो उपभोग र उत्पादन ढाँचा

सम्बन्धित राष्ट्रिय परिमाणात्मक लक्ष्य :

**लक्ष्य १२.१ :** विकासोन्मुख देशहरुको विकासलाई दृष्टिगत गर्दै सबै देशहरुले दिगो उपभोग र उत्पादन कार्यक्रमहरुको १० वर्षे ढाँचा वा खाका कार्यान्वयन गर्ने साथै यस कार्यमा विकसित देशहरुले नेतृत्व लिने ।

**लक्ष्य १२.३ :** खुद्रा र उपभोक्ताहरुको तहमा हुने प्रति व्यक्ति विश्व खाद्यवस्तुको दुरुपयोग वा व्यर्थ प्रयोगलाई सन् २०३० सम्ममा आधा घटाउने र बाली भित्र्याइ सके पछि हुने क्षति लगायत उत्पादन र आपूर्ति श्रृंखलामा हुने खाद्यान्नको क्षतिलाई घटाउने ।

**लक्ष्य १२.४ :** सम्झौता गरिएको अन्तर्राष्ट्रिय फ्रेमवर्कहरु अनुरुप रासायनिक पदार्थहरु र सबै फोहोरमैलाहरुको जीवनचक्र भरि वातावरणीय दृष्टिकोणले प्रभावकारी ढङ्गले व्यवस्थापन गर्ने मानव स्वास्थ्य र वातावरणमा पर्ने यिनीहरुको प्रतिकुल प्रभावलाई न्यून पार्नका लागि वायु, जल र माटोमा गरिने यस्ता वस्तुहरुको विसर्जनलाई उल्लेख्य रुपमा घटाउने ।

**लक्ष्य १२.५ :** सन् २०३० सम्ममा फोहोरमैलाको उत्पादनलाई निषेध वा रोकथाम तथा न्यूनीकरण गरेर साथै खेर गएका वस्तुहरुलाई पुन: प्रशोधनका साथै पुन: प्रयोग गरेर उल्लेख्य रुपमा घटाउने ।

**लक्ष्य १२.६ :** कम्पनीहरु विशेष गरि ठूला र बहुराष्ट्रिय कम्पनीहरुलाई दिगो अभ्यासहरु वा पद्धतिहरु अवलम्बन गर्न र आफ्ना प्रतिवेदनहरुमा दिगोपना सम्बन्धी सूचनाहरु समावेश गर्न प्रेरित गर्ने ।

**लक्ष्य १२.७ :** दिगो प्रकृतिका सार्वजनिक खरिद प्रणाली वा पद्धतिहरुलाई राष्ट्रिय नीतिहरु र प्राथमिकताहरु अनुरुप प्रवर्द्धन गर्ने ।

**लक्ष्य १२.८ :** सन् २०३० सम्ममा जुनसुकै स्थानमा रहेका व्यक्तिहरुसँग दिगो विकास र प्रकृतिसँग तालमेल वा सङ्गति भएको जीवन पद्धतिका सान्दर्भिक सूचनाहरु रहेको साथै सचेतना भएको कुरा सुनिश्चित ने ।

लक्ष्य १२ अन्तर्गत सुनापति गाउँपालिकाका मुख्य प्राथमिकताहरू

- अनुत्पादक खर्च र तडक भडकमा नियन्त्रण
- खाद्य पदार्थको संरक्षण तथा स्थानीय उत्पादनमा प्रवर्द्धन

**दिगो विकास लक्ष्य १२ का लागि सुनापति गाउँपालिकाको लागि कार्ययोजना**

| दिगो विकासको लागि स्थानीय सूचक | योजना | अपेक्षित उपलब्धि | पालिकाको जिम्मेवार इकाई | उपलब्धि/अनुगमन सूचक |
|---|---|---|---|---|
| स्थानीय सरकारसँग दिगो उपभोग र उत्पादन सम्बन्धी कार्ययोजना भएको<br>खाद्य वस्तुमा हुने नोक्सानीको सुचकाङ्क<br>स्रोत साधनहरुको उपयोगमा आधारित सूचक मेटरियल, फुटप्रिन्ट, प्रति व्यक्ति मेटरियल फुटप्रिन्ट र प्रति कुल गार्हस्थ्य उत्पादन मेटरियल फुटप्रिन्ट | गाउँपालिका भित्र दिगो उत्पादन र उपभोगलाई प्रवर्द्धन गर्ने कार्यक्रम बनाई लागु गर्ने | उत्पादन र उपभोगको दिगोपनामा सुधार हुने छ। | सामाजिक विकास शाखा | ▪ सञ्चालित कार्यक्रम र यसबाट लाभान्वित क्षेत्र र जनाताको अनुपात |
| | सांस्कृतिक चाडवाड, जात्रा, पर्व, सामाजिक भेलाहरुमा हुने अनावश्यक र अनुत्पादक तडक भडक र खर्चलाई कम गर्ने मापदण्डहरु निर्धारण गर्ने र समुदायमा पालना गराउने | अनुत्पादक खर्च, अनावश्यक उपभोग र तडक भडकमा कमी आउने छ। | सामाजिक विकास शाखा | ▪ तोकिएका मापदण्डहरु<br>▪ मापदण्डहरुको पालना र अनुत्पादक खर्चको घट्दो दर |
| | अनावश्यक उपभोग र अनुत्पादक खर्च कम गर्न समुदायमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने र उपभोग्य वस्तुहरुको आपूर्ति र भण्डारणको क्रममा हुने क्षति र नोक्सानीलाई कम गर्ने उपयुक्त प्रविधिको उपयोग गर्ने | अनुत्पादक खर्च, अनावश्यक उपभोग र खाद्य वस्तु वा उपभोग वस्तुमा हुने अनावश्क र अनपेक्षित नोक्सानीमा कमी आउने छ। | सामाजिक विकास शाखा | ▪ सञ्चालित जनचेतनामूलक कामहरु र लाभान्वित सङ्ख्या<br>▪ उपभोग्य वस्तुहरुको नोक्सानीमा कमी ल्याउन प्रयोग गरिने प्रविधि र उपायहरु |
| दिगो प्रकृतिका सार्वजनिक खरिद नीतिहरु र कार्ययोजनाहरु स्थानीय तहबाट लागु भईरहेको अवस्था | खाद्य पदार्थ तथा अन्य वस्तुहरुको अनियन्त्रित उपभोग र नोक्सानीहरुलाई कम गर्न समुदाय शिक्षा कार्यक्रम लागु गर्ने र सञ्चार माध्यमबाट बहस र चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। | खाद्य पदार्थको संरक्षण र भण्डारणमा समुदायका नागरिकहरु जिम्मेवार हुने छन् र खानेकुराहरुको नोक्सानीमा कमी आउने छ। | शिक्षा शाखा | ▪ समुदाय स्तरमा सञ्चालित कार्यक्रमहरुको सङ्ख्या र लाभान्वित सङ्ख्या<br>▪ सञ्चार माध्यमबाट सञ्चालित कार्यक्रमहरुको सङ्ख्या |

| | | | | |
|---|---|---|---|---|
| पुन: प्रशोधन दर, पुन: प्रशोधन गरिएका वस्तुहरु (टनमा) | गाउँपालिका भित्रै उत्पादन हुने उपभोग्य वस्तु तथा सेवाको पहिचान, संरक्षण र प्रवर्द्धनका कार्यक्रमहरु सञ्चालन गर्ने | स्थानीय उत्पादनले प्राथमिकता पाउने छ । | सामाजिक विकास शाखा | ▪ स्थानीय स्तरमा उत्पादित वस्तु तथा सेवाको उपभोग गर्ने नागरिकहरुको सङ्ख्यामा भएको वृद्धि |
| | हानिकारक फोहरमैलाको उत्पादन हुने गतिविधिहरु पहिचान गरि रोक्ने, न्यूनीकरण गर्ने र निरुत्साहित गर्ने कार्यक्रम लागु गर्ने र पुन प्रशोधन गर्न मिल्ने फोहरमैलाहरुको प्रशोधनलाई व्यवसायिकरण गर्न अनुदान तथा प्रोत्साहन गर्ने | हानिकारक फोहरमैलाको उत्पादनमा कमी आई वातावरण प्रदुषण कम गर्न सहयोग पुग्ने छ | वातावरण शाखा | ▪ हानिकारक फोहरमैलाको उत्पादन हुने क्षेत्रहरुको पहिचान र यसको उत्पादनको घट्दो दर । |

**दिगो विकास लक्ष्य १३ :** जलवायु परिवर्तन र यसको असरसँग लड्न तत्कालिन कदमहरु ।

**दिगो विकास लक्ष्य १५ :** स्थलीय इकोसिस्टमको संरक्षण, वनको दिगो व्यवस्थापन, मरुभुमीकरण रोक्ने, जैविक विविधतामा हुने क्षति रोक्ने ।

सम्बन्धित राष्ट्रिय परिमाणात्मक लक्ष्य :

**लक्ष्य १३.१ :** जलवायुसँग सम्बन्धित घातक वा हानिकरक कुराहरुको साथै प्राकृतिक विपद्हरुको सामना गर्न उत्थानशील र अनुकुलन क्षमता सुदृढ गर्ने ।

**लक्ष्य १३.२ :** जलवायु परिवर्तनका उपायहरुलाई राष्ट्रिय नीतिहरु, रणनीतिहरु र योजनामा एकीकृत गर्ने ।

**लक्ष्य १३.३ :** जलवायु परिवर्तनलाई कम गर्न, अनुकुलन गर्न, प्रभाव घटाउन र पूर्व सावधानी गराउन शिक्षा, सचेतना र मानवीय तथा संस्थागत क्षमता सुधार गर्ने ।

**लक्ष्य १५.१ :** सन् २०३० सम्ममा अन्तर्राष्ट्रिय सम्झौताहरु अन्तर्गतका दायित्वहरु अनुरुप भूपरिधि र जमिनको स्वच्छ पानी पारिस्थितिकीय प्रणालीहरु र तिनीहरुको सेवाहरु विशेष गरि वनजङ्गल, सिमसार क्षेत्र, हिमालय र सुख्खा क्षेत्रहरुको संरक्षण, पुनस्थापना र दिगो प्रयोग सुनिश्चित गर्ने ।

**लक्ष्य १५.२ :** सन् २०३० सम्ममा सबै प्रकारका वनको दिगो व्यवस्थापनको कार्यान्वयनलाई प्रभावकारी बनाउने, वन फडानी रोक्ने, ह्रास भएको वनको पुन:स्थापना गर्ने साथै वृक्षारोपण र विनाश भएको वनमा पुन: रुख विरुवा लगाउने ।

**लक्ष्य १५.३ :** सन् २०३० सम्ममा मरुभूमिकरण, सुख्खा र खाद्य वस्तुहरुद्वारा नकारात्मक रुपमा प्रभावित जमिन लगायतका क्षय भएको जमिन र माटोको पुन:स्थापन गर्ने र एउटा भूक्षय निरपेक्ष विश्व (जमिनका स्रोत साधनहरुको मात्रा र गुणस्तर स्थिर वा वृद्धि हुने अवस्था) प्राप्त गर्ने तर्फ प्रयासरत रहने ।

लक्ष्य १३ र १५ अन्तर्गत सुनापति गाउँपालिकाका मुख्य प्राथमिकताहरू

- विपद् जोखिम न्यूनीकरणमा समुदायको संलग्नता
- सवारी जन्य प्रदुषणमा न्यूनीकरण
- खुल्ला स्थान, ताल तलैया, वन जङ्गलको संरक्षण

**दिगो विकास लक्ष्य १३ र १५ का लागि सुनापति गाउँपालिकाको लागि कार्ययोजना**

| **दिगो विकासको लागि स्थानीय सूचक** | **योजना** | **अपेक्षित उपलब्धि** | **पालिकाको जिम्मेवार इकाई** | **उपलब्धि/अनुगमन सूचक** |
|---|---|---|---|---|
| स्थानीय सरकारसँग स्थानीय विपद् जोखिम न्यूनीकरण योजना रणनीति भएको | गाउँपालिका क्षेत्र भित्र वडा तहमा विपद् व्यवस्थापन समितिको क्षमता विकास गर्ने र विपद् जोखिम न्यूनीकरणको काममा सक्रिय गराउने | विपद् जोखिम न्यूनीकरणमा समुदाय जिम्मेवार बन्दै जाने छ । | वातावरण शाखा | ▪ सञ्चालित क्षमता विकास कार्यक्रमहरु, विपद् जोखिम न्यूनीकरणको लागि वडा स्तरमा गरिएको पूर्व तयारीको अवस्था |
| विपद्हरुको कारण भएका मृत्युवरण गरेका हराइरहेका र प्रत्यक्ष रुपमा प्रभावित व्यक्तिहरुको अनुपात (प्रति | गाउँपालिका भित्र सञ्चालित उद्योग र यातायातका साधनहरुबाट हुने जलवायु प्रदुषण कम गर्न मापदण्डहरु तोक्ने र लागु गराउने | गाउँपालिकामा उद्योग र सवारी साधनबाट हुने प्रदुषण घट्ने छ | वातावरण शाखा | ▪ निर्धारित मापदण्डहरु र लागु गराउन गरिएका क्रियाकलापहरुको सङ्ख्या<br>▪ प्रदुषणको दरमा आएको कमी |
| | मापदण्ड लागु गर्ने उद्योग, कलकारखना र सवारी कम्पनीहरुलाई | प्रदुषणमुक्त गाउँपालिका बनाउन सबै सरोकारवाला जिम्मेवार हुने | वातावरण शाखा | ▪ मापदण्ड लागु गर्ने कारखाना र उद्योगहरुको सङ्ख्या |

| | | | | |
|---|---|---|---|---|
| १ लाख जनसङ्ख्यामा) | पुरस्कृत गर्ने | छन् | | |
| स्थानीय सरकारद्वारा जलवायु अनुकुलन सम्बन्धी एकीकृत नीति, रणनीति, योजना तर्जुमा र कार्यान्वयन भएको जसबाट जलवायु परिवर्तनको प्रतिकुल प्रभावहरुलाई अनुकुलन गर्ने जलवायु उत्थानशिलतामा अभिवृद्धि | गाउँपालिका क्षेत्र भित्रका नदि, वन जङ्गल संरक्षणको लागि मापदण्ड र योजना लागु गर्ने र नाङ्गा डाँडा र खुल्ला ठाउँहरुमा वृक्षरोपण गर्ने | गाउँपालिका भित्र पर्ने नदि र वन जङ्गलहरु संरक्षित हुने छन् | वातावरण शाखा | ▪ संरक्षित नदि र वन जङ्गलको सङ्ख्या |
| | हरित सहरको योजना निर्माण गरि खुल्ला स्थानहरुमा बगैंचा निर्माण र वृक्षारोपण गर्ने | खुल्ला स्थानहरुमा हरियाली वृद्धि भई वातावरण संरक्षणमा योगदान पुग्ने छ | वातावरण शाखा | ▪ गाउँपालिका भित्र निर्मित बगैंचा र वृक्षारोपणको सङ्ख्या<br>▪ संरक्षित वनजङ्गल, वन्यजन्तु र वृक्षारोपण गरिएका खुल्ला स्थानहरु |
| | गाउँपालिका भित्र भु-क्षय हुने, माटो बग्ने र पहिरो जाने ठाउँहरुको पहिचान गरि नियन्त्रणका उपायहरु अपनाउने । | भू-क्षय र पहिरोमा कमी आउने छ । | वातावरण शाखा | ▪ पहिचान गरिएका ठाउँहरुको सङ्ख्या, क्षेत्रफल र नियन्त्रणका लागि अपनाइएका उपायहरु |
| स्थानीय सरकारद्वारा जलवायु परिवर्तनमा कमी, अनुकुलन, प्रभाव न्यूनीकरण र पूर्व सावधानी जस्ता विषयलाई आवाशिय र माध्यमिक शिक्षाको पाठ्यक्रममा एकीकृत गरेको<br>कुल भू-क्षेत्रको अनुपातमा वन क्षेत्र | जलवायु संरक्षण सम्बन्धी विद्यालयहरुमा शिक्षा दिने व्यवस्था मिलाउने | स्थानीयवासीमा जलवायुको संरक्षण सम्बन्धमा चेतना वृद्धि हुने छ । | शिक्षा शाखा | ▪ विद्यालयहरुमा जलवायु संरक्षण सम्बन्धी पाठ्यक्रमहरु |

| | | | | |
|---|---|---|---|---|
| दिगो वन व्यवस्थापन सम्बन्धि प्रगति<br>कुल भू-भाग मध्ये गुणस्तर क्षय भएको जमिनको अनुपात | | | | |

**संस्थागत विकास र शुसासन (दिगो विकास लक्ष्य १६ र १७)**

**दिगो विकास लक्ष्य १६ :** दिगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाज, सबैका लागि न्यायमा पहुँच

सम्बन्धित राष्ट्रिय परिमाणात्मक लक्ष्य :

**लक्ष्य १६.१ :** सबै ठाउँमा सबै प्रकारका हिंसा र यससँग सम्बन्धित मृत्युदर उल्लेख्य रुपमा कम गर्ने ।

**लक्ष्य १६.२ :** दुरुपयोग, शोषन, तस्करी र बालबालिकाहरु माथिको यातना तथा सबै प्रकारका हिंसा समाप्त गर्ने ।

**लक्ष्य १६.३ :** राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरहरुमा कानूनको शासन प्रवर्द्धन गर्ने र न्यायमा सबैको पहुँच सुनिश्चित गर्ने ।

**लक्ष्य १६.५ :** सबै प्रकार वा स्वरुपहरुका भ्रष्टाचार र घुसखोरीलाई उल्लेख्य रुपमा घटाउने ।

**लक्ष्य १६.६ :** सबै तहहरुमा प्रभावकारी, जवाफदेही र पारदर्शी संस्थाहरु स्थापना गर्ने ।

**लक्ष्य १६.७ :** सबै तहहरुमा उत्तरदायी, समावेशी, सहभागितामूलक र प्रतिनिधिमूलक नीति निर्माण सुनिश्चित गर्ने ।

**लक्ष्य १६.९ :** सन् २०३० सम्ममा जन्मदर्ता लगायत अन्य कानूनी पहिचान सबैलाई प्रदान गर्ने ।

**लक्ष्य १६.१० :** राष्ट्रिय कानुन र अन्तर्राष्ट्रिय सम्झौताहरु अनुरुप सूचनामा सर्वसाधारणको पहुँचलाई सुनिश्चित गर्ने र मौलिक स्वतन्त्रताहरुको रक्षा गर्ने ।

लक्ष्य १६ अन्तर्गत सुनापति गाउँपालिकाका मुख्य प्राथमिकताहरू

- गाउँपालिकाको क्षेत्र भित्र हुने विभिन्न हिंसा र अपराधका घटनाहरुमा न्यूनीकरण

- गाउँपालिकाको न्याय सम्पादनमा सुधार र सबैले न्याय सम्बन्धी सेवा सहज रुपमा पाउने वातावरण निर्माण
- गाउँपालिकाको विभिन्न शाखाहरुले सर्वसाधारणलाई दिने सेवाहरुको चुस्तता र गुणस्तरमा वृद्धि
- सेवा प्रदान गर्ने कार्यमा खटिने कर्मचारीको क्षमतामा विकास र सीमान्तकृतहरुका लागि सेवा दिने कार्यमा विशेष प्राथमिकता

**दिगो विकास लक्ष्य १६ का लागि सुनापति गाउँपालिकाको लागि कार्ययोजना**

| दिगो विकासको लागि स्थानीय सूचक | योजना | अपेक्षित उपलब्धि | पालिकाको जिम्मेवार इकाई | उपलब्धि/अनुगमन सूचक |
|---|---|---|---|---|
| लिङ्ग र उमेर अनुसार अन्तर्राष्ट्रिय नरसंहार सम्बन्धी गतिविधिहरुबाट पीडितहरुको सङ्ख्या (प्रति १ लाख जनसङ्ख्यामा)<br>आफ्नो वरपरको क्षेत्रमा एक्लै हिंडडुल गर्दा सुरक्षित महशुस गर्ने जनसङ्ख्याको अनुपात<br>वितेको १२ महिनामा हेरचाह गर्ने व्यक्तिहरुद्वारा कुनै पनि किसिमको दण्ड मनोवैज्ञानिक त्रास वा आक्रमणको अनुभव गरेका १ देखि १७ वर्ष उमेरका | समाजमा विभिन्न कारणले मानव माथी हुने हिंसा मानव बेचविखन (खास गरेर बाल हिंसा, महिला हिंसा, यौन हिंसा, अपाङ्गरा भएका र ज्येष्ठ नागरिक माथि हुने हिंसा, घरेलु हिंसा लगायत)का स्वरुपहरु पहिचान गरि हिंसा नियन्त्रणका लागि प्रहरी प्रशासनलाई सक्रिय बनाउने साथै विभिन्न तालिम उपलब्ध गराउने | गाउँपालिका क्षेत्र भित्र हिंसाका घटनाहरुमा कमी आउने छ। | सामाजिक विकास शाखा | ▪ गाउँपालिका भित्र हिंसाको दरमा आएको कमी |
| | समुदायमा विभिन्न आधारमा गरिने विभेद (जस्तै अपाङ्गता, लैङ्गिक, उमेर, जात, वर्ण, धर्म, आर्थिक अवस्था) विरुद्ध उजुरी लिने प्रक्रियालाई सहज र पारदर्शी बनाउने। | सबै नागरिकहरुले विभेद विरुद्ध सहजै र निर्भय रुपमा उजुरी गर्न सक्ने छन्। | सामाजिक विकास शाखा | ▪ विभेद विरुद्ध भएका उजुरीहरुको दर र समाधानको दर |
| | हिंसा विरुद्ध समुदायलाई जिम्मेवार बनाउन समुदाय स्तरमा जनचेतना, कानुनी शिक्षा र अभिमुखीकरणका | हिंसा विरुद्धका गतिविधिहरुमा समुदायका मानिसहरु स्वयम् सक्रिय हुने छन् र हिंसामा कमी | न्यायिक समिति | ▪ हिंसाका घटनाहरुको दरमा आएको कमी |

| | | | | |
|---|---|---|---|---|
| बालबालिकाहरुको अनुपात<br>लिङ्ग, उमेर, शोषणको स्वरुप अनुसार मावन तस्करीमा परेका पीडितहरु (प्रति १ लाख जनसङ्ख्यामा)<br>उमेर अनुसार १८ वर्षको उमेरसम्म यौन हिंसाको अनुभव गरेका १८ देखि २९ वर्ष उमेरका युवा युवतीहरुको अनुपात<br>अधिकार प्राप्त निकायहरु समक्ष वा औपचारिक रुपमा मान्यता प्राप्त द्वन्द्व समाधान संयन्त्रहरु समक्ष विगत १२ महिनामा आफूलाई सिकार वा पीडित बनाइएको कुराको जानकारी दिने हिंसा पीडितहरुको अनुपात<br>विगत १२ महिनाको अवधिमा सरकारी | कार्यक्रमहरु सञ्चालन गर्ने । | आउने छ । | | |
| | गाउँपालिकाको न्यायिक समितिको क्षमता विकास गर्ने र सबै वर्ग र समुदायका व्यक्तिहरुलाई न्याय सेवा दिन सक्षम बनाउने । | न्यायिक समितिबाट सम्पादन हुने न्यायमा प्रभावकारिता आउने छ । | न्यायिक समिति | ▪ सञ्चालित क्षमता विकासका कार्यक्रमहरु |
| | गाउँपालिकाको गुनासो दर्ता प्रणालीलाई सबैका लागि पहुँचयुक्त बनाउने (अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिका, ज्येष्ठ नागरिक, गरिब तथा विपन्न निरक्षर लगायत) | सबै खाले नागरिकहरुले गुनासो दर्ता गर्न सक्ने छन् । | न्यायिक समिति | ▪ पहुँचयुक्त गुनासो दर्ता र सुनुवाई प्रणाली |
| | भ्रष्टाचार विरुद्धका कार्वाहीलाई शसक्त बनाउने र गाउँपालिकामा भ्रष्टाचार हुन नदिन सार्वजनिक सेवालाई प्रविधिसँग जोडेर थप पारदर्शी बनाउने | सार्वजनिक सेवाहरु प्रविधियुक्त हुने छन् र छिटो छरिटो ढङ्गबाट गाउँवासिहरुले सेवाहरु पाउने छन् । भ्रष्टाचार नियन्त्रण थप प्रभावकारी हुने छ । | सूचना प्रविधि शाखा | ▪ कार्वाहीको सङ्ख्या<br>▪ सम्भावित भ्रष्टाचार हुन नदिन सञ्चालन गरिएका पारदर्शी सेवाहरु<br>▪ प्रविधि मार्फत गरिने निगरानीहरु<br>▪ अनलाईन सेवा सञ्चालन |
| | गाउँपालिकाका कर्मचारीहरुको सूचना प्रविधिमा पहुँच बढाउन आवश्यक तालिम दिने र साधन सम्पन्न बनाउने । | गाउँपालिकाका कर्मचारीहरुको कार्य सम्पादन सुधार हुने छ । | सूचना प्रविधि शाखा | ▪ सञ्चालित तालिमहरु<br>▪ सेवा सुविधालाई सहज बनाउन जडित प्रविधि |
| | अपाङ्ता भएका व्यक्ति लगायत सीमान्तकृत समुदायलाई गाउँपालिकाले उपलब्ध गराउने सार्वजनिक सेवामा विशेष प्राथमिकता दिने | अपाङ्ता भएका व्यक्ति लगायत सीमान्तकृत समुदायले गाउँपालिकाबाट सहजै सेवाहरु पाउने छन् । | सामाजिक विकास शाखा | ▪ अपाङ्ता भएका व्यक्ति र सीमान्तकृत समुदायका लागि गरिएको पहुँचयुक्त र विशेष व्यवस्था |

| | | | | |
|---|---|---|---|---|
| कर्मचारीसँग कम्तीमा एक पटक सम्पर्क भएका र उनीहरुसँग घूस दिएका वा सरकारी अधिकारीद्वारा घुस माग गरिएका व्यक्तिहरुको अनुपात । सार्वजनिक सेवाहरुका सम्बन्धमा आफ्नो पछिल्लो अनुभव राम्रो भएका जनसङ्ख्याको अनुपात । लिङ्ग, उमेर, अपाङ्गता तथा जनसाङ्ख्यिक समुदायका आधारमा निर्णय प्रक्रिया समावेशी र उत्तरदायी भएकोमा विश्वस्त जनसङ्ख्याको अनुपात | गाउँपालिकावासीहरुलाई कानुनी हकहरु र यसको उपयोगको बारेमा विभिन्न प्रकाशनहरुको माध्यमबाट जानकारी गराउने | कानुनी हक र यसको उपयोग बारे जानकारी पाउने छन् । | न्यायिक समिति | ▪ विभिन्न प्रकाशनहरु बाट |

**दिगो विकास लक्ष्य १७ :** दिगो विकासका लागि कार्यान्वयनका उपाय वा साधनहरुलाई सुदृढ गर्ने र अन्तर्राष्ट्रिय साझेदारीलाई पुन: जीवन्त तुल्याउने ।

सम्बन्धित राष्ट्रिय परिमाणात्मक लक्ष्य :

**लक्ष्य १७.१ :** करका साथै अरु प्रकारका राजस्व सङ्कलनका लागि आन्तरिक क्षमतामा सुधार गर्नको लागि विकासशील देधहरुलाई दिइने अन्तर्राष्ट्रिय सहायता समेतको माध्यमबाट आन्तरिक स्रोतको परिचालनलाई सुदृढ तुल्याउने ।

**लक्ष्य १७.२ :** आफ्नो कुल राष्ट्रिय आम्दानीको ०.७ प्रतिशत विकासशील देशहरुलाई र ०.१५ देखि ०.२० प्रतिशत अति कम विकसित देशहरुलाई प्रदान गर्ने लक्ष्य हासिल गर्न धेरै विकसित देशहरुद्वारा गरिएको प्रतिवद्धता लगायत विकसित देशहरुले गरका आधिकारिक सहायता प्रतिवद्धताहरु पूर्ण रुपमा कार्यान्वयन गर्ने ।

**लक्ष्य १७.१५ :** गरिबी उन्मूलन र दिगो विकासका लागि नीतिहरु तर्जुमा र कार्यान्वयन गर्न प्रत्येक देशको नीति निर्माणको दायरा र नेतृत्वलाई सम्मान गर्ने ।

**लक्ष्य १७.१७ :** साझेदारीहरुकको अनुभव र स्रोतहरुको व्यवस्थापन सम्बन्धी रणनीतिहरुको जगमा प्रबावकारी सार्वजनिक-निजी र नागरिक समाज सम्बन्धी साझेदारीहरुलाई प्रोत्साहन र प्रवर्द्धन गर्ने ।

**लक्ष्य १७.१८ :** सन् २०३० सम्ममा क्षमता अभिवृद्धि सहयोगलाई बढावा दिने र आय, लिङ्ग, उमेर, जाति, वर्ण, बसाइँसराइको अवस्था, अपाङ्गता, भौगोलिक अवस्थिति वा स्थान र अन्य विशेषताहरु अनुसार खण्डीकृत गरिएका उच्च गुणस्तरीय, सामयिक र भरपर्दा तथ्याङ्कलाई उल्लेख्य रुपमा वृद्धि गर्ने ।
लक्ष्य १७ अन्तर्गत सुनापति गाउँपालिकाका मुख्य प्राथमिकताहरू

- गाउँपालिकावासीहरुको स्पष्ट र विस्तृत तथ्याङ्क
- सेवामा प्रविधिको प्रयोग

**दिगो विकास लक्ष्य १७ का लागि सुनापति गाउँपालिकाको लागि कार्ययोजना**

| **दिगो विकासको लागि स्थानीय सूचक** | **योजना** | **अपेक्षित उपलब्धि** | **पालिकाको जिम्मेवार इकाई** | **उपलब्धि/अनुगमन सूचक** |
|---|---|---|---|---|
| स्थानीय तहको कुल बजेटमा आन्तरिक आयको हिस्सा<br>ईन्टरनेट प्रयोग गर्ने व्यक्तिहरुको अनुपात<br>विकास सहायता प्रदान गर्ने मुलुक वा | गाउँपालिकाको कर प्रणालीलाई चुसत छरितो, आधुनिक, सूचना प्रविधियुक्त र सुदृढ बनाउन अन्तर्राष्ट्रिय सहायताको लागि अपिल गर्ने | गाउँपालिकाको कर प्रणालीमा सुधार आउने छ र कर सङ्कलनमा वृद्धि हुने छ । | राजस्व शाखा | ▪ सुदृढ गरिएको कर प्रणाली र कर सङ्कलनमा भएको वृद्धिको अनुपात |
| | गाउँपालिका क्षेत्रमा सूचना प्रविधिको विकासको लागि विकसित देशले विकासशील देशहरुलाई दिने सहायताको अवसर लिनको लागि | सार्वजनिक सेवा लिन गाउँपालिकावासीहरुमा सूचना प्रविधिको प्रयोगमा वृद्धि हुने छ । | सूचना प्रविधि शाखा | ▪ सूचना प्रविधि वा ईन्टरनेट प्रयोग गर्ने पालिकावासीहरुको अनुपात |

| | | | | |
|---|---|---|---|---|
| संस्थाहरुद्वारा मुलुकले | चाहिने तयारी र पहलहरु गर्ने । | | | |
| निर्धारण गरेका नतिजा तालिकाहरु र योजनाका औजारहरुको प्रयोगको हद वा मात्रा<br>सार्वजनिक-निजी र नागरिक समाज सम्बन्धी साजेदारीहरुलाई प्रदान गर्न प्रतिवद्धता गरिएको रकमको मात्रा | विभिन्न जनताका सरोकारका विषयहरु र सामाजिक सवालहरुमा (गरिबी निवारण, महिला, हिंसा, दलितका सवालहरु, अपाङ्ताका सवालहरु, बालबालिका, इत्यादि) सार्वजनिक निजी साझेदारीको नीति लिई विभिन्न गैरसरकारी तथा नीजि संस्थाहरुसँगको सहकार्यमा कार्यक्रमहरु सञ्चालन गर्ने | गैर सरकारी र निजी संस्थाहरुसँगको सहकार्यमा वृद्धि भई गाउँपालिका विकासमा सरोकारवालाहरुको स्वामित्वमा वृद्धि हुने छ । | सामाजिक विकास शाखा | ▪ सार्वजनिक-निजी साझेदारीमा सञ्चालित योजनाहरुको सङ्ख्या र लाभान्वित समूहको सङ्ख्या |
| आधिकारिक तथ्याङ्कहरुको मौलिक सिद्धान्त अनुरुप लक्ष्यसँग सान्दर्भिक भएको अवस्थामा पूर्ण रुपमा खण्डीकृत भई वडा तह सम्मका स्थानीय स्तरमा उत्पादित दिगो विकासका सूचकहरुको अनुपात | गाउँपालिका भित्र बसोबास गर्ने सबै प्रकारका व्यक्तिहरु जाति, वर्ग, समुदाय, लिङ्ग, अपाङ्गता, उमेर, बसाइँसराइ, आर्थिक अवस्था जस्ता विशेषताको आधारमा गाउँपालिकामा खण्डीकृत तथ्याङ्क राख्ने र नियमित अध्यावधिक गर्ने प्रणाली र संयन्त्र स्थापित गर्ने | सबै वर्ग र समुदायका मानिसहरुको स्पष्ट तथ्याङ्क स्थापित भई नीति तथा कार्ययोजना निर्माण र सेवा सुविधाको प्रवाहमा सहजता आउने छ | पञ्जिकरण शाखा | ▪ गाउँपालिकावासीहरुको खण्डीकृत तथ्याङ्क र सो तथ्याङ्कका आधारमा बनाइएका नीति, कार्यक्रम र योजनाहरु |

## परिच्छेद ६. दिगो विकास लक्ष्य कार्यान्वयन र नीतिगत आधार, अनुगमन तथा मुल्याङ्कन

दिगो विकासका लक्ष्यहरूको कार्यान्वयन नेपाल सरकारको मात्र जिम्मेवारी नभएर सबै सरोकारवाला पक्षको जिम्मेवारी हो । तसर्थ दिगो विकास लक्ष्य कार्यान्वयन तथा उपलब्धि हासिल गर्न सङ्घ, प्रदेश र स्थानीय तहमा सरकारी, गैर सरकारी, निजी र सामुदायिक क्षेत्रको रणनीतिक साझेदारी आवश्यक हुन्छ । यसलाई मुर्तरुप दिन नेपाल सरकारले दिगो विकास लक्ष्यहरूको वर्तमान अवस्था र भावी मार्गचित्रः २०१६-२०३० तयार गरि कार्यान्वयन गरेको छ । यस मार्गचित्रले नेपालको विकासको स्थितिको विस्तृत जानकारी संग्रह गरेको छ र सन् २०१९ (चौधौ योजनाको अन्तिम वर्ष), सन् २०२२ र सन् २०२५ (तीव्र गतिको विकास गर्नका लागि अनुकुल विन्दु) जस्ता बीचका अवधिहरूका महत्वपूर्ण कोशेढुङ्गा लगायत सन् २०३० सम्मका लागि एउटा मार्गचित्र प्रस्तुत गरेको छ । यसले दिगो विकास लक्ष्य प्राप्त गर्नका निमित्त नेपालले विशेष रुपमा विचार गर्नुपर्ने महत्वपूर्ण सवालहरू र चुनौतीहरू माथि प्रकाश पारेको छ ।

समृद्ध नेपाल, सुखी नेपाली भन्ने लक्ष्य हासिल गर्न वि.सं. २०७५ मा दीर्घकालीन सोच २१०० तय गरेको छ भने यसका आधारमा पन्ध्रौ योजना (२०७६/०७७-२०८०/०८१) ०८१ असार मसान्तबाट सम्पन्न हुने क्रममा छ । त्यसै गरि सुशासन, सामाजिक न्याय र समृद्धि को सोच सहितको सोह्रौं योजना (२०८१/०८२-२०८५/०८६) सहित गाउँपालिकाले तयार गरेको दिगो विकास लक्ष्य "समृद्ध, उद्यमी र सुखी सुनापति : कृषि, पर्यटन र शिक्षा हाम्रो सम्पत्ति" सम्बन्धी कार्ययोजनाको अनुगमन तथा मुल्याङ्कन सहित दिगो विकास लक्ष्य सन् २०३० को एजेण्डा कार्यान्वयन र नीतिगत आधार, अनुगमन तथा मुल्याङ्कन गर्नुपर्दछ । दिगो विकासको लक्ष्यको स्थानीयकरण प्रारुप तयार गर्दा निम्नानुसारका चार वटा स्तम्भलाई सम्बोधन गर्न जरुरी हुन्छ ।

(१) प्राथमिकता पहिचान गरि कार्यन्वयन
(२) साधनहरूको पहिचान र छनोट
(३) लगानीको आधार र क्षेत्रहर
(४) संस्थागत संरचनाको विकास र जिम्मेवारी

### ६.१ कार्यान्वयन गर्ने

दिगो विकास लक्ष्यलाई गाउँपालिकाले आवधिक योजना, मध्यमकालीन खर्च संरचना, वार्षिक योजना र अन्य विषय क्षेत्रगत नीति तथा रणनीतिमा आन्तरिकीकरण तथा मूलप्रवाहीकरण गर्नुपर्दछ । दिगो विकास लक्ष्य कार्यान्वयनका लागि प्रदेश सरकारले तर्जुमा गर्ने योजना तथा नीतिहरूमा निम्न सातवटा चरणहरूको रिपालना र अनुसरण गर्न जरुरी हुन्छ ।

| | |
|---|---|
| १ | आवश्यकता पहिचान |
| २ | साझा प्राथमिकता तय गर्न सहकार्य गर्ने |
| ३ | योजनाहरुलाई दिगो विकास लक्क्षसँगआवद्ध गर्ने |
| ४ | स्थानीय श्रोतहरुको पहिचान गर्ने |
| ५ | जवाफदेही र प्रभावकारी नेतृत्वविकास गर्ने |

| | |
|---|---|
| ६ | स्वामित्वर सह-उत्तरदायित्व प्रवर्धन गर्ने |
| ७ | विकास सहयोग र समकक्षी सिकैमा भाग लिने |

### ६.२ अनुगमन गर्ने

विभिन्न सूचकहरूका आधारमा दिगो विकास लक्ष्यको प्रगति मापन गर्न अनुगमन र मूल्याङ्कन विधि अपनाउनु पर्दछ । स्थानीयकरण गर्ने सिलसिलामा दिगो विकास लक्ष्यका परिमाणात्मक लक्ष्य र सूचकहरूलाई आवश्यकता अनुसार स्थानीयकरण गर्न जरुरी हुन्छ । यसका लागि निम्नानुसारको कार्य गर्नुपर्दछः

१. सूचकहरूको अध्यन विकास, विकास गर्ने र परिमार्जन गर्ने
२. योजनाहरूको समीक्षा हुँदा सरोकारवालाहरूको सहभागिता गराउने,
३. मूल्याङ्घनका लागि दिगो विकास लक्ष्यका सूचकहरूको प्रयोग गर्ने
४. दिगो विकास लक्ष्यसँग सम्वन्धित तथ्याङ्कको सङ्कलन , अनुगमन र विश्लेषण गर्ने,
५. दिगो विकास लक्ष्यको सूचकहरू तयार गर्ने,

### ६.३ समन्वय, सहकार्य र साझेदारी

विकाससँग सम्वन्धित विषय, सार्वजनिक सेवा प्रवाह तथा जनतासँग प्रत्यक्ष सरोकारका विषयमा समन्वय, सहकार्य र साझेदारीको झनै महत्व रहन्छ । दिगो विकास लक्ष्य प्राप्तिमा राष्ट्रिय र विश्व समुदायको प्रतिवद्धताको विषय समेत रहेकाले यी लक्ष्यहरूको प्राप्तिमा सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, नीजि क्षेत्र र अन्य सबै सरोकारवाला बीचको सहकार्य र साझेदारी अपरिहार्य हुन्छ । सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, निजी क्षेत्रको लगानीलाई आकर्षित गरि सार्वजनिक निजी साझेदारीको सिद्धान्त अनुरुप विकास कार्य सञ्चालन गर्ने ।

#### ६.३.१ सङ्घीय र स्थानीय सरकारबीच साझेदारी

दिगो विकास लक्ष्य प्राप्ति गर्नका लागि गाउँपालिकालाई आवश्यक पर्ने मानव संशाधन, भौतिक साधन, सिंचाई, संस्थागत, सूचना प्रविधि लगायत क्षेत्रको क्षमता विकास लगायत र दिगो विकास सम्वन्धित नीति, रणनीति र कार्यक्रमहरूको कार्यान्वयनका लागि आवश्यक पर्ने थप बजेटको व्यवस्थापनमा नेपाल सरकारको सहयोग अपरिहार्य हुने हुँदा सोका लागि नेपाल सरकारसँग आवश्यक सहकार्य र साझेदारी गरिने छ ।

#### ६.३.२ प्रदेश र स्थानीय सरकारबीच साझेदारी

दिगो विकास लक्ष्य प्राप्ति गर्नका लागि गाउँपालिकलाई आवश्यक पर्ने मानव संशाधन, भौतिक साधन, सिंचाई, सडक, संस्थागत, सूचना प्रविधि लगायत विकासका अग्रणी क्षेत्रको क्षमता विकास आवश्यक छ । विकास र समृद्धि हासिल गर्न, प्राकृतिक स्रोत साधनको उपयोग र संरक्षण गर्नका लागि प्रदेश सरकार र स्थानीय सरकारहरूका बीचमा सहकार्य, समन्वय र साझेदारी हुन आवश्यक छ । साथै दिगो विकासको

लक्ष्य सँग सम्वन्धित कार्यक्रमहरूको कार्यान्वयनका लागि आवश्यक पर्ने श्रोत र साधन तथा विस्वासको वातावरण बने सहकार्य र साझेदारी गरिनेछ ।

### ६.३.३ सार्वजनिक, निजी र नागरिक (समुदायहरू) बीच साझेदारी


दिगो विकास लक्ष्य प्राप्त गर्न आवश्यक पर्ने धनराशी जुटाउन गाउँपालिकाले निजी क्षेत्र गैरसकारी संस्थाहरू र नागरिक समाजसँगको सहकार्य र साझेदारीलाई व्यवहारमा उतार्नेछ । निजी क्षेत्रले मूल्य सिर्जना गर्ने र मूल्य थप हुने क्रियाकलापहरूका लागि आन्तरिक स्रोत परिचालन गरेर गरिबीमा रहेका जनतालाई आवश्यक रोजगारी, पर्यटन, शिक्षा, स्वास्थ्य, वित्तीय पहुँच क्षेत्रमा निजी क्षेत्रको लगानीले आयआर्जनका क्षेत्रमा सहयोग गर्न सक्दछ ।

## ६.४ दिगो विकास लक्ष्य कार्यान्वयन समिति

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था अनुसार स्थानीय तहबाट सञ्चालित योजनाको लागत, परिणाम, समयसीमा र गुणस्तरीयताको आधारमा अनुगमन गरि आवश्यक पृष्ठपोषण दिन उपाध्यक्ष वा उपप्रमुखको नेतृत्वमा ५ सदस्यीय अनुगमन तथा सुपरिवेक्षण समितिको प्रावधान राखेको छ । दिगो विकास लक्ष्य कार्यान्वयन र अनुगमनका लागि सङ्घीय तहमा सम्माननीय प्रधानमन्त्री र प्रदेश तहमा मुख्यमन्त्रीको नेतृत्वमा संस्थागत व्यवस्था रहेका छन् । स्थानीयस्तरमा देहाय बमोजिम दिगो विकास कार्यान्वयन समितिको व्यवस्था रहेको छ । दिगो विकास लक्ष्यको प्रगति समीक्षा चौमासिक तथा वार्षिक रूपमा गर्नुपर्दछ ।

१. गाउँपालिका अध्यक्ष - सम्योजक
२. गाउँपालिका उपध्यक्ष - उप- सम्योजक
३. गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत - सदस्य
४. अध्यक्षले निजी क्षेत्र र नागरिक समाजबाट मनोनित गरेका ५ जना प्रतिनिधि
(१ महिला अनिवार्य, र केही विज्ञ सदस्य मनोनित गर्न सकिने) - सदस्य
५. योजना हेर्ने महाशाखा/शाखा प्रमुखहरु - सदस्य सचिब

# अनुसूची १ : माईन्यूट



DATE

आज मिति २०८१ साल जेठ ४ गते शुक्रबारका दिन सुनापति गाउँपालिकाको अध्यक्ष श्री धुलोकान्छा तामाङज्यूको अध्यक्षतामा यस सुनापति गाउँपालिकाको दिगो विकास लक्ष्य तथा स्थानीयकरण योजना तर्जुमा सम्बन्धी विषयमा गाउँपालिकाका विषयगत समितिका पदाधिकारी र कर्मचारीहरूको उपस्थितिमा छलफल सम्पन्न गरियो ।

उपस्थिति

१. श्री धुलोकान्छा तामाङ — अध्यक्ष
२ श्री गीता बिरट — उपाध्यक्ष
३. श्री दिल कुमार श्रेष्ठ — प्र.प्र.अ.
४. श्री ध्रुव प्रसाद चौलागाईं — वडा अध्यक्ष
५. श्री पदम ब. थापा — वडा अध्यक्ष
६. श्री फुल ब. सिंह — वडा अध्यक्ष
७. श्री प्रदुप लामा — वडा अध्यक्ष
८. श्री चित्र बहादुर मानन्धर — वडा अध्यक्ष
९. श्री राजेश्वर पोखेरा — वडा सदस्य
१०. श्री भिम प्रसाद चौलागाईं — वडा सदस्य
११. श्री कमला बैद्य — वडा सदस्य
१२. श्री कमल बहादुर बम — शिक्षा शाखा प्रमुख
१३. श्री रमेश बराल — उपम निर्वाचन अधिकृत
१४ विनोद चौलागाईं — (लेखा शाखा)
१५ राजमान [illegible] — प.स्वा.प्रा.
१६. तारा बहादुर खत्री — प्रो.स.
१७. लक्ष्मी थापा मगर — पञ्जीकरण
१८ पारिजात ओझा — (स्वास्थ्य शाखा)
१९. रञ्जिता तामाङ — प्रशासन शाखा
२०. देव [illegible] — (निर्माण शाखा)
२१, सीता माया मोक्तान — (सामाजिक शाखा)
२२. अंकुर [illegible] — (इन्जिनियर)
२३ श्री सन्तोष चौलागाईं — (ITO)
२४ कृष्ण प्रसाद अधिकारी — Consultant
२५ इन्द्रलाल न्यौपाने — ,,
२६. सूर्य ब. प्रजापति — –

DATE

निर्णय नं.१: सुनापति गाउँपालिकाको दिगो विकास लक्ष्य कार्यान्वयन समिति देहाय बमोजिम गठन गर्ने निर्णय गरियो ।

१. गा.पा. प्रमुख – संयोजक
२. गा.पा. उपप्रमुख – सदस्य उप-संयोजक
३. प्र.प्र.अ. – सदस्य
४. प्रमुखले मनोनित गरेको नीजि । नागरिक समाज २ जना मध्ये १ महिला (अनिवार्य) सदस्य
५. योजना हेर्ने शाखा प्रमुख – सदस्य सचिव

निर्णय नं.२: सुनापति गाउँपालिकाको स्थानीय विकास समस्या समाधान समिति देहाय बमोजिम गठन गर्ने निर्णय गरियो ।

१. अध्यक्ष – अध्यक्ष
२. उपाध्यक्ष – उपाध्यक्ष
३. कार्यपालिका सदस्यहरू – सदस्य
४. प्र.प्र.अ. – सदस्य
५. विषयगत शाखा प्रमुख – सदस्य
६. योजना हेर्ने शाखा – सदस्य सचिव

दिलकृष्ण थोक
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची २ : फोटो



सुनापति गाउँपालिकाको दीगो विकास लक्ष्य स्थानीयकरण योजना तर्जुमा कार्यको कार्यशाला गोष्ठी

